# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाली समाज एउटा बहुजातिय, बहुभाषिक तथा बहुसांस्कृतिक समाज हो । हिमाल, पहाड र तराईको विविधतापूर्ण भूगोल र हावापानीले नेपालको विषम पहिचान बनाएको छ । यिनै विविधतापूर्ण भूगोलमा वि.स.२०५८ सालको जनगणना अनुसार १०१ भन्दा बढी जातजाती र ९२ भाषाभाषीहरु रहेका छन् । जसमा सवभन्दा वढी जनसंख्या क्षत्री १५.८० प्रतिशत, वाहुन १२.४७ प्रतिशत, मगर ७.१४ प्रतिशत , तामाङ ६.६५ प्रतिशत, थारु ५.६४ प्रतिशत, नेवार ५.४८ प्रतिशत, मुस्लीम ४.२७ प्रतिशत, कामी ३.४९ प्रतिशत , यादव ३.४९ प्रतिशत, छन भने १ प्रतिशत भन्दा तल जनसंख्या भएका जातजाति ८३ वटा छन (CBS -2001)।

पश्चिम नेपालको कर्णाली प्रदेशमा इशापूर्व २७३ देखी २३६ तिर नै खस जाति अस्तित्वमा आईसकेको थियो । ती खसहरु एशियावाट अफगानिस्तान को खैवर भञ्ज्याङ्ग पारगरी सिन्धु उपत्यकाको वाटो छलेर वर्तमान कश्मिर उपत्यकाको वाटो कछारै कछार पश्चिम नेपाल , हालको जुम्ला जिल्लाको सिंजा उपत्यका सम्म आईपुगेका थिए (के.शी. २०६५ ) ।

खस सम्प्रदाय भित्रको प्रमुख जाति क्षत्री हाल नेपाल अधिराज्यभर नै छरिएर रहेका छन् । ३ विकासक्षेत्र, ६ अञ्चल, २१ जिल्ला, १२ नगरपालिकामा जनसंख्याको आधारमा क्षत्रीको पहिलो स्थान रहेको छ । अझ क्षत्री जातिको ९ वटा जिल्लामा त कुल जनसंख्याको ५० प्रतिशत भन्दा वढी जनसंख्या रहेको छ (स्वाभिमान, २०६८) । तर जातिहरुको वास्तविक विकास र उत्थान स्तर जाँच्ने मापनहरुमा, साक्षरता दरका आधारमा क्षत्रीहरु १७ औं स्थानमा (६०.११ प्रतिशत) रहेको देखिन्छ । यसबाट के प्रस्ट हुन्छ भने क्षत्रीको ४० प्रतिशत जनता अझै निरक्षर छन् । नेपालका बिभिन्न

जातजातिको मानव विकास सूचाङ्कलाई हेर्दा पहिलो स्थानमा तराई तथा मधेसी मुलका ब्राह्मण/क्षत्री (०.६२५), दोस्रो स्थानमा नेवार (०.६१६), तेस्रो स्थानमा ब्राह्मण (०.६१२), सबै पहाडी जनजाति सातौं स्थानमा (०.५३०), क्षत्री नवौं स्थानमा (०.५१४), दलित सोह्रौ स्थानमा (०.४४९) रहेका छन् भने समग्र नेपालको HDI ०.५०९ (UNDP – 2009)। यस तथ्याङ्कले पनि नेपालका क्षत्रीहरु आदिवासी जातिमा सूचिकृत भएका कतिपय जातिहरुको भन्दा कमजोर अवस्था रहेको कुरा प्रमाणित हुन्छ (खस क्षेत्री सन्देश , २०६६:३९) ।

नेपाली जनताको लामो संघर्ष पछि २००७ सालमा निरङ्कुश जहानिया राणाशासनको अन्त्यसगै विभिन्न जातिय सामाजिक संगठनहरुको निर्माणको ढोका खुल्यो जसको परिणाम स्वरुप वि.स. २००५ सालमा 'थारु कल्याणी सभा' को स्थापना भयो । त्यसैगरी वि.स. २०१२ सालमा 'मगर सुधार समिति' को गठन भएको थियो । सन् १९९० को जनआन्दोलनमा जातिय संगठनहरुले विविध धर्म, भाषा, जनजाति संघर्ष समितिका नामवाट सक्रिय रुपमा सहभागी भए । सातवटा जातिय संगठनहरु मिलेर सन् १९९० मा जनजाति महासंघको गठन गरे । २०५२ सालमा नेपाल सरकारले 'जनजाति उत्थान प्रतिष्ठान' कार्यदल गठन गऱ्यो । जसका आधारमा ६१ वटा आदिवासी जनजाति समूहहरु आदिवासि महासंघमा संगठित भए (खड्का, २०६६) ।

प्रजातान्त्रको पूनस्थापनाको लागी भएको २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन वाट प्राप्त अन्तरिम संविधान घोषणा भएको भोलीपल्ट अर्थात २०६३ माघ २ देखी चर्काएको मधेस आन्दोलनवाट आफ्नो मधेसी पहिचानलाई राज्यद्धारा सम्वोधन गर्न लगाई आफ्नो पहिचान स्थापित गराउन मधेसी समूदाय सफल भए । नेपाल सरकारले दलित आयोग बनाई दलितका सामाजिक, आर्थिक, राजनैतिक समस्याहरुको निराकरणका लागी पहल गर्दै उनिहरुको राज्यका हरेक अंग, तह र तप्काका समानुपातिक प्रतिनिधित्व र आरक्षणको व्यवस्था गऱ्यो । यसमा राज्यले परिभाषित गरेका जनजातिहरु पनि परे । तर क्षत्री जातिहरु नेपालको आन्तरिम संविधान २०६३ को भाग ७ धारा (४) मा तथा संविधान सभा सदस्य

निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा ‘अन्य’ को सूचीमा सूचिकृत हुन पुगे ।

प्रारम्भमा विभिन्न थर , गोत्रका खस क्षत्रीका विशुद्ध सामाजिक संगठनहरु जुन आफनो वंशावली, सगोत्री, आफ्नै प्रकारको आफ्नै विचमा पहिचान, वन्धुत्व र सहयोग विकासमा केन्द्रित थिए । जून उनीहरुले आफू आदिकाल देखी राष्ट्रको निर्माणकर्ता भएर पनि नेपालको आन्तरिम संविधान २०६३ मा ‘अन्य’ को सुचीमा सुचीकृत भएको थाहा पाए साथै क्षत्री जातिका बिरुद्ध उग्रनारा लाग्न थाले त्यसपछि वाध्य भएर आफ्नो पहिचानको रक्षाको लागी , देशको स्वभीमान रक्षाको लागी संगठित भएर आफ्नो आन्दोलन स्पष्टरुपमा अघि सारे ( क्षत्री आवाज - २०६६) ।

खस क्षत्रीहरु आफ्नो अधिकार रक्षाको लागी संगठित हुने क्रममा मुख्य रुपमा तीनवटा खस क्षत्रीहरुका संगठनहरु देखा परे जसमा : १) क्षत्री समाज नेपाल २) खस क्षत्री एकता समाज ३) क्षत्री समाज राष्ट्रिय महासंघ हुन । यी मध्ये मुख्य रुपमा क्षत्री समाज नेपालले आफ्नो जातिय पहिचान र अधिकार प्राप्तीसँग सम्वन्धीत मागहरु राज्यसँग स्पष्टरुपमा राखेर आन्दोलित भइरहेको छ ।

विधिवत रुपमा वि.स.२०५३ सालमा नेपालको पर्यटकिय सुन्दर नगरी पोखरामा ‘क्षत्री समाज नेपाल’ को स्थापना भएको हो तर पनि संगठन निर्माणमा जोड नदिएको हुनाले आफूलाई आवश्यकता अनुसार अगाडी वढाउन सकेन तर जुन नेपालको अन्तरिम संविधान २०६३ मा आफूहरुलाई राज्यले गरेको अन्याय र अत्याचारवाट मुख्यरुपमा निम्न मागहरु अघि सार्दै आन्दोलन सुरु गरे ।

१. निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गर्नु पर्ने ।
२. नेपालको अन्तरिम संविधान २०६३ मा राज्यले खस क्षत्री जातिलाई ‘अन्य’ को सुचिमा राखेकोले अन्यको सूचिवाट यथाशीघ्र हटाइनुपर्ने ।
३. खस क्षत्रीलाई आदिवासि सुचिमा सूचीकरण गरिनुपर्ने ।

४. राज्यको पुनःसंरचना जाति, भाषा, धर्मको आधारमा नगरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, स्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा गर्नु पर्ने र प्रदेशको नामाकरण साझा प्राकृतिक सम्पदाको आधारमा गरिनु पर्ने ।

५. जनसंख्याको आधारमा राज्यका हरेक अंगमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने ।

६. आरक्षणको व्यवस्था जातिय आधारमा नभई वर्गिय आधारमा गरिनुपर्ने । ( स्वाभिमान, २०६८)।

यसरी क्षत्री समाज नेपालले आफ्ना मागहरु राख्दै 'राष्ट्रिय अखण्डता र जातिय सद्भावको लागी , क्षत्री एकता आजको आवश्यकता' भन्ने मूल नाराका साथ आफ्नो आन्दोलन अगाडी बढाइरहेको छ । मुख्य रुपमा यो आन्दोलन सामाजिक जस्तो देखिए पनि समानुपातिक प्रतिनिधित्व र उनीहरुलाई आदिवासी जातिमा सूचीकृत गर्नुपर्ने विषयमा आफ्ना गतिविधि अगाडी वढाईरहेकाले यो क्षत्री समाज नेपालको आन्दोलन राजनीतिक दल निरपेक्ष र राजनीतिक मुद्धा सापेक्ष भएको प्रष्ट हुन्छ ।

## १.२ समस्याको कथन

नेपाल सामाजिक, सास्कृतिक र भौगोलीक रुपमा विविधता युक्त राष्ट्र भएपनि प्रर्याप्त मात्रामा विभिन्न जातजातिहरुको सामाजिक, सास्कृतिक, आर्थिक, राजनैतिक अवस्थाको अध्ययन हुन सकेको छैन । स्वदेशी तथा विदेशी विद्धान लगायत अनुसन्धानकर्तावाट केही जातजातिको वारेमा अध्ययन अनुसन्धान भएको भए पनि क्षत्री, वाहुन जस्ता ठूलो जनसंख्याको प्रतिनिधित्व गर्ने जातिको नगन्य रुपमा मात्र अध्ययन अनुसन्धान भएका छन् । समय अन्तरालमा खस क्षत्रीहरुको अवस्था कुन स्थितिमा गुज्रिरहेको छ ? त्यो किन र कसरी भयो ? वर्तमानमा आएर खस क्षत्री जातिले किन  पहिचानको राजनिती गर्नुपर्‍यो ? किन क्षत्री जाति हाल आएर आफ्नो पहिचान खोजी रहेको छ ? भन्ने वारेमा अनुसन्धानकर्ताहरुको अझ कम ध्यान  गएको देखिन्छ ।

नेपालमा विभिन्न समयकालमा आफ्नो जातिय पहिचानको लागी जातिय, क्षेत्रगत, भाषागत आधारमा विभिन्न संघ संस्थाहरु खोल्ने परम्परा रहदै आएको छ । उदाहरणको लागी वि. सं. १९८३ सालमा नेवार जातिहरुले 'ट्वासा पासाः' खोलेर भाषिक आन्दोलन सुरु गरे । वि.सं. २००५ मा 'थारु कल्याणकारी सभाको' स्थापना भयो । वि.सं. २००७ सालको क्रान्तीपछि 'लिम्वुवान सुधार संघ' को स्थापना भयो । त्यस्तैगरी वि.सं.२००९ मा तामाङहरुको संगठनको रुपमा 'बुद्ध धर्म संघ' को स्थापना भयो । वि.सं. २०१० सालमा ' तराई कांग्रेसको ' स्थापना भयो । वि.सं. २०१२ मा 'मगर सुधार समिति' को स्थापना, वि.सं. २०१३ मा 'नेपाल तामाङ समिति' , २०३८ मा ' किरात धर्म तथा साहित्य उत्थान प्रतिस्ठान', २०४४ मा 'सर्वजातिय अधिकार मञ्च, २०४७ मा 'नेपाल जनजाति महासंघ' , वि.सं. २०५२ मा 'जनजाति उत्थान प्रतिस्ठान कार्यदलको' स्थापना भयो (खड्का, २०६६) । ऐतिहासिक जनआन्दोलन २०६२/६३ पछाडी तिव्ररूपमा विभिन्न जातिय क्षेत्रीय पहिचानका आन्दोलनहरु अगाडी आए । मुख्य रुपमा आदिवासी जनजाति, दलित, महिला, मधेसी, पिछडिएको क्षेत्र आदिका नामवाट आफ्नो पहिचानको आन्दोलन अगाडी वढ्यो । तर २०६२/०६३ को आन्दोलन पछि मात्र, किन क्षत्रीहरु पनि संगठीत हुन पुगे ? प्राचिनतम जाति मध्येको एक र जनसंख्याको हिसाबले सबैभन्दा ठुलो जातिलाई किन पहिचानको राजनीतिमा जानु पऱ्यो ? किन बिगतमा यो पहिचानको महसुस भएन ? पहिचान बन्ने, भत्कने र पुनः बन्ने निरन्तर प्रक्रिया हो । प्राचीन इतिहास, संमृद्ध भाषा तथा संस्कृति आदि हुँदा हुँदै पनि किन क्षत्रीहरुले आफुलाई पिछडिएको, सिमान्तकृत पारिएको भन्ने भावना महसुस गर्न थाले ।

नेपालको कुल जनसंख्याको आधारमा क्षत्री जाति पहिलो स्थान, साक्षरता दर सत्रौं स्थान र गरिवीको रेखामुनी सातौ स्थान, मानव विकास सुचांकमा नवौं स्थान, विभिन्न राजनीतिक दलहरु सरकारी उच्च तहको प्रशासनिक संयन्त्रमा न्यून उपस्थिति रहेको तथ्याङ्कबाट प्रष्ट हुँदा हुँदै पनि क्षत्रीजातिलाई आरक्षणबाट बन्चित मात्र गरेको छैन, देशमा जातिय राज्यहरुको कुरा चल्दै गर्दा क्षत्री जातिलाई नेपालको

अन्तरिम संविधान २०६३ मा 'अन्य' को सूचीमा सूचिकृत गरिइको छ (क्षत्री आवाज, २०६६) ।

आदिवासीका नाममा १८७ वर्ष अघि मात्र भारतको झारखण्डवाट प्रवेश गरेको सतार जाति, ५०० वर्ष अघि मात्र तिव्वतवाट नेपाल आएको शेर्पा जाति र २५० वर्ष अघि मात्र नेपाल प्रबेश गरेको ह्यल्मो जातिहरु आदिवासीमा दर्ताहुनु तर ७,००० वर्षभन्दा बढीको इतिहास वोकेको यो देशको भूमिपूत्र राष्ट्रिय अखण्डता र जातिय सद्भावका लागी अहम भूमिका खेल्दै आएको खस क्षत्री जाति आज आत्मसम्मानको र पहिचानको लडाई लड्नुपर्ने अवस्था सृजना भएको छ (क्षत्री आवाज, २०६६) ।

यसै पृष्ठभुमिमा अनुसन्धानकर्ताले क्षत्री आन्दोलनमा केन्द्रित भएर किन बर्तमानमा आएर क्षत्रीले आफ्नो पहिचान खोजीरहेको छ ? 'क्षत्री समाज नेपाल' ले आफ्नो जातिय पहिचानको सघर्षमा आफ्ना क्रियाकलापहरु कसरी अगाडी वढाइरहेको छ ? खस क्षत्रीका मुद्धाहरुमा 'क्षत्री समाज नेपाल' को भुमिका के-कस्तो छ भनि अध्ययन अनुसान्धानको विषय वनाएको छ । बुदागत रुपमा यस अध्ययनवाट निम्न प्रश्नहरुको समाधान खोज्ने प्रयास भएको छ ।

१) 'क्षत्री समाज नेपाल' को खस क्षत्री पहिचानको आन्दोलनमा के-कस्तो भूमिका रहेको छ ?

२) 'क्षत्री समाज नेपाल' ले जातिय पहिचानको आन्दोलन किन गर्नु पर्‍यो ?

३. ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडि मात्र किन जनसँख्याको आधारमा सबै भन्दा ठूलो रहेको क्षत्रीजातिले पहिचानको राजनीति गर्नु पर्‍यो ?

४. खस क्षत्री आन्दोलनमा 'क्षत्री समाज नेपाल' ले उठाएका मुख्य मुद्धाहरु के-के रहेका छन ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य, नेपालको खस क्षत्री पहिचानको आन्दोलनमा 'क्षत्री समाज नेपालको' भूमिका पत्ता लगाउनु हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु यस प्रकार छन् ।

**विशिष्ट उद्देश्य**

क) 'क्षत्री समाज नेपाल' ले जातिय पहिचानको राजनीति गर्नका कारणहरु पत्ता लगाउने ।

ख) निर्माण प्रक्रियामा रहेको संविधान वारे, ' क्षत्री समाज नेपाल' को अवधारणा पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

नेपालमा विभिन्न किसिमका जातजातिय अध्ययन अनुसन्धान भएपनि खस क्षत्री जातिका वारेमा ज्यादै थोरै नगन्य रुपमा मात्र अध्ययन अनुसन्धान भएका छन् ।

आफ्नो जातिको जातिय पहिचानको लागि छिटफुट रुपमा ऐतिहासिक जनआन्दोलन २०४६ अगाडि केहि संघ संस्थाहरु खुलेका पाइन्छ । यो क्रम २०४६ को राजनैतिक परिवर्तन पछाडी अझ वढी मौलाएको पाइन्छ भने २०६२/०६३ को जनआन्दोलन पछाडी त झन चर्को रुपमा देखा पर्न थालेको छ । यही सन्दर्भमा खस क्षत्री जातिले पनि आफ्नो अधिकार र पहिचानको राजनीति अगाडी बढाउन संगठित भएर अवाज उठाई रहेका छन् । यो अध्ययन कस्तो खालको विशिष्ट परिस्थितीमा क्षत्री जातिले आफ्नो अधिकार र पहिचानको राजनीति अगाडी बढाउन संगठित भएर अवाज उठाई रहेका छन् । कस्तो खालको विशिष्ट परिस्थितीमा क्षत्री जातिले आफ्नो पहिचान गुमेको महसुश गरेर पहिचान खोज्यो, अधिकार र आत्मसम्मानको लडाई लड्यो भन्ने कुरा बुझ्न ज्यादै महत्वपूर्ण छ । यो अध्ययनले कस्तो खालको विशिष्ट परिस्थितीमा जातिहरुले आफ्नो पहिचान खोजि गर्दो रहेछ भन्ने कुराको सामान्यीकरण

गर्न समाजशास्त्रीहरुलाई सहयोग नै पुऱ्याउने छ । जुन समाजशास्त्रमा महत्वपूर्ण पनि छ ।

क्षत्रीहरुको ऐतिहासिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, राजनैतिक अवस्था, वसोवास, भाषा, भौगोलीक विवरण आदिले उनीहरुको पहिचानलाई झल्काउछ तर यस अवस्था एकातिर छ भने अर्को तिर नेपालको राज्य पूनरसंरचना, संविधानमा समेत ठूलो जनसंख्यालाई वेवास्ता गरिएको छ । आदिवासी जनजाति पहिचानको खोजी सहित सूचीकरण भइरहेको वेलामा खस क्षत्री पनि आदिवासि हुन कि होइनन? किन अन्तरिम संविधान २०६३ मा खस क्षत्री जातिलाई 'अन्य' को सूचीमा राखियो यसका लागी राष्ट्रिय अन्तराष्ट्रिय मान्यतासंग मेल खाने आधारहरु के-के छन् र खस क्षत्री आन्दोलनमा क्षत्री समाज नेपालको भूमिका के छ ? किन आन्दोलन गर्दैछ ? जस्ता कारणहरु पत्ता लगाउन यो महत्वपूर्ण अध्ययनको विषय समेटिएको हो ।

यो अध्ययन अनुसन्धानले नेपालको समाजशास्त्र/मानवशास्त्र लगायत अन्य प्राज्ञीक क्षेत्रमा देशको सवै भन्दा वढी जनसंख्या रहेको क्षत्री जातिको वारेमा सुचना जानकारी प्रदान गर्नेछ । मुख्य रुपमा नेपालको खस क्षत्री आन्दोलनमा 'क्षत्री समाज नेपाल' को भूमिका वारेमा अध्ययन गर्न रुची राख्ने जो कोहिलाई यो अध्ययनले सघाउ पूऱ्याउने छ । राजनीतिक निती निर्माण तहमा वस्ने योजनाकारहरुलाई समेत यस अध्ययनले महत्वपूर्ण सहयोग पूऱ्याउन सक्नेछ ।

# अध्याय - दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१ पृष्ठभूमि

जात, जातीयता, पहिचान लगायत सारा सामाजिक कुरा ऐतिहासिक रुपले बन्ने र बिग्रने कुरा हुन् । खास ऐतिहासिक प्रक्रिया अन्तर्गत यिनीहरु तिक्ष्ण बन्दछन् र खास ऐतिहासिक प्रक्रिया अन्तर्गत यिनीहर भ्रन्ते बन्दछन् । नेपालमा कति जात नयाँ बनेका छन्, कति जात राजाले दिएका छन् त कति जातैबाट च्यूत भएका छन् । तसर्थ जात बन्ने र विग्रने कुरा हो । नेपालमा २०१७ साल अगाडि तामाङ नै थिएन । फलानो फलानो जातले तामाङ लेख्नु भन्ने उर्दि नेपाल सरकारबाट जारी गरियो । यसरी तामाङ जाति एक्कासी बन्यो, अर्को उदाहरणका रुपमा नेवार जातिलाई लिन सकिन्छ । नेवारी जात भित्र अन्य जाति प्रवेश गरेका छन्, नेवार भित्र बाहुन कति छन् कति ! राजोपाध्याय, मिश्र, झा के के छन् के के । हामी तिनीलाई सांस्कृतिक रुपमा नेवार भनेर चिन्दछौं । अझ सोह्रौ शताब्दी अगाडि काठमाडौं आएर बस्ने र नेवारी बोल्ने जति सबै नेवार भएका हुन्, चाहे ती अग्रवाल हुन चाहे मिश्र (मिश्र, २०६६) ।

यस अध्यायमा मुख्य पूर्व साहित्यको समिक्षा गर्दा खस क्षत्री जाति सम्बन्धी भएका विभिन्न समाजशास्त्री/ मानवशास्त्रीका लेख, रचना, पुस्तकको अध्ययन तथा समिक्षा गरिएको छ ।

## २.२ नेपालमा भएका खस क्षत्री सम्बन्धी अध्ययनहरु

नेपालका मानवशास्त्री डोर वहादुर विष्टले खसहरुको उल्लेख गर्दै खसहरु सवै जातिय हिसावले ककेसियन भएकाले वाहुनहरुलाई क्षत्री वनाउन अरु जनजाति भन्दा सजिलो भयो खस जातिकै पेशामा संलग्न केहीलाई तल्लो जातमा खसाले भने केहीलाई ठकुरी क्षत्रीमा उकालेकाले उनीहरु आफु ठुलो भएकोमा प्रफुल्ल भए । ककेसियन शव्दवाट केकस, खस हुदै कालान्तरमा खस भनिन पूगेका

मानिसहरुलाई खसेको भन्ने अर्थ लगाएर त्यो ठुलो जनसमुदायलाई लघुतामास थोपर्न पनि सजिलो भएको थियो, ११ देखि १४ औं शताब्दी सम्म नेपालको पश्चिम देखी काश्मिर सम्मको एउटा साम्राज्य स्थापित खस समाज चटकीले रुमाल भित्र परेवा हराय जस्तै गरी हरायो (बिष्टः २०३०)।

कर्णाली प्रदेशमा लामा धर्म र हिन्दू धर्मका साथै पुरानो धामी धर्म मान्ने चलन प्रशस्त मात्रामा भएको र केही लामा देवता, केही हिन्दु देवता र खासगरी धामी र इष्टदेवता मान्दै आएका छन् । स्थानीय डाँडाकाँडा, नदीनालाका असंख्य देविदेवता र पूजाआजाको प्रचलन हेर्दा यसको पुरानो प्राकृतिक धर्म र सामाजिक अवस्थाको अड्कल काट्न सकिन्छ । बाह्रौ शताब्दीमा मुहम्मद घोरीको हमला पछि तराइका ब्राह्मणहरुको पहाड बसाइसराइले खसान लगायत कुमाउँ गढवाल लगायतका ठाउँहरुको धार्मिक परम्परा तथा जिवनशैली नै भताभुङ्ग भई यी ठाउँहरुमा हिन्दू धर्म तथा जातभातको चलन बसेको थियो (विष्ट, २०३०: १६) ।

मतवाली क्षत्रीहरु आजसम्म अपरिचित रुपमा रहदै आएका छन । जुम्लाका भेगमा ठुलो संख्यामा मतवाली क्षत्रीहरु रहदै आएका छन । मतवाली क्षत्रीहरु आस्थाका आधारमा हिन्दु हुन । तिनिहरु हिन्दु हुन भन्ने कुरा उनिहरुको क्षत्री नामाकरण वाट प्रष्ट हुन्छ । उनीहरु आफ्नै भनाई र व्राहमणका केही रितिरिवाज पालना गर्नु ले पनि उनीहरु हिन्दु हुन भन्ने कुरालाई टेवा दिन्छ । मतवाली क्षत्रीहरु अन्य क्षत्री भन्दा धैरै कुरामा फरक छन र तागाधारी क्षत्रीहरु आफुलाई प्राचिन व्राह्मण अथवा क्षत्रीयहरुका वंशज ठान्दछन र कठोर रुपमा व्राहमणका रितिरिवाज मान्दछन । जुम्ला क्षत्रीका मतवाली क्षत्रीहरु अन्य क्षत्री भन्दा फरक किसिमले समाजमा रहदै आएका छन जुन चाही उनीहरुले तोडदै आएका केही क्षत्रीहरुका नियमबाट थाहा हुन्छ । यसको एउटा उदाहरण उनीहरु ‘जनाई’ लगाउदैनन । जुन अरु क्षत्रीहरुले लगाउछन । अर्को कुरा उनीहरु जाड रक्सी र कुखुरा खाने गर्दछन भने अन्यले यसलाई नकरात्मक रुपमा लिन्छन । यहि जाड रक्सी खाने कारणले नै उनीहरुलाई मतवली क्षत्री मानिएको हो ( शर्मा : सन २००६ )

मतवाली क्षत्रीहरुलाई अन्य जातका मानिसहरुले 'खसिया' भन्दछन । यो नामले कहिले काहि तागाधारी क्षत्रीलाई पनि प्रयोग गरिन्छ । मतवाली क्षत्रीलाई कहिले काहि 'पावई' पनि भनिन्छ । जसको अर्थ ती मानिस जो पहाडका टुप्पामा सिमित कृषिजन्य उत्पादन लिएर वसेका भन्ने हुन्छ । एकै ठाउमा वसोवास गर्ने व्राहमण र मतवाली क्षत्रीहरु विचको सामाजिक र धार्मिक जीवनमा उल्लेख्य भिन्नता रहेको छ । एकै ठाउमा लामो समय देखी वसोवास गदै आएका हुनाले मतवाली क्षत्रीमा व्राहमणको प्रभाव पनि परेको पाइन्छ । जुन चाही उनीहरुले हिन्दु धर्म अवलम्बन गरेबाट प्रष्ट हुन्छ । मतवाली क्षत्रीहरु साच्चै प्राचिन ऐतिहासिक खसास (जुन मध्य एसियाको जात हो ) वाट उत्पत्ति भएका हुन । उनीहरुले आफुसंग नेपालको पश्चिम पहाडमा वसाई सराईको लामो र रमाईलो गाथा वोकेका छन । यो भनाइलाई १२ औ र १४ औ शताब्दिको मल्ल राज्यमा गरिएको 'खसाहेसा' को अभिलेखले पनि मद्धत गर्दछ । मतवाली क्षत्रीहरुलाई नेपालमा खस भनेर चिनिन्छ (शर्मा : सन् २००६ ) ।

मध्य-एशियाको 'ककेसस' वा 'ककस्' भन्ने पर्वतीय क्षेत्र खस जातिको उद्‌गम क्षेत्र मानिन्छ । सर्सती हेर्दा नेपाल भन्दा करिव पाँच हजार किलोमिटर उत्तर-पश्चिममा रहेको युरोप तथा एशिया महादेशको सीमाना रहेको 'ककस' वा 'ककेसस' नामक भू-राजनैतिक क्षेत्रसँग 'खस' जातिको अतित जोडिएको मानिन्छ । यो क्षेत्र ककेसस् पर्वतमाला रहेको क्षेत्र हो । युरोपको सबैभन्दा उच्च शिखर 'माउण्ट एल्ब्रस' यही पर्दछ । यो क्षेत्र आधुनिक टर्की, इरान र एशियाको सेरोफोरोमा रहेको भू-भाग हो । त्यस क्षेत्रबाट ऐतिहासिक कालमा पश्चिम चीन तथा भोटेली सीमावर्ती क्षेत्र हुँदै हिमवत् खण्ड तथा नेपाल प्रवेश गरी यस क्षेत्रमा बसोबास गर्दै आएको जाति भएकाले उनीहरुलाई खस भनिएको हो । 'ककेसस', 'ककस' वा 'कस्' शब्द अपभ्रंश हुँदै जाँदा 'खस' भन्ने शब्द बन्न गएको धेरै विद्वान्हरुको विश्लेषण देखिन्छ । पश्चिम एशियाको बेबिलोनियामा खसहरुलाई 'कस' भनिन्थ्यो । उनीहरुले बेबिलोनियामा लगभग साढे पाँच शताब्दिसम्म शासन गरेको पाइन्छ (अधिकारी, २०६८) ।

प्राचीन खसहरुको बसोबास क्षेत्र धेरै ठूलो देखिन्छ । खसहरुको प्राचिन थलो हिन्दुकुश पर्वतीय क्षेत्र, कुनार उपत्यका (काशगर), कास्कर, खसिस्तान, पश्चिम

कश्मीर, खासाली, काशत्वार, खसधर (सिमला पर्वतीय खण्ड) कुमाउँ, गढवाल, नेपाल, भोटाङ्गलगायतका हिमवत क्षेत्र हुन् । खसहरु वर्तमान नेपालको सम्पूर्ण भागहरुमा छरिएर रहेका छन् । तथापि उनीहरुको नेपालस्थित मुल थलो त्रिशुली नदि देखि सिन्धु नदि बिचको क्षेत्र नै हो । राजनैतिक रुपमा स्थापित खस क्षेत्रलाई 'कर्णाली प्रदेश' पनि भनिएको छ । यसले सम्पूर्ण पश्चिमाञ्चललाई बुझाउँछ । सामान्यतया खसहरुको मात्र बसोबास रहेको कारण कर्णाली प्रदेशलाई खसान भन्ने चलन पनि छ । मेची नदि पूर्व सिक्किम, भुटान, आसाम, मेधालय तथा पश्चिम म्यानमारसम्म पनि खसहरुको बस्ती देखिन्छ । खस जातिका नामबाट स्थापित थुप्रै गाउँ ठाउँहरु अफगानिस्तान, पाकिस्तान र भारतको कस्मीर, साथै पूर्व र मध्यकालमा आईपुग्दा उनीहरु गण्डकी प्रदेश र कर्णाली प्रदेशका साथसाथै केदारखण्ड, कुमाउ गढ्वाल लगायत क्षेत्र ओगटेको खसानमा अधिपत्य जमाइसकेका थिए । खस साम्राज्य स्थापनाको प्रारम्भिक पृष्ठभूमिमा राजा नागराजको चर्चा हुन्छ । पश्चिम नेपालको दुल्लुस्थित किर्तीस्तम्भले इसाको बाह्रौं शताब्दिको सुरुतिर पश्चिम भोटको गुंगे प्रान्तका खस राजा नागराजले आफ्नो राज्य स्थापना गरेको उल्लेख गरेको छ । नागराजाले जुम्लास्थित सिंञ्जा उपत्यकालाई नयाँ राजधानी बनाएका थिए । सिंञ्जा, उपत्यकालाई राजधानी बनाई नागराजले पश्चिमी भोटको सम्पूर्ण भाग र दक्षिणको पहाडि भू-भागमा आफ्नो शासन कायम गरेका थिए ( अधिकारी, २०६८) ।

John Gray ले काठमाडौं उपत्यकाको गोदावरीका क्षत्रीहरुको एक Case study गरेका छन । उनका अनुसार झट्ट हेर्दा साधारण देखिने क्षत्रीका घरहरु समेत असाधारण हुन्छन् । जसले हिन्दु क्रमबद्ध संसारलाई पुनपुष्टी गर्दछन् । त्यसैले मैले यीनिहरुलाई घरेलु मण्डला भनेको छु । क्षत्रीहरुका दैनिक क्रियाकलाप समेत घरलाई क्रमवद्ध संसार वनाउने र यसको आधारभुत सिद्धान्तलाई बुझ्ने असाधारण कार्यका रुपमा रहन्छन (Gray :2009: 257) ।

क्षत्रीहरु जीवनका चार चरणहरु रहेको मान्दछन । पहिलो चरण 'व्रहमचार्य शिष्यवास्था' हो । यो चरण किशोरावस्था हो जहा किशोरहरु गुरुको संरक्षकत्वमा धार्मिक पुस्तकहरु अध्ययन गर्दछन जसले उनीहरुलाई पारिवारिक जीवन जीउन तयार

वनाउछ । यस चरणमा किशोरहरुको कष्टपुर्ण जीवन विताउछन र भिक्षा मागेर खान्छन । अधिकाशं क्षत्री किशोरहरु व्रहमचार्यको चरण व्रतवन्ध मानिने धार्मिक कर्म पछि पुरा हुन्छ । दोस्रो चरण 'गृहस्थ' हो । यस चरणमा क्षत्री महिला र पुरुषले भिन्न भिन्न मानिस र वस्तु संग व्यवहारिक र दैनिक प्रयोजनमा केन्द्रित भएर सम्बन्ध स्थापित गर्दछन । यस चरणले विवाह , सन्तानोत्पादन गर्ने , पारिवारमा वस्ने र परिवारका सदस्यको भौतिक आवश्यकता पुरा गर्ने कुरा समेत समेट्छ । तेस्रो चरण 'वनप्रस्त' हो । यस चरणमा पारिवारिक दायित्वहरु वाट मुक्त भई क्षत्री महिला पुरुष वनमा गई आत्मशुद्धि कायम राख्दै ध्यानमा लाग्दछन । चौथो अथवा अन्तिम र अत्यान्तै महत्वपुर्ण चरण 'सन्यासी' को तयारी हो । यस चरणमा व्यक्तिले सवै सांसारिक चाहाना र सामाजिक सम्बन्धलाई त्यागदछ (Gray : 2009) ।

खस जाति नेपालको एक सु-विख्यात लडाकु र वीरजाति हो जो नेपाल, सिक्किम, भूटान, कुमाउ, गढवाल, काँगडासम्म व्याप्त रह्यो र हालसम्म त्यहि स्थिति रहेको छ (के.शी. २०६३:३) । संयोग नै भन्नु पऱ्यो यस जाति र यसको राज्य केन्द्र प्राचीन काल देखी नै नेपाल रह्यो । जसको फलस्वरुप यो देश नै खस देशले सम्वोधित हुन पुग्यो । यस जातिको राज्य शासन गान्धार, मादक, मत्स्य र त्रिर्गतमा समेत भएको पाइन्छ (के.शी.२०६३:३) । खस जाति एक ज्यादै प्राचीन जातिमा पर्दछ । यस जातिको चर्चा ई.पू. ३००० देखि नै सुरु भएको पाइन्छ भने यस जातिको लिपीको प्रचलन ३००० वर्ष ई.पू. तिर नै चलिसकेको पाइन्छ । जुन लिपीको अध्ययन मनन्ले खस जाति, खस साम्राज्य, खस राजाहरुको नाम, शासन काल , राज्य व्यवस्था, खस भाषा र खस जातिका देवीदेवताका सन्दर्भमा महत्वपूर्ण जानकारी पाउन सकिन्छ (इन्साइकोपेडियन,ब्रिटानिका-उद्धत अधिकारी २०६१:१०) ।

यहाँ स्पष्ट हुनुपर्ने के जरुरी छ भने कस जाति नै अन्ततः खस जाति थिए । यसलाई विश्व प्रशिद्ध ज्ञान कोष (Encyclopaedia Britanica) लाई उद्धत गर्दै खस अधिराज्य शिर्षकमा विद्यावारिधि गर्ने विद्धान सूयमणि अधिकारी लेख्नु हुन्छ - खस जातिको पूर्व परायणका पदचिन्ह पहिल्याउदै जादा नेपालको क्रमशः पश्चिम तर्फ कुमाउँ, गढवाल, काश्मीर, वल्टिका (बडा खसान वा हिन्दुकुश) इरान र

इरानको सीमानामा पर्ने खशिस्तान (Khuzestan) हुदै वेवीलोनियाको कस्साइट (Kassite) साम्राज्यसम्म पूग्नुपर्ने देखीएको छ । पश्चिमेशियामा खसलाई 'कस' भनिन्थ्यो । अंग्रेजहरुले हित्ति जातिलाई हिट्टाइट्स (Hittites) अभोर जातिलाई अभोराइट्स (Amorites) भने जस्तै कसहरुलाई कस्साइट्स (Kassites) भनेर लेख्ने गर्दछन । कस वा कस्साइट्स खस जातिकै प्राचिन नाम हुन । पश्चिमेशियाका कश्यप सागर (Caspian Sea) र ककेसस पर्वतका नाम पनि कस जातिसँग सम्वन्धीत जस्ता लाग्दछन् ।कस शव्द कालान्तरमा 'खश' उच्चारीत हुन थाल्यो । पश्चिमेशीयामा छँदा नै कसहरु लडाकु विजेता जातिका रुपमा विख्यात भइसकेको बुझीन्छ (अधिकारी २०६१:२०) ।

शरदचन्द्र शर्मा (२०४५), आफ्नो पुस्तक नेपाल र यसका बासिन्दामा लेख्छन्, प्राचिन खसहरु आर्यमुलकै मानिस थिए । उनीहरु भारत खण्डको सिन्धु गंगाको मैदान तिर नलागी मध्य एशियाबाट पहाडै पहाडको बाटो भएर काश्मिर, कांगडा, गढवाल, कुमाउतिर महाकाली नदी तरेर नेपाल भित्र पसेका थिए । आचार विचार नमिल्ने हुँदा गंगा मैदानका हिन्दु, आर्यहरु पहाडका खस आर्यहरुलाई 'ब्रात्य' भनि हेला गर्दथे । बाह्रौ/तेह्रौ शताब्दी तिर दक्षिणबाट पहाड उक्लेका मैदानी हिन्दु आर्य जातिका ब्राह्मण, राजपुत समेत खस भूमि (खसान) मा प्रवशे गरेपछि उनीहरुबाट प्रभावित भएर पुराना खसहरु पनि धर्म, विचार व्यवहारमा बदलिन थाले र खस नाममा हिनताबोध गरी सो नाम छाड्दै गए । रैथाने खस र पछि यस भेगमा आएका ब्राह्मण बिचमा वैवाहिक सम्बन्ध हुन थालेपछि अनेक प्रकारका उपजात जन्मिए । तर नवआगन्तुक हिन्दुहरुको सम्पर्कमा नआएका खसहरु आफ्नो पुरानो परम्परालाई अँगाल्दै आएका छन् । सुदूरपश्चिमको पहाडि क्षेत्रमा बस्ने मतवाली क्षत्रीहरु यसको उदाहरण हुन् भनि उल्लेख गरेका छन् ।

खसहरुको अनुसन्धान गरेका राजाराम सुवेदीका अनुसार यो खस जाति नेपालको प्राचिन जाति रहेको जो ज्यादै साहसमय र अनुसन्देय मानिदै आएको छ । नेपाल, कुमाउ, गढवाल, कांगडासम्म फैलिएको जाति खस मात्रै हो यस जातिको राज्यकेन्द्र पनि प्राचिन समयदेखी यही हो । त्यसैले नेपाललाई खस देश भन्ने कुरा

उल्लेख गरेको पाइन्छ (सुवेदी :२०५६:१०१) । विक्रमको बाह्रौ शताव्दीको मध्यतिर जुम्लाको सिञ्जा उपत्यकालाई राजधानी वनाई नागराजले पश्चिम नेपालमा खस अधिराज्यको स्थापना गरेका थिए । नागराज पछि चापराज, चापिश्ल, काशचल्ल र काधिचल्ल राजा भएका थिए । काधिचल्लका छोरा काचल्लाका पालाक देखि खस राज्यको अभिलेख प्राप्त भएका छन । कुमाउको वलेश्वर मन्दिरमा संस्कृत भाषामा लेखीएको एउटा ताम्रपत्र भेटिएको छ । कशचल्लले वि.स.१२८० मा कुमाउ विजय गरेका थिए (अधिकारी : २०६१) ।

नेपाली भाषाको पूरानो नाम खस भाषा थियो । जुम्ला, बझाङ र जाजरकोट तिर मतवाली क्षत्रीहरुका ठूलठूला गाउँहरु छन् । जुम्ला तिर मतवाली क्षत्रीलाई 'पावई खस' भन्ने चलन छ । यज्ञोपवित (जनै) धारण गरी तागाधारी वनेका थापा, खड्का, बस्नेत, बुढाथोकी, महत, महतरा आदिलाई खस क्षत्री भनिन्छ । राज्य सत्ता प्राप्त गरेका खसहरु ठकुरी बन्ने चलन मध्यकालमा समेत थियो । पूर्व प्रयाणको क्रममा पूर्व मध्यकालमा केदारखण्डलगायत कर्णाली तथा गण्डकी प्रदेशमा खस जातिको आधिपत्य कायम हुन गयो । यसको एउटा प्रमुख परिणती खस साम्राज्य स्थापना थियो । नेपालको सामाजिक इतिहासको अध्ययनमा मतवाली क्षेत्री (पावई खस) हरुको विशिष्ट स्थान छ । पाखा-पखेरामा बस्ने हुनाले उनीहरुलाई 'पावई' भनिएको हो । यिनीहरु आफूलाई खस नभनीकन क्षत्री भन्न मन पराउँछन् । यिनीहरु जनै लगाउँदैनन् र परम्परा देखि नै मदिरा सेवन गर्न स्वतन्त्र छन् । यसर्थ यिनीहरुलाई मतवाली क्षत्री भनिन्छ । यिनीहरुका रितिस्थिति हिन्दु परम्पराबाट बढी प्रभावित छन् तापनि ब्राह्मण पुरोहितको आवश्यकता ठान्दैनन् । यिनी अपरिवर्तित मतवाली क्षत्री अथवा पावई-खस नै प्राचीन खस जातिका विशुद्ध अवशेष मानिन्छन् (अधिकारी, २०६१) ।

अहिले भेटिने खशिस्तान, बडाखशान, हिन्दूकुश, काशगर, काश्मीर, खशाल, खशमण्डल, खशान आदि भौगोलिक नामले खस समुदायका पूर्व प्रमाणका पदचिन्ह दर्शाउँछन् । खसहरु आर्य भए पनि वैदिक आर्य होइनन् । यिनीहरु इसापूर्व प्रथम सहस्राब्दीतिर भारतवर्षमा प्रवेश गरेका थिए र इशाको पाँचौ शताब्दीतिर पश्चिम नेपालमा प्रवेश गर्न थालेका थिए । बाह्रौं शताब्दीको प्रारम्भतिर 'नागराजले'

सिञ्जालाई खस साम्राज्यको राजधानी बनाए । खस साम्राज्य पन्ध्रौं शताब्दीको प्रारम्भसम्म लगभग तीनसय वर्ष अस्तित्वमा रह्यो । नागराज, क्राचल्ल, अशोक चल्ल, जितारिमल्ल, रिपुमल्ल, आदित्यमल्ल, पुण्यमल्ल र पृथ्वीमल्ल जस्ता प्रतापी राजाहरुले खस साम्राज्यको गौरव बढाए । पृथ्वीमल्लको राज्यकाल (वि.सं. १३९५-१४१५) खस साम्राज्यको इतिहासमा उत्कर्ष र अवसानको दोसाँध (संक्रमणकाल) मानिएको छ । पृथ्वी मल्लका अन्तिम समयतिर विखण्डित हुन थालेको खस साम्राज्य 'मलयवर्मा' का राज्यकाल (विंसं. १४३५-१४४६) पछि पुरै बिलायो । यसप्रकार एउटा गौरवशाली साम्राज्य इतिहासको गर्तमा विलिन भए तापनि, नेपाली समाज र राजनीतिमा यसको अमिट र दुरगामी प्रभाव परेको छ (अधिकारी, २०६१) ।

## २.३ निष्कर्ष

पूर्व साहित्यको विवेचना गर्दा के देख्न सकिन्छ भने हालसम्म भएका अध्ययनहरुले खस क्षत्रीको आगमन, इतिहास, मतवालि क्षत्री र तागाधरी क्षत्री बीचको अन्तरसम्बन्ध, वास्तविकता, धर्म, संस्कृति, घरको वनौट, वासस्थान आदि बारेमा मात्र अध्ययन अनुसन्धान भएका छन् । तर समय क्रममा वर्तमान अवस्थासम्म आइ पुग्दा खस क्षत्रीको सम्पूर्ण पक्षको अवस्था कस्तो रहेको छ । आधुनिक राज्यमा उसको स्थिति कस्तो छ । उसको पहिचान र आत्मसम्मान गर्ने आधारहरु कस्ता कस्ता छन् भन्ने बारेमा अध्ययन अनुसन्धान भएका छैनन्, प्रस्तुत अध्ययनमा क्षत्रीहरुको वर्तमान अवस्था, पहिचान र आत्मसम्मानको राजनीति खस क्षत्रीहरुले किन गर्नु पऱ्यो यसमा क्षत्री समाज नेपालको के भूमिका भन्ने कुरामा केन्द्रित छ ।

# अध्याय - तीन
# अनुसन्धान विधि

## ३.१ पृष्ठभूमि

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइएका विभिन्न विधि, तरिका आदिको वारेमा चर्चा गरिएको छ । यस अध्यायले अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्याङ्क संकलनका साधन, विधि र अध्ययनको सिमालाई समेटेको छ ।

## ३.२ अनुसन्धान ढाँचा

अध्ययन अनुसन्धानले कुनै पनि विषय वा समस्याका वारेमा विस्तृत जानकारीगराई निश्चित निष्कर्षमा पूग्न मद्दत गर्दछ । अध्ययन अनुसन्धानवाट अपेक्षित उद्देश्य पुरा गर्न निश्चित विधि तथा प्रक्रियाको अवलम्वन गर्नु पर्दछ । प्राचिनतम इतिहास वोकेको, संमृद्ध भाषा, संस्कार, रितीरीवाज, पहिचान भएर पनि जनसंख्याको आधारमा सवैभन्दा ठुलो जाति खस क्षत्रीले किन ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडी जातिय पहिचानको संघर्ष गर्नु पऱ्यो । कुन अवस्थाको सृजनाले गर्दा आत्मसम्मानमा चोट परेको महसुस गऱ्यो, कस्तो विशिष्ट परिस्थितीमा जातिहरुले आफ्नो पहिचान खाज्दोरहेछ, निर्माण प्रक्रियामा रहेको संविधानमा 'क्षत्री समाज नेपालको' के धारणा रहेको छ, कस्तो भूमिका खेलिरहेको छ भन्ने जस्ता महत्वपूर्ण कुराहरुलाई खोजमुलक, विवरणात्मक र वणनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ नमुना छनौट

यो अध्ययन मुख्य रुपमा 'क्षत्री समाज नेपाल' केन्द्रीय कार्य समिति सँग सिमित रहनेछ । यो संगठन नेपालका सम्पूर्ण क्षत्रीहरुको प्रतिनिधित्व भएको संगठन हो । वर्तमानमा केन्द्रमा काम गर्न सहज होस भनेर काठमाडौंको कलंकीमा

यसको सम्पर्क कार्यालयको स्थापना भएको छ । क्षत्री समाज नेपालको जम्मा २५ जनाको केन्द्रीय कार्य समिती रहेको छ । 'क्षत्री समाज नेपाल' केन्द्रीय कार्य समिति, देशभरिका सम्पूर्ण क्षत्रीहरुको वारेमा सरोकार राख्ने संगठन भएकाले यसलाई नै अध्ययन क्षेत्र छनौट गरिएको हो । २५ सदस्य केन्द्रीय कार्यसमितिवाट सवै क्षत्री समुदायको प्रतिनिधित्व हुने गरी समितिका २५ जना सदस्यहरुलाई छनौट गरि प्रत्येक पदाधिकारीलाई आवश्यकता अनुसार तयार पारिएका प्रश्नावली तथा अर्न्तवार्ताका आधारमा अनुसन्धानकार्य अगाडी बढाई आवश्यक पर्ने विभिन्न प्रकृतिका सुचना संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत र प्रकृति

### ३.४.१ प्राथामिक तथ्याङ्क

अनुसन्धानलाई यथार्थपरक र प्रमाणिक बनाउने सवैभन्दा महत्वपूर्ण तथ्याङ्क भनेकै प्राथामिक तथ्याङ्क हो । यस अध्ययनमा अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्र (क्षत्री समाज नेपालको केन्द्रीय कार्यालय) मा गई विभिन्न प्राथमिक तथ्याङ्क संकलनका साधनहरु (प्रश्नावली, अर्न्तवार्ता) प्रयोगगरी आवश्यक प्राथामिक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्धितीयक तथ्याङ्क

प्राथामिक तथ्याङ्कवाट मात्र अनुसन्धान सम्पूर्ण रुपमा प्रयाप्त हुदैन । अनुसन्धान लागी महत्वपूर्ण तथ्यहरु द्धितियक तथ्याङ्कबाट पनि प्राप्त गर्न सकिन्छ । यस अध्ययनमा द्धितीय तथ्याङ्कका स्रोत अन्तर्गत प्राज्ञिक लेख, रचना, खस क्षत्री सम्वन्धी लेख रचना, पत्रपत्रिका, राष्ट्रिय दैनिक, साप्ताहिकहरु, तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०५८ का सम्वन्धीत तथ्याङ्कहरु, खस क्षत्री सम्वन्धी ऐतिहासिक कृतिहरु रहेका छन् ।

यस अध्ययनमा गुणात्मक र मात्रात्मक दुवै प्रकृतिका तथ्याङ्कको पनि प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका साधन

यस अध्ययन अनुसन्धानमा तथ्याङ्क संकलनका क्रममा निम्न साधनहरुको प्रयोग गरिएको छ :-

### ३.५.१ प्रश्नावली

यस अन्तर्गत अध्ययनका लागी आवश्यक पर्ने तथ्य र तथ्याङ्क संकलन गर्न उपयूक्त खालका विभिन्न प्रश्नावलीहरु तयार गरी 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरु सँग विवरण लिइएको छ । अध्ययनको क्रममा तयार पारिएका प्रश्नावलीवाट खस क्षत्रीको पहिचान, आन्दोलन गर्नुको कारण खस क्षत्री जातिको जातिय पहिचानको राजनितिमा 'क्षत्री समाज नेपालको' भूमिका, निर्माण प्रक्रियामा रहेको संविधान वारेको अवधारणा को वारेमा सत्य तथ्य जानकारी, विवरण लिइएको छ ।

### ३.५.२ अर्न्तवार्ता

अध्ययन क्षेत्र (क्षत्री समाज नेपालको कार्यालय) मा गएर समाजका पदाधिकारी र सदस्यहरुलाई वन्द र खुल्ला प्रकृतिका प्रश्नहरु मार्फत अर्न्तवार्ता लिइएको छ । अर्न्तवार्तामा मुख्य रुपमा खुल्ला प्रकृतिका प्रश्नहरु वढी भएकाले रेकडिङको व्यवस्था समेत गरेर आवश्यक सम्पुर्ण प्रश्न गर्दै उत्तरदातावाट तथ्याङ्क संकलन गरिएको छ । अर्न्तवार्ता मुख्य रुपमा, क्षत्री जातिले पहिचानको राजनीति गर्नु पर्ने अवस्था कसरी सृजना भयो, क्षत्री जातिका पहिचानका आधारहरु के-के छन्, यो जातिय पहिचान र आत्मसम्मानको आन्दोलनमा क्षत्री समाज नेपालको के भुमिका छ, निर्माण प्रकृयामा रहेको संविधानमा यो क्षत्री समाज नेपालको कस्तो धारणा छ भने कुरामा केन्द्रित छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानको सफलता, संकलन गरिएका तथ्याङ्कको प्रभावकारी प्रस्तुतीकरण र विश्लेषणमा भर पर्दछ । अध्ययनको क्रममा प्राथमिक र द्वितीय स्रोतको आधारमा संकलन गरिएका तथ्याङ्कलाई आवश्यकता अनुसार विभिन्न तालिका द्वारा प्रस्तुत गरिएको छ । खासगरि गुणात्मक प्रकृतिका तथ्याङ्क सुचनाहरुलाई व्याख्यात्मक र वर्णनात्मक विधिवाट विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सिमा

कुनै पनि अध्ययनको निश्चित सिमा हुन्छ । यो अध्ययन मुख्य रुपमा नेपालको खस क्षत्री आन्दोलनमा 'क्षत्री समाज नेपाल' को भुमिका पत्ता लगाउन साथै कस्तो खालको विशिष्ट परिस्थिती सृजना भएर खस क्षत्रीहरुले आफ्नो जातिय पहिचान खोजी गर्न थाले भन्ने कुरा पत्ता लगाउनुमा सिमित छ । यसका साथै निर्माण प्रक्रियामा रहेको संविधान वारे 'क्षत्री समाज नेपाल' को धारणा कस्तो रहेको छ भन्ने कुरामा केन्द्रित छ । सिमित समय, स्रोत र साधनलाई केन्द्रविन्दुमा राखेर यो अध्ययन, अनुसन्धान गरिएकोले खस क्षत्री वाहेक अरु जातजातिको वारेमा खासै उल्लेख गरिएको छैन ।

# अध्याय - चार

# तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

## ४.१ पृष्ठभूमि

यस अध्यायमा मुख्य रुपमा जातिय पहिचानको राजनीतिमा क्षत्री समाज नेपालका सम्बन्धमा अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कहरुको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

## ४.२ 'क्षत्री समाज नेपाल'

### ४.२.१ परिचय

खस क्षत्रीका संगठनहरु प्रारम्भमा जातीय आन्दोलनका लागि संगठित भएका थिएनन् । प्रारम्भमा विभिन्न थरका खस क्षत्रीहरुका संगठन विशुद्ध सामाजिक संगठनका रुपमा स्थापित भएका थिए र उनीहरु आफू आफूमा बन्धुत्वको विकास र पहिचान बढाउने लक्ष्य र गतिविधिमा सिमित थिए । आ-आफ्नो सगोत्री थरका खस क्षत्रीहरु आफ्नै प्रकारले आफ्नै बिचमा पहिचान, बन्धुत्व र सहयोग विकासमा लाग्दा त्यस बेला उनीहरुको प्राथमिकतामा आ-आफ्नै वंशावली खोजवीन गर्ने र तयार गर्ने कुरा परेका थिए । यस क्रममा अगाडि बढ्दा सगोत्री वाहेक अन्य खस क्षत्रीहरुको सहयोग आवश्यक पर्न थाल्यो किनकी आ-आफ्नै प्रकारले तयार पारेका वंशावलीमा अनेक कमीकमजोरी देखा पर्न थाले । आ-आफ्नोबीचमा जेलिएर रहेका कतिपय जातीय सम्बन्धहरु पनि त्यसता वंशावलीमा स्पष्टसँग आउन सकेनन् । कतिपय खस क्षत्रीहरुले त आफ्नो खस जातीय पहिचान समेत नकारिरहेको अवस्थासमेत देखा पऱ्यो । खस क्षत्रीका बीचमा यस्तो मतान्तरलाई सुल्झाउनका लागि एउटा समन्वयकारी संयन्त्रको आवश्यकता महशुस भएर र संस्था दर्ता ऐन २०३४ अन्तर्गत, जिल्ला प्रकाशन कार्यालय - कास्कीमा २०५३ सालमा, विशुद्ध सामाजिक संगठनको रुपमा 'क्षत्री समाज नेपाल' को स्थापना भएको देखिन्छ ।

'क्षत्री समाज नेपाल' का केन्द्रिय महासचिव श्री कुमार खड्काज्यूका अनुसार ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडि जाति, भाषा र धर्मका कुराहरु राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डता भन्दा महत्वपूर्ण बनाइएकाले साथै क्षत्री जातिको पहिचान र आत्मसम्मानमा नै ठूलो चोट पुऱ्याएकोले यी सम्पूर्ण कुरा रोक्न एउटा 'प्लेट फम' को आवश्यकता परेकोले क्षत्री समाज नेपाल अझ बढी सक्रिय भएको बताउनु हुन्छ । 'क्षत्री समाज नेपाल' झट्ट हेर्दा राजनीतिक संगठन जस्तो देखिए पनि यो एउटा सामाजिक संगठन हो । यो समाज, राजनीतिक दल निरपेक्ष तर राजनीतिक मुद्दा सापेक्ष छ । राजनीतिक रुपमा कुनै पनि दलसँग नजिक र टाढाको सम्बन्ध राख्दैन ।

क्षत्री समाज नेपालका केन्द्रीय अध्यक्ष डा. दिलबहादुर क्षत्री भन्नुहुन्छ वास्तवमा, २०६२/०६३ को जन आन्दोलन पश्चात् मुलुकमा आम नेपालीले सोचेजस्तो आत्मीयता, सदियौं देखि कायम रहेको जातिय सद्भाव, सह-अस्तित्व एवं सहिष्णुता र समन्वयात्मक संस्कार संस्कृति मै खलल पुग्ने हो कि भन्ने त्रासपूर्ण स्थिति सिर्जना भएको अनुभूति भएर, साझा फुलवारीका रुपमा विद्यमान अखण्ड मुलुक भित्र विकसित उपर्युक्त परिवेशमा राष्ट्रिय अस्मितालाई बचाउँन र नेपालीभित्रको नमुनामुलक जातीय मेलमिलापको अवस्थालाई चिरस्थायी बनाई यहाँका सबै जातजातिका मानिसहरुको साझा अस्तित्व कायम राखीराख्नका लागि 'जातीय सद्भाव र राष्ट्रिय अखण्डता' को मुल नारा लिई 'क्षत्री समाज नेपाल' आफ्नो संगठन विस्तार द्रुत गतिले अगाडि बढाई आफ्नो जातीय पहिचान र आत्मसम्मानको लडाई लडिरहेको भन्नु हुन्छ ।

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडि, अन्तरिम संविधान २०६३ मा नै खस क्षत्री जाति 'अन्य' को सूचीमा परेर पहिचान र आत्मसम्मानमा नै चोट परेको कारणले आफ्नो पहिचानतको र आत्मसम्मानको राजनीतिमा 'क्षत्री समाज नेपाल' केन्द्रित भएको देखिन्छ । 'क्षत्री समाज नेपाल' को "राष्ट्रिय अखण्डता र जातीय सदभावका निम्ति, क्षत्री एकता आजको आवश्यकता" भन्ने मुल नारा रहेको छ । 'क्षत्री समाज नेपाल' सबै जातिले बराबर अधिकार पाउनुपर्ने, कुनै पनि जातिलाई एक इन्च

पनि घटी बढी अधिकार दिन नहुने र सबै जातिले समान अधिकार प्राप्त गरेपछि जातीय सदभाव कायम गर्न सजिलो हुने धारणा राख्दछ । मुख्य रुपमा यो समाजको आन्दोलन तीन वटा मुद्दामा केन्द्रित देखिन्छ । पहिलो संविधान निर्माणका मुद्दा दोस्रो सर्वजातीय सद्भावका मुद्दा र तेस्रो क्षत्री जातिका आफ्ना हक र अधिकारका मुद्दा ।

### ४.२.२ 'क्षत्री समाज नेपाल' को उद्देश्यहरु

क्षत्री समाज नेपालको विधान, २०६५ अनुसार क्षत्री समाज नेपालको निम्न उद्देश्यहरु रहेका छन् ।

क) क्षत्रीय वंशको इतिहास, संस्कृति, कर्म, योगदान, आदिको ऐतिहासिक तथा भौगोलिक विवरणहरुको अन्वेषण, संकलन, लेखन र प्रकाशन गरी अभिलेख तयार गर्ने ।

ख) क्षत्री जातिको सामाजिक रीतिस्थिति, परम्परा, धर्म कर्म आदिको विषयमा सामाजस्यता कायम गर्ने, अनुकरणयोग्य परम्परालाई अनुकरण गरी अन्य परम्परालाई संस्कृतिमा असर नपर्ने गरी समय सापेक्ष बनाउने ।

ग) सामाजिक कुरिती र विकृति हटाई उदाहरणीय समाजको निर्माण गर्ने ।

घ) सामाजिक, राष्ट्रिय हित सम्बन्धी कार्य गर्ने ।

ङ) क्षत्रीहरुबीच कल्याणकारी कार्य गर्न 'क्षत्री कल्याण कोष' को स्थापना र संचालन गर्ने ।

च) क्षत्रीय वंशका सन्तानहरुमा भातृत्व र भगिनित्वको सम्बन्ध विकास गर्ने ।

छ) राष्ट्रको कुनै पनि क्षेत्रमा अतुलनिय योगदान गर्ने क्षत्री कुलका सन्ततीहरुलाई सम्मान, अभिन्दन, पुरस्कृत गर्ने ।

ज) आर्थिक, शैक्षिक र सामाजिक रुपले कमजोर क्षत्रीहरुको सवलीकरणको लागि प्रयास गर्ने ।

झ) राष्ट्रिय अखण्डता र एकता प्रति सजग भई पहरेदारको भूमिका खेल्ने ।

ञ)	जातीय सदभाव र सहअस्तित्व कायम गरी उन्नत राष्ट्र निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने (क्षत्री समाज नेपालको विधान, २०६५) ।

### ४.२.३ सदस्यता

हालसम्म (२०६८/०२/२५), ६३ वटा जिल्लामा संगठन रहेको 'क्षत्री समाज नेपाल' को **सदस्यता प्राप्त गर्ने आधार** निम्न अनुसार छन् :

मानवीय मुल्य र मान्यताप्रति संवेदनशिल, राष्ट्रिय अखण्डता र एकता प्रति समर्पित, १८ वर्ष उमेर पुगिसकेका व्यक्तिहरु विधान अनुसारको सदस्यता लिई तोकेबमोजिमको शपथ ग्रहण गर्ने क्षत्री जातिका सन्ततीहरु यस समाजको सदस्य बन्न पाउने छन् । सदस्यताका किसिमहरु निम्न अनुसार रहेका छन् ।

**क)** **साधारण सदस्य** : योग्यता पुगेका साधारण सदस्यहरुले प्रवेश शुल्क रु. १२५।- (एक सय पच्चीस) तिरी सदस्यता लिन सक्नेछन् । यस्तो सदस्यले प्रत्येक वर्ष साधारण सभा वर्ण नविकरण गरी सक्नुपर्नेछ । नविकरण शुल्क रु. १००।- (एक सय) लाग्नेछ । साधारण सदस्यता प्रारम्भिक समाजले मात्र प्रदान गर्न सक्ने व्यवस्था रहेको छ ।

**ख)** **आजिवन सदस्य** : रु. १०२५।- (एक हजार पच्चीस) शुल्क तिरी समाजको आजिवन सदस्य बन्न सकिनेछ । जसमध्ये रु. २५।- (पच्चीस) प्रवेश शुल्क रु. १०००।- (एक हजार) आजिवन सदस्यता वापत हुनेछ । आजिवन सदस्यता केन्द्रीय समितिले मात्र दिन सक्ने व्यवस्था रहेको छ ।

**ग)** **संस्थापक सदस्य** : 'क्षत्री समाज नेपाल' को स्थापनामा महत्वपूर्ण भूमिका खेल्ने वि.सं. २०५३ र २०५५ मा रहेको केन्द्रीय समिति, सल्लाहकार समिति, संरक्षक रहनु हुने सम्पूर्णलाई संस्थापक सदस्य मानिनेछ (क्षत्री समाज नेपालको विधान, २०६५) ।

हालसम्म (२०६८/०२/२५) 'क्षत्री समाज नेपाल' मा आवद्ध सदस्यको संख्या तीन लाख पच्चीस हजार रहेको छ । समाजको संगठनात्मक संरचनामा प्रारम्भिक, नगर जिल्ला, क्षेत्रीय र केन्द्रीय तह रहेको छ भने प्रत्येक तह (समाज) मा ३३ प्रतिशत महिला समावेश अनिवार्य हुनुपर्छ । प्रारम्भिक समाज, नगरसमाज र जिल्लासमाजको २ वर्ष, क्षेत्रीय समाजको ३ वर्ष र केन्द्रीय समाजको ४ वर्षको पदावधि हुन्छ ।

वर्तमानसम्म आईपुग्दा क्षत्री युवा समाज, क्षत्री महिला समाज, क्षत्री विद्यार्थी समाज, क्षत्री वुद्धिजिवी समाज, क्षत्री भूतपूर्व सैनिक समाज, क्षत्री पत्रकार समाज, क्षत्री कलाकार समाज, क्षत्री उद्योग व्यवसायी समाज, क्षत्री मजदुर समाज, क्षत्री होटल व्यवसायी समाज जस्ता भातृ समाजहरु गठन भई सकेका छन् भने २२ वटा अन्य मुलुकमा पनि यसले संगठन विस्तार भइसकेको छ (अर्न्तवार्ता, २०६८ मा आधारित) ।

### ४.२.४ आर्थिक पक्ष

'क्षत्री समाज नेपाल' को आर्थिक पक्षलाई हेर्दा, समाजका दुई वटा कोष रहेका छन् एउटा अक्षय कोष र अर्को साधारण कोष, अक्षय कोषमा आजिवन सदस्यता वापत प्राप्त रकमको ९० प्रतिशत रकम र चन्दाबाट प्राप्त रकम जम्मा हुन्छ । विशेष परिस्थिति बाहेक यस कोषको ब्याज मात्र केन्द्रीय समितिले प्रयोग गर्न सक्छ । साधारण कोषमा, साधारण सदस्यता वापत प्राप्त रकम, सहयोग, नेपाल सरकार तथा विभिन्न संघ, संस्था, व्यक्तिबाट प्राप्त सहयोग समाजको चल अचल सम्पत्तिबाट उठेको रकम यस कोषमा जम्मा हुन्छ । साथै आजिवन सदस्यताबाट प्राप्त १० प्रतिशत रकम पनि साधारण कोषमा जम्मा हुन्छ । क्षत्री संग्राहालय, पुस्तकालय, शहीद-स्मृति कक्ष, केन्द्रीय कार्यालय, गरिव विद्यार्थीका लागि छात्रवृत्ति, निःशुल्क क्लिनिक, एम्बुलेन्स र शववाहन संचालनको उद्देश्य राखेर पोखरा प्रदर्शनी केन्द्र नयाँबजारमा २०६६ जेष्ठ ११ गतेबाट जेष्ठ २१ गतेसम्म संचालित महायज्ञबाट रु. ६,५०,१४,४४४।- संकलन भएको थियो । हाल यस समाजको पोखराको नयाँबजारमा २ रोपनी ६ आना क्षेत्रफलभित्र निर्माण भएको २ तल्ला पक्की घर, २ करोड १० लाखमा केन्द्रीय कार्यालय प्रयोजनको लागि खरिद गरेको छ । त्यस्तै ११ रोपनी जग्गा पोखरा उप-महानगरपालिका भित्र, ६७ रोपनी जग्गा पोखराको सराङ्गकोटमा, ३ रोपनी लेखनाथ नगरपालिका, कास्की जिल्लामा दान स्वरुप 'क्षत्री समाज नेपाल' लाई प्राप्त भएका छन् (अर्न्तवार्तामा आधारित) ।

### ४.२.५ आन्दोलनका मागहरु

वर्तमान (२०६२/६३ पछाडि) मा आएर 'क्षत्री समाज नेपाल' ले राज्यसँग निम्न मागहरु राखी आन्दोलन अघि बढाइरहेको छ ।

क) निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गर्नुपर्ने ।

ख) राज्यको पुनसंरचना जाति, भाषा, धर्मको आधारमा नगरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, श्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा गर्नु पर्ने तथा प्रदेशको नामाकरण साझा प्राकृतिक सम्पदाको आधारमा गर्नुपर्ने ।

ग) क्षत्री जातिलाई 'अन्यको' सूचीबाट हटाई आदिवासी जातिमा सूचीकृत गर्नुपर्ने ।

घ) जातीय आरक्षण खारेज गरी वर्गिय आरक्षणको व्यवस्था गर्नु पर्ने ।

ङ) राज्यको हरेक अंग, तहमा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधिको व्यवस्था गर्नु पर्ने (स्वाभिमान, २०६८) ।

यी मागहरु पूरा गराउन पछिल्लो चरणमा २०६८ वैशाख १९ गतेबाट प्रधानमन्त्रीलाई अल्टिमेटम सहित ज्ञापनपत्र बुझाउनेदेखि लिएर वैशाख, २३ गते देशका सबै प्रमुख जिल्ला अधिकारीको कार्यालयमा १ घण्टा धर्ना (विहान ११ बजेदेखि १२ बजेसम्म), वैशाख २६ गते राप्ती अञ्चल बन्द, वैशाख २८ गते धौलागिरी, गण्डकी र लुम्बिनी अञ्चल बन्द, वैशाख २९ गते सुदूरपश्चिमाञ्चल बन्द, जेष्ठ १ गते चितवन, काभ्रे र धादिङ जिल्ला बन्द र जेष्ठ ८ गते उपत्यका केन्द्रित नेपाल बन्द जस्ता विरोधका चरणबद्ध कार्यक्रमको आयोजना गरेको थियो । यही आन्दोलनको दवावका कारण मिति २०६८/०२/०८ गते क्षत्री समाज नेपाल राष्ट्रिय आन्दोलन समितिले पेश गरेका मागहरु सम्बन्धमा नेपाल सरकारद्वारा गठित शान्ति मन्त्रिको अध्यक्षताको वार्ता टोली र क्षत्री समाज नेपाल राष्ट्रिय आन्दोलन समिति बीच शान्ति तथा पुननिर्माण मन्त्रालयमा वर्ता भई निम्न अनुसारको सहमति भएको छ ।

१. निर्धारित समयमा हाम्रो र राम्रो संविधान जारी गरियोस् भन्ने मागलाई सरकारले स्वीकार गर्दछ ।

२. राज्यको पुनसंरचना गर्दा राष्ट्रिय अखण्डता र जातीय सदभावलाई सुदृढ पार्ने गरी भौगोलिक निकटता, प्रशासनिक अनुकुलता, श्रोत र साधनको उपलब्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानताको आधारमा समेत गर्न संविधान सभामा सिफारिस साथ अनुरोध गर्ने ।

३. राज्यका तर्फबाट प्रदान गरिने विभिन्न आरक्षण सुविधाहरुमा सामाजिक-आर्थिक हैसियत (वर्ग) लाई समेत प्राथमिकता दिन नेपाल सरकार प्रतिबद्धता व्यक्त गर्दछ ।

४. भविष्यमा समानुपातिक निर्वाचन प्रणालीका लागि जातीय समूह बनाउँदा 'खस क्षत्री'हरुलाई निश्चित पहिचानसहित प्रतिनिधित्वको व्यवस्था गरियोस् भन्ने मागका सम्बन्धमा सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

५. क्षत्री जातिलाई आदिवासी जातिमा सूचिकृत गरियोस् भन्ने मागका सम्बन्धमा अध्ययन गर्न एक महिनाभित्र सरकारले एउटा अध्ययन कार्यदल बनाउनेछ र त्यसको सुझावको आधारमा आवश्यक व्यवस्था गरिनेछ (स्वाभिमान, २०६८) ।

यस क्षत्री समाज नेपाल राष्ट्रिय आन्दोलन समितिका तर्फबाट अध्यक्ष डा. दिलबहादुर क्षत्री र सरकारका तर्फबाट शान्ति वार्ता टोली संयोजक एवं शान्ति तथा पुनर्निर्माण मन्त्री विश्वनाथ शाहद्वारा हस्ताक्षरित सहमति कार्यान्वयनमा सरकारका तर्फबाट ढिलासुस्ती भएका कारण क्षत्री समाज नेपाल पुनः आन्दोलनका कार्यक्रम घोषणा गर्ने दिशातर्फ अघि सरेको, समाजका अध्यक्ष बताउनु हुन्छ ।

### ४.२.६ क्षेत्री समाज नेपालको वर्तमान केन्द्रीय कार्य समिति

'क्षत्री समाज नेपाल' को वर्तमान (२०६५-२०६९) केन्द्रीय समिति २५ सदस्यीय छ भने विधान अनुसार एउटा केन्द्रीय समितिको कार्यकाल चार वर्षको हुन्छ । वर्तमानको केन्द्रीय कार्य समिति, निम्न अनुसार छ ।

## तालिका नं. १

## क्षत्री समाज नेपाल, केन्द्रीय कार्यसमिति (२०६५-२०६९)

| सि.नं. | पद | नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | प्रा.डा. दिलबहादुर क्षत्री | स्याङ्जा |
| २ | वरिष्ठ उपाध्यक्ष | तेजबहादुर गौतम | कास्की |
| ३ | उपाध्यक्ष (मध्यमाञ्चल) | प्रा.डा. सुस्मितासिंह कार्की | काठमाडौं |
| ४ | उपाध्यक्ष (पश्चिमाञ्चल) | श्यामबहादुर के.सी. | कास्की |
| ५ | उपाध्यक्ष (मध्यपश्चिमाञ्चल) | मान बहादुर के.सी. | दाङ |
| ६ | महासचिव | कुमार खड्का | कास्की |
| ७ | सचिव | गजेन्द्रबहादुर जि.सी. | काठमाडौं |
| ८ | सचिव | रामबहादुर बानियाँ | कास्की |
| ९ | कोषाध्यक्ष | केशबहादुर के.सी. | पर्वत |
| १० | सह-कोषाध्यक्ष | शंकरबहादुर के.सी. | कास्की |
| ११ | सदस्य | पुष्पा के.सी. भण्डारी | कास्की |
| १२ | सदस्य | उर्मिला खड्का | कास्की |
| १३ | सदस्य | प्रा.डा. देवेन्द्र ब. लामिछाने | कास्की |
| १४ | सदस्य | गजेन्द्र के.सी. | काठमाडौं |
| १५ | सदस्य | कृष्णबहादुर क्षत्री | कपिलबस्तु |
| १६ | सदस्य | रुद्रबहादुर क्षत्री | सल्यान |

| | | | |
|---|---|---|---|
| १७ | सदस्य | डि.बी. अधिकारी | नवलपरासी |
| १८ | सदस्य | बाबुराज कार्की | बागलुङ |
| १९ | सदस्य | दलबहादुर जि.सी. | रुपन्देही |
| २० | सदस्य | माया खड्का | बागलुङ |
| २१ | सदस्य | समुद्र गोदार | तनहुँ |
| २२ | सदस्य | सूर्यबहादुर भाट | गोरखा |
| २३ | सदस्य | पदमबहादुर कार्की | झापा |
| २४ | सदस्य | उदयबहादुर बस्नेत | कास्की |
| २५ | सदस्य | उत्तम बस्नेत | कास्की |

**सल्लाहकारहरु**

| सि.नं. | नाम/थर |
|---|---|
| १ | कृष्ण बहादुर थापा |
| २ | सूर्यबहादुर के.सी. |
| ३ | कृष्ण थापा |
| ४ | सोभियतबहादुर अधिकारी |
| ५ | डा. ज्ञानबहादुर कार्की |
| ६ | गोविन्दबहादुर के.सी. |
| ७ | प्रेमबहादुर जि.सी. |
| ८ | प्रा.डा. सुरेन्द्र के.सी. |

| | |
|---|---|
| ९ | प्रा.डा. चन्द्रबहादुर थापा |
| १० | रमेशबहादुर भट्टराई |
| ११ | प्रा.डा. सितामैया सिंह थापा |
| १२ | लोकबहादुर थापा |

## ४.३ 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको उमेरगत स्थिति

अध्ययन गरिएको 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको उमेरगत स्थिति निम्न तालिका अनुसार रहेको छ ।

### तालिका नं. २

### 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको उमेरगत स्थिति

| क.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २० वर्षभन्दा कम | - | - |
| २. | २१ - ३० | - | - |
| ३. | ३१ - ४० | - | - |
| ४. | ४१ - ५० | ११ | ४४ |
| ५. | ५१ - ६० | १० | ४० |
| ६. | ६१ - ७० | ४ | १६ |
| ७. | ७१ + | - | - |
| | जम्मा | २५ | १०० |

स्रोत : अध्यनन क्षेत्रको अध्ययन, २०६८ ।

तालिका नं. २ का अनुसार 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा ४१-५० वर्ष उमेर समूहका ४४ प्रतिशत सदस्य तथा पदाधिकारी रहेका छन्, त्यस्तै गरी ५१-६० वर्ष उमेर समूहका ४० प्रतिशत र ६१-७० वर्ष उमेर समूहका १६ प्रतिशत पदाधिकारी तथा सदस्यहरु रहेका छन् तर ४० वर्षभन्दा मुनिको उमेर समूहको प्रतिनिधित्व देखिदैन । यसले युवा प्रतिको विश्वास नगरेको र नेतृत्व तहमा यूवा नल्याएकोले गर्दा यूवाप्रति पूर्वाग्रही देखिन्छ तर वर्तमानमा क्षत्री युवा समाज पनि गठन भइसकेको छ ।

## ४.४ 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको शैक्षिक अवस्था

‘क्षत्री समाज नेपाल’ केन्द्रीय समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको शैक्षिक अवस्था निम्न तालिका अनुसार रहेको छ ।

**तालिका नं. ३**

**'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निरक्षर | - | - |
| २. | साक्षर | - | - |
| ३. | एस.एल.सी. भन्दा कम | - | - |
| ४. | एस.एल.सी. उत्तीर्ण | ५ | २० |
| ५. | आई.ए. उत्तीर्ण (सरह) | ४ | १६ |
| ६. | वि.ए. उत्तीर्ण (सरह) | ८ | ३२ |
| ७. | एम.ए. उत्तीर्ण (सरह) | ५ | २० |
| ८. | एम.ए. भन्दा माथि (Ph.D.) | ३ | १२ |
| | जम्मा | २५ | १०० |

स्रोत : अध्यनन क्षेत्रको अध्ययन, २०६८ ।

तालिका नं. ३ का अनुसार एस.एल.सी. भन्दा कम योग्यता भएका व्यक्तिहरु 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा रहेको देखिदैन भने एस.एल.सी. सम्म योग्यता भएका २० प्रतिशत, आए.ए. सरह १६ प्रतिशत, वि.ए. सरह ३२ प्रतिशत, एम.ए. सरह २० प्रतिशत र एम.ए.भन्दा माथि (Ph.D.) १२ प्रतिशत योग्यता भएका व्यक्तिहरु 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा रहेका छन् ।

## ४.५ 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको पेशागत स्थिति

‘क्षत्री समाज नेपाल’ केन्द्रीय कार्य समितिमा आवद्ध व्यक्तिहरुको पेशागत अवस्था निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं. ४

**'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुको पेशागत विवरण**

| क्र.सं. | विवरण (पेशा) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | १ | ४ |
| २. | व्यापार | १ | ४ |
| ३. | नोकरी (शिक्षण वाहेक) | ५ | २० |
| ४. | शिक्षण | ९ | ३६ |
| ५. | समाजसेवा | ९ | ३६ |
| ६. | अन्य | - | - |
| | जम्मा | २५ | १०० |

स्रोत : अध्यनन क्षेत्रको अध्ययन, २०६८ ।

तालिका नं. ४ का अनुसार 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध मानिसहरु मध्ये सबैभन्दा बढी शिक्षण र समाजसेवा जस्तो पेशामा ३६/३६ प्रतिशत संलग्न रहेको देखिन्छ । त्यस्तैगरी कृषि, व्यापार र नोकरी (शिक्षण बाहेक) पेशामा क्रमशः ४, ४ र २० प्रतिशतको संलग्नता देखिन्छ । यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने पेशागत, वर्गिय र क्षेत्रीय हिसाबबाट समानुपातिक प्रतिनिधित्व रहेको छैन । केन्द्रीय समितिका अधिकतम पदाधिकारी सदस्यहरुलाई हेर्दा केन्द्रीय समिति Elites Capture जस्तो देखिन्छ ।

## ४.६ 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध हुनु भन्दा अघि विभिन्न राजनीतिक दलमा रहेको संलग्नता

वर्तमानमा 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरु, यस समाजको केन्द्रीय समितिमा आवद्ध हुनु भन्दा अगाडि विभिन्न राजनीतिक दलमा संलग्न रहेको विवरण तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ५

## 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध हुनु भन्दा अगाडि विभिन्न राजनीतिक दलमा रहेको संलग्नताको स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एमाले पार्टीको सदस्यता लिएका | १० | ४० |
| २. | माओवादी पार्टीको सदस्यता लिएका | ३ | १२ |
| ३. | कांग्रेस पार्टीको सदस्यता लिएका | ८ | ३२ |
| ४. | रा.प्र.पा.को सदस्यता लिएका | २ | ८ |
| ५. | कुनै पनि पार्टीको सदस्यता नलिएका | २ | ८ |
| | जम्मा | २५ | १०० |

स्रोत : अध्यनन क्षेत्रको अध्ययन, २०६८ ।

तालिका नं. ५ का अनुसार, 'क्षत्री समाज नेपाल' केन्द्रीय समितिमा आवद्ध व्यक्तिहरुमध्ये, यस समाजमा आवद्ध हुनुभन्दा अगाडि विभिन्न राजनीतिक दलमा रहेका संलग्नता मिश्रित खालको देखिन्छ । ४० प्रतिशत नेकपा एमालेको सदस्यता लिएका, १२ प्रतिशत एकिकृत नेकपा माओवादीको सदस्यता लिएका, ३२ प्रतिशत नेपाली कांग्रेसको सदस्यता लिएका, ८ प्रतिशत रा.प्र.पा.को सदस्यता लिएका र ८ प्रतिशतले कुनै पनि राजनीनिक दलको सदस्यता नलिएको देखिन्छ । विभिन्न राजनीतिक दलमा केही व्यक्तिहरुको राम्रो हैसियत भएपनि खस क्षत्री जातिको पहिचान स्थापित गराउन नै खस क्षत्री आन्दोलनमा राजनीतिक पाटी छोडेर आएका छन् भने कतिपय व्यक्तिहरु राजनीतिक दलमा राम्रो स्थान नपाएर क्षत्री समाज नेपालमा संलग्न भएको देखिन्छ ।

# अध्याय - पाँच

# 'क्षत्री समाज नेपाल' र जातिय पहिचानको राजनीति

## ५.१ पृष्ठभूमी

नेपालमा वि.सं. २०४६ साल भन्दा अगाडी आफ्नो पहिचान, अस्तित्व रक्षा र अधिकार प्राप्तिका लागि छिट फुट रुपमा मात्र केही जातिय, क्षेत्रगत, भाषागत संघ संस्थाहरु खुलेको पाइन्छ ।

वि.सं. २०४६/४७ सालको राजनीतिक परिवर्तन र त्यसले विभिन्न जातजातिमा ल्याएको चेतनाको परिणामस्वरुप नेपाली राजनीतिमा पहिचान र प्रतिनिधित्वको नाममा जातिय राजनीतिले उल्लेख्य प्रोत्साहन पाउन थाल्यो । एकपछि अर्को जातिय संस्थाहरु खुल्न थाले । कोही आफूलाई जनजाति त कोही आदिवासी भन्न थाले । मगर, गुरुङ, तामाङ, थारु आदि जनजाति संगठनहरु मिलेर जनजाति महासंघ मार्फत आफ्नो साझा मुद्धाका लागि एक भएर आन्दोलन गरे जसको परिणाम स्वरुप नेपालको तत्कालीन सरकारले २०५२ सालमा जनजाति उत्थान प्रतिष्ठान कार्यदल गठन गऱ्यो र यही कार्यदलको सिफारिसमा पहिचानमा आईसकेका १०१ जातजाति मध्ये ६१ वटा लाई 'नेपालका जनजाति' का रुपमा सूचीकृत गऱ्यो । वि.सं २०५८ सालमा आदिवासी जनजाति ऐन जारी भई आदिवासी/जनजातिको परिभाषा गर्दै ६१ वटा जनजातिको सट्टा स्यांग्टन, ठिमतेन र मनाङे लाई हटाई ५९ जातिलाई आदिवासी जनजातिमा सूचीकृत गऱ्यो (कुँवर, २०६६) ।

ऐतिहासिक जनआन्दोलन २०६२/६३ पछाडी त तीव्र रुपमा विभिन्न जातिय क्षेत्रीय, लैङ्गिक पहिचान र अधिकारका आन्दोलनहरु अगाडी आए । २०६३ माघ २ गते देखि मधेसमा बस्ने मधेसीमूलका समुदायको चर्काएको वृहत आन्दोलनबाट आफूलाई मधेसी पहिचानबाट परिचित गराए । त्यस्तै लामो समय देखि जातिय विभेदबाट हेपिएका दलित समुदायहरु संगठित भएर दलित पहिचानको साथमा आफूहरुलाई

चिनाए । नेपाल सरकारले दलित आयोग बनाई दलितहरुको आर्थिक, सामाजिक र राजनैतिक समस्याहरुको निराकरणका लागि पहल गर्दै उनीहरुको राज्यका हरेक अंग, तह र तप्कामा समानुपातीक प्रतिनिधि र आरक्षरणको व्यवस्था गऱ्यो । जसमा ३७.८ प्रतिशत आदिवासी जनजाति, ३१.२ प्रतिशत मधेसी, १३ प्रतिशत दलित ४ प्रतिशत पिछडीएको क्षेत्र र ३०.२ प्रतिशत 'अन्य' लाई भनेर किटान गरीएको छ । 'अन्य' मा क्षत्री, वाह्मण, सन्यासी, चुरौटे र ठकुरीलाई राखियो (खड्का, २०६८) । यसरी कुनै समुदाय आदिवासी/जनजाति, कुनै समुदाय मधेसी, कुनै समुदायलाई दलितका नामबाट आफ्नो राष्ट्रिय पहिचान कायम गरे । तर देशकै सबभन्दा ठूलो जनसंख्या भएको खस क्षत्रीहरु पहिचानविहिन हुनुपर्दा, आत्मसम्मानमा नै चोट पुग्न जाँदा समान सामाजिक, आर्थिक, धार्मिक अवस्था, भिन्न ऐतिहासिक, भौगोलिक निरन्तरता, पृष्ठभूमी भिन्न संस्कृतिक पहिचान भएर पनि आफूहरुलाई राज्यले 'अन्यको' दर्जामा राखेर खस क्षत्रीहरुलाई पहिचान विहिन बनायो भन्दै, आफ्नो जातिय पहिचान, आत्मसम्मान र अधिकार प्राप्तिको लागि संगठित भएर, आफ्नो जातिय, पहिचान, आत्मसमान र अधिकार प्राप्त गर्न 'क्षत्री समाज नेपालको' स्थापना भएको देखिन्छ । अनुसन्धानकर्ताबाट २०६२/०६३ पछाडि खस क्षत्रीहरु संगठित भएर 'क्षत्री समाज नेपाल' मार्फत किन जातिय पहिचानको राजनीति गर्नुपऱ्यो, यसका कारणहरु के-के छन्, यसमा 'क्षत्री समाज नेपाल' को के-कस्तो भूमिका छ ? भन्ने बारेमा यो अध्ययन केन्द्रित छ ।

## ५.२ खस, क्षत्री जाती

खस, क्षत्री जाति नेपालमा बसोबास गर्ने एक प्राचिन जाति हो । यो जाति नेपालमा सबै भन्दा धेरै १५.८ प्रतिशत भएको र देशभरी पाइने जाति हो । यो जाति नेपालका अलावा तत्कालीन बिशाल नेपालका भु-भागहरु हाल भारतमा पर्ने उत्तराखण्ड, हिमाञ्चल प्रदेश, दार्जीलिङ, कालीम्पोग, सिक्किम का साथै भुटान, बर्मा तथा भारतका अन्य भुभाग तथा बिश्वका विभिन्न ठाँउमा रोजगरी तथा बासोबासका लागि पुगेको छ । नेपाली क्षत्रीहरु खस प्रजाती (काश्मीर देखी भुटान सम्मको हिमालयको दक्षिणी पाखोमा बस्ने) को हांगा हुन् । खस आर्य समुहको एक जातीय समुदाय हो , जसले नेपालको

पहाडी भूभागको सबैभन्दा बढी जनसंख्यामा ओगटेको छ । यो जातिका अन्य नामहरु पर्वते, गोर्खाली र नेपाली हुन् । यो जाति तत्कालिन बिशाल नेपाल, हाल भारतमा पर्ने हिमाञ्चल प्रदेश तथा उत्तराखण्डका साथै सुदुर तथा मध्य पश्चिम नेपालको कर्णाली क्षेत्रमा प्राग ऐतिहासिक कालखण्ड देखि बसोबास गरेको हो । त्यहाँबाट खसहरु नेपालको पूर्वी भागमा फैलदै गए र हाल नेपालको प्रायः सबैजसो ठाउँमा बसोबास गर्न पुगेका छन् । अहिले खस जातिहरुको मुख्य स्थान भनेको तत्कालिन बिशाल नेपालमा पर्ने भू-भाग-पूर्वमा आसम देखि पश्चिममा काश्मिरसम्म हिमाञ्चल प्रदेश तथा उत्तराखण्ड, नेपाल, सिक्किम, दार्जीलिङ, भुटान, बर्माको पहाडी क्षेत्र आदि पर्दछन् । खसहरुको मातृभाषा खस कुरा हो जुन हजारौं वर्षको अन्रालमा विकसित र बिस्तारित हुँदै हालको नेपाली भाषा बनेको हो । को हुन् खस ? मानव सभ्यताको इतिहास आज पनि गम्भीर खोज र अनुसन्धानको विषय नै बनिरहेको छ (अध्ययन क्षेत्रको अन्तरवार्ता, २०६८ मा आधारित) ।

खस सामाज्य र खस क्षत्री जाति, खस देशका बारेमा प्राचीन तथा मध्यकालीन ग्रन्थहरुमा विविध टिप्पणी भइराखेको पाइन्छ । प्राचीन ग्रन्थले उल्लेख गरे अनुसार काश्मिर र नेपाल उपत्यकाबीचको भूभाग खस-भूमि थियो । भारततिर आउने क्रममा आर्य जातिको एक शाखा भारतको सिन्धु र गंगा नदीका समतल मैदानतिर नगालि पहाडै पहाड काश्मिरतिर लाग्यो हिमालय, काराकोरम र हिन्दुकुशजस्ता तीन पर्वतश्रृङ्खलाको मिलनबिन्दु काश्गर नै यिनको आश्रयस्थल बन्यो, जसको संस्कृत रुप खसगिरी शव्द बनेको छ । यही शव्द भारतीय आर्यहरुको संस्कृत भाषामा खसको रुपमा व्यवहारमा आयो । तदनुरुप यहाँका बासिन्दा क्रमशः काश्मिरबाट पहाडको बाटो नेपाल प्रदेशतर्फ संक्रमण गरे । बाबुराम आचार्यले बिश्लेषण गरेका छन् , मध्यकालको आरम्भसम्मका खस आर्यहरु वर्तमान नेपालको सुदूरपश्चिममा व्यापक रुपमा आवाद भइसकेको देखिन्छ । तीनताका कुमाउ र गढवालको साथै वर्तमान नेपालको कर्णाली नदीको प्रसवण-क्षेत्रसम्म फैलिएर कार्तिकेयपुर वा कत्युरलाई राजधानी बनाई एक स्वतन्त्र खस राज्य रहेको पाइन्छ । दुर्गम पहाडी जङ्गलहरु दुरस्तर नदी-नालाहरु र नेपालको केन्द्रस्थलमा रहेको शक्तिशाली लिच्छवि, वैश्य र मल्ल राजाहरुले खसहरुलाई पश्चिमतर्फरहेको सखीको लेकबाट पूर्वतर्फ बढ्नबाट रोक्ने भरमग्दुर प्रयास गरिरहेका थिए , तर पनि यिनीहरु भने क्रमिक रुपमा पूर्वतर्फ आइरहेका देखिन्छन् । हुन त मनुस्मृतिले हिमाली

क्षेत्रमा रहेका खसहरुलाई वात्य आपस्कृत आर्य जातिका रुपमा होच्याएको पाइन्छ तर यी खसहरु भने स्वयंलाई खस कै रुपमा गर्व गर्न हिचकिचाउँदैन्थे । त्यतिमात्र होइन, उनीहरु आफ्नो जातिय पहिचान खस माथि गर्व पनि गर्दथे । यस्तो एउटा उदाहरण शक्तिशाली खसिया राजा अशोकचल्लको एउटा अभिलेखले प्रदान गर्छ जहाँ स्वयंलाई उनले गर्वका साथ खस-देश-राजाधिराज अर्थात् खस देशका महाराजधिराज भनी उल्लेख गरिराखेको पाइन्छ । तर समय एकनास रहन सकेन, एघारौं शताब्दीको मध्यतिर जुम्लाको सिंजा नदीको किनारालाई राजधानी बनाई नागराजद्वारा यो खस राज्यका अधिपतिहरु स्वयंलाई खस भन्नबाट तर्किन थाले । त्यतिमात्र होइन कालन्तरमा यो साम्राज्य नै विघटनको शिकार बन्यो र इतिहासको मात्र विषय बन्यो, बिशाल खसराज्य आफ्नो उत्कर्षी समयमा सम्पूर्ण पश्चिम तिब्बत र कुमाउ गढवालसम्म अधिकार जमाउन सफल बनेथ्यो र यस साम्राज्यलाई सपादलक्ष शिखरि साम्राज्य भनिन्थ्यो । उक्त साम्राज्य अन्तर्गत गण्डकी प्रदेश, कर्णाली प्रदेश, मुर्माञ्चल, केदारखण्ड, खारी प्रदेश, गुंगे, स्तरराङ्ग, मानसरोवर, खोटाङ तथा ज्यानजुनसम्म फैलिएको थियो । यस साम्राज्यको सिमाना पूर्वमा त्रिशुली नदीसम्म पनि आइपुग्यो र यसले तीन पटकसम्म नेपाल उपत्यकामाथि आक्रमण गरी हाहाकार तुल्यायो । यस्तो वैभव र शक्तिशाली खस अधिराज्य विखण्डनमा जानु पूर्व यसका शासकहरु नै आफ्नो चल्ल थरको ठाउँमा मल्ल लेख्न थाले । यसरी चल्लबाट मल्लमा झर्ने प्रथम खसिया राजामा अशोक चल्लका छोरा जितारी मल्ल प्रथम थिए । यसप्रकार स्वयंलाई खसियाधिपति भनी गर्व गर्ने खस नरेशहरु नै मल्लमा परिणत भएपछि यस साम्राज्यका रैती दुनियाँदारहरु पनि पुरानो खस गौरव र पुर्ख्यौलीको धरोहरबाट स्वयंलाई पन्छाउँदै स्थान विशेषलाई नै आफ्नो थरको परिचयवाचक पदावली बनाउन थाले । ती मध्ये क्षत्री पनि एउटा प्रमुख उपजातिका रुपमा देखापरेको थियो । धेरै हदसम्म मध्यकालको यस खस जातिलाई प्रतिनिधित्व गर्ने क्षत्री प्रमुख र पर्यायवाची थरका रुपमा विकासित बन्यो तथापि खस थर विशेष मात्र नभएर समय खस अधिराज्यको राष्ट्रबोधक परिचय थियो । जस अर्न्तगत क्षत्रीबाहेक ब्राम्हण, वैश्य र शूद्र सबै वर्णका जात पर्दथे । खस जाति नेपालको एउटा सुविख्यात, लडाकु र वीर जाति हो, जो नेपाल, सिक्किम, भुटान, कुमाउँ, गढवाल, काँगडासम्म व्यप्त रहयो र हालसम्म त्यही स्थिति रहेको छ । खस जाति र यस जातिको राज्य केन्द्र पनि प्राचीनकालदेखि नेपाल नै रहयो । त्यसैले यो देश खस देश पनि कहलायो । त्यसै गरी गान्धार, मादक, मत्स्य,

विगतमा पनि खसहरुको शासन थियो । महाभारतमा बारम्बार खस जातिको प्रसङ्ग आउँछ । उता खस जातिको प्राचीनता पनि त्यति नै पुरानो छ । यसको चर्चा ईसापूर्व ३००० देखि सुरु हुन्छ । तिनताका यिनीहरु एसिया, काबूल, पंजाव, सिन्धुक्षेत्र, यमुना क्षेत्र, पश्चिमी तिब्वत र गण्डकी क्षेत्रमा यत्रतत्र फिजिएर बसेका थिए (अध्ययन क्षेत्रको अन्तरवार्ता २०६८ मा आधारित) ।

नेपालका कुवर, थापा, बस्न्यात, विष्ट, कार्की आदि क्षत्रीयहरुले आफूलाई भारतवर्षबाट आएका राजपुत हौं भनी गर्भ गर्नु व्यर्थ छ । यी कुरा ब्राम्हाणहरुमा पनि लागू हुन्छन । "नेपालमा मूलतः ककेसीयाई उद्भवका आर्य, मंगोलियन उद्भवका मंगोल र द्राविडियन मूलका द्राविड गरी तीन मानव उद्भवका जात जातिहरुको बसोबास छ । ती मध्ये क्षत्री-वंश केकेसीयाई नश्लको आर्य वर्गमा पर्दछन् । यी क्षत्रीहरु झर्रा क्षत्री र खत्री क्षत्रीका रुपमा विभाजित छन् । यी झर्राक्षत्रीहरुलाई पनि दुई श्रेणीमा विभक्त गर्न सकिन्छ । पहिलो श्रेणीका क्षत्री हुन् । बाह्रौ शताब्दीमा भारतीय मुसलमान शासकहरुको थिचोमिचो सहन नसकी आफ्नो धार्मिक आस्था एवं संस्कृतको बचाउका लागि नेपाल पसेका सानातिना शासक र प्रशासकीय वर्गका क्षत्री र दोस्रो श्रेणीमा प्राचीनकालदेखि अवैदिक अवस्थामै कर्णाली क्षेत्रमा प्रवेश गरी समयक्रममा हिन्दूकरण भई नेपाल अधिराज्यव्यापी भएका क्षत्रीहरु । जहाँसम्म क्षत्री जातको उद्भवको पक्ष छ यिनीहरु मध्य एसियाको ककेशियाबाट पूर्वतर्फ लागेका आर्य जातिसँग सम्बन्धित छन् भन्ने एउटा मत रहेको छ । उक्त समूहले हिन्दु धर्म आविष्कार गर्नु पूर्व नै उनीहरुमा जाति व्यवस्था प्रारम्भ भइसकेको देखिन्छ । यस क्रममा उक्त वर्गभित्र पुरोहित वर्गको उदय भएर त्यसलाई ब्राम्हण भन्ने नाम प्रदान गरियो । उता आफूले चर्चेको क्षेत्रको सुरक्षामा तैनाथ गरिएको आफ्नै वर्गभित्रको अर्को समूहलाई चाहिँ क्षत्रीय भन्ने नाम दिइयो । कालक्रममा यिनीहरु नै क्षत्री भए । पछिबाट व्यापक हिन्दूकरण, संस्कृतिकरण र यौनिक विकृतिको फलस्वरुप क्षत्री समूहमा पनि विविध प्रकारको उदय भयो । उता यी दुई समूह बाहेकका जनसाधारणहरुलाई चाहिँ विस भन्ने नाम दिईदा कालक्रममा यिनीहरु वैश्य नामकरण भए भने अन्य जातिका पराजित समूहहरु चाहिँ शूद्र का रुपमा कायम हुन आउँदा विभिन्न चार वर्णको उदय हुनपुगेको देखापर्छ । अर्को मान्यताअनुसार पश्चिम एसियामा विकसित केकेशियाली जातिको एउटा समूह बेबीलोनियाको कससाइट, इरान र इराकको बीचमा पर्ने खसिस्तान, अफगानिस्तान र पाकिस्तानको् उत्तरमा पर्ने बाल्हिक, हिन्दूकुश,

बडाखसान, काश्मिर, कुमाउँ, गढवाल हुँदै पश्चिम नेपालको कर्णाली प्रदेशमा प्रवेश गरेको प्राचीन जाति खसको वैदिक आर्यसँग कुनै प्रकारको सरोकार नै छैन । वस्तुतः यिनीहरु अवैदिक खस भई नेपालका प्राचीन तथा आदिवासीमध्ये एक थिए । कालक्रममा मैदानी क्षेत्रबाट नेपाल प्रवेश गरेका आर्यहरुको प्रभावको कारण मात्र यिनीहरु वर्ण व्यवस्थामा प्रवेश गरेका हुन् । अन्यथा यिनीहरु आर्य जातिकै एउटा शाखा भए तापनि उक्त शाखा आर्यहरुमा धार्मिक एवं जातिय कट्टरता आउनु पूर्व नै खैबर भन्ज्याङबाट कन्धार, पख्तुन, गिल्गिट घाँटी हुँदै पाकिस्तानको हुन्जा क्षेत्रबाट श्रीनगर, जम्मु र शिमलाको बाटो अल्मोडाबाट कर्णाली क्षेत्र प्रवेश गर्‍यो । यसै कारण खस जातिमा जात धर्मको कट्टरता थिएन । त्यसको विपरीत तिनले आफ्नै प्रकारको उदारवादी वर्णव्यवस्था र धार्मिक प्रचलनको विकास गरेका थिए । त्यति मात्र होइन तिनीहरु भारतीय आर्यहरुको कट्टर वर्णव्यवस्था र कर्मकाण्डीय हिन्दूवादबाट पनि पृथक रहे । तिनको आफ्नै भौगोलिक क्षेत्र भएको कारण पनि यस्तो सम्भव भयो भने हालसम्म पनि जुम्ला चौंध विसाका मतवाली खसहरुले उक्त तथ्यको प्रतिनिधित्व गरिनै रहेका छन् । पछि चौधौं शताव्दीमा एकातिर विशाल खस साम्राज्य बाईसी-चौवीसी राज्यमा विखण्डित हुनपुग्यो भने अर्कातिर त्यहाँ विकसित विभिन्न क्षत्रीहरु हिन्दूकृत हुने र अधिराज्यभर विस्तारित हुने क्रम पनि तीव्र बन्यो । तथापि सबै नेपालीहरुले बुझ्न र सच्याउन पर्ने विषय के छ भने हाल नेपालमा देखापरेका विभिन्न थरका क्षत्रीहरु मात्र होइन खस परिवारका सबै जातजाति भारतमा मुसलमानी आक्रमणपछि नेपाल प्रवेश गरेका शरणार्थी वा आप्रवासी होइनन् । त्यसको विपरीत समयक्रममा हिन्दुकृत भई वर्णव्यवस्थामा आवद्ध भएका नेवारसरहका आदिवासी हुन् । वस्तुतः कार्की, कटुवाल, बस्नेत, थापा, खड्का आदि जो जे नामबाट सम्बोधित भएका छन् ती स्वयंले यिनको उद्‌भव र विकासलाई इंगित गर्छन् किनभने ती सबै या त कर्णाली भेगका स्थान विशेषका होइनन् भने पद विशेषका पर्याय शव्द हुन् । यसले पनि यिनीहरु भारत वा अन्यत्रबाट होइन नेपालभित्रैबाट विकसित जाति भन्ने प्रमाण प्रस्तुत गरिरहेका छन् । तिनीहरुको धार्मिक तथा राजनीतिले पनि वैदिक आर्य अवैदिक खसका बीच ठूलो लक्ष्मणरेखा कोर्छन् । जसअनुसार खसहरु देवताका रुपमा मस्टो पूजा मात्र गर्थे । यिनको कुनै पुरोहित-पण्डित हुदैन्थ्यो । त्यसै गरी यिनीहरु तान्त्रिक विधिअन्तर्गत धामीद्वारा पूजाविधि सम्पन्न गर्थे । त्यसैकारण वैदिक मैदानी आर्यहरुले विभिन्न स्मृति ग्रन्थ र पुराणहरुमा खसहरुलाई धर्मवाहृय, अपवित्र र

ब्रात्य जस्तो निचबोधक शव्दले सम्बोधन गरेका हुन् । एउटा लामो प्रक्रियापछि सर्वसाधारण खसले पनि मैदानी आर्यबाट संस्कृतिकरण हुने क्रममा जनै धारण गरी क्षत्री बनेका भए तापनि यिनै खसका कतिपय सन्तान चाहिँ अझै पनि खाट्टी खस वा मतवाली खसका रुपमा पश्चिम नेपालमा अस्तित्वमा रहिआएकै छन् । सोह्रौं शताव्दी पश्चात शक्तिमा रहेका खस परिवारहरुले आफूलाई ठकुरी उपनामले अरु क्षत्री भन्दा उच्च दर्जामा राखे । यस समयमा धेरै जसो जातिय समूहहरुले ठकुरी पदवि धारण गरेर ब्राम्हण द्वारा जनाई धारण गरेका हुन् । यसै समयमा हिन्दु पण्डितहरुले धर्मशास्त्रको व्याख्या गर्दै खस भनेको भगवानको नजरमा खसेको जो उही जातमा पुनरावृत हुन सक्दैन भनेर खस जातलाई अपहेलित जातका रुपमा प्रचारित गरे पछि खसहरु क्षत्री बन्ने चलनको सुरुवात भयो र खस शव्दबाट दिक्क भए पछि खसहरु आफ्नो शक्ति अनुसार ठकुरी, क्षत्री, मतवाली क्षत्री जस्ता जातमा विभाजित हुन पुगे (क्षत्री समाज नेपालको Web www.kshatreesamajnepal.com.np)।

नेपालमा राजपूत, ठकुरी, हमाल, खत्री खस, क्षत्रीभाट र राणा क्षत्रीहरु छन् । ठकुरीहरु, राजपूतहरु ई.सा.को आठौं शताव्दी तिर उनीहरुले हिन्दु धर्ममा दीक्षित भएर यज्ञोपवित धारण गरेर क्षत्रिय भए । त्यसैगरी चक्रवर्ती ठूलो राजाको अधिनमा रहेको स-साना राज्यलाई ठकुराई भनिन्थ्यो । ती राज्यका राजालाई ठकुरी वा ठाकुर भनिन्थ्यो । खसहरु ई.सा.को प्रारम्भतिर पसे र पछि धर्म परिर्वन द्वारा क्षत्री मात्र होइन ब्राम्हण समेत बने । सुदुरपश्चिममा दुवै जात छन् भने केही मतवली पनि छन् । खस भन्नाले आज क्षत्री भन्ने अर्थ लाग्दछ । तर पहिले खसको अर्थ खसानलाई बुझाउने तात्पर्यमा प्रयोग हुन्थ्यो । आज आएर यो शव्द संकुचन अवस्थामा आएर पनि नेपाल भन्दा पश्चिम कुमाउ, गढवालमा प्राचिन समयमा जुन अर्थमा अर्थ लाग्थ्यो, आज पनि लाग्दछ । खस ब्राह्मण, खस क्षत्री आदि खस नामधारी पचासौं प्रकारका थर भएका जनता यहाँ पाइन्छन् (शर्मा, २०५५) ।

जहाँसम्म जन्मजात बाहेक अन्य प्रक्रियाले क्षत्री हुने प्रचलन छ, बाहुन पुरुष र क्षत्री, मगर, गुरुङ्ग, घर्ती, थारु, यादव, कुमाल आदि कन्याबाट जन्मेका सन्तान खत्री हुन्छन् । खत्रीले तीन पुस्तापछि रीत पूरा गरी क्षत्री सरहको सामाजिक मान्यता प्राप्त गर्दछन् । तर बाहुन केटा र ठकुरी कन्याबाट जन्मेका सन्तान भने हमाल हुन्छन् । तर

वर्तमानमा बाहुन केटा र माथि उल्लेखित जातिको कन्याबाट जन्मेका सन्तानहरुले खत्री वा खत्री क्षत्री नलेखेर पिताको थरलाई कायम गरी प्रथम नाम र थरको विचमा बहादुर लेख्ने वा थर पछाडि क्षत्री लेख्ने गरेको पाइन्छ तसर्थ बाहुनका सम्पूर्ण थरहरु क्षेत्रीका पनि थर हुन्छन् (खड्का, २०६८) ।

## ५.३ जातिय आरक्षण र क्षत्री जातिको अवस्था

नेपाल सरकारले ऐतिहासिक जनआन्दोलन २०६२/६३ पछाडी राज्यका हरेक अंग, तह र तप्कामा जातिय आधारमा, ४५ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । राज्य लाई पक्कै पनि सम्पूर्ण नागरिकहरुको साझा भावनाको अभिव्यक्तिको प्रतीकको रुपमा स्थापित गराउनुपर्दछ । अवसरको गन्तव्यमा पुग्ने मार्गहरु प्रशस्त होलान तर सशक्त र न्यायीक मार्ग योग्यता हो भन्ने तथ्यलाई बिर्सनु हुँदैन । निश्चित समय अवधिका लागि आर्थिक, सामाजिक रुपले निर्वल जनतालाई अतिरिक्त विशेष सहयोग र अवसरको सिर्जना गर्ने राज्यको प्रयास हो "आरक्षण" । राज्यले अल्पसंख्यक र पिछडिएको समूहको उत्थानको नाममा राज्यको विभिन्न तह, अंग र क्षेत्रमा आरक्षको व्यवस्था गरेको छ । तर क्षत्री जाति यस आरक्षणको सुविधाबाट पूर्णरुपमा वन्चित रहेको छ । यस आरक्षणको व्यवस्थाले गर्दा उच्चतम श्रेणीमा शैक्षिक संस्थाहरुमा उत्तीर्ण भएका क्षत्रीका सन्तानहरु पनि राज्यका तह, अंग र क्षेत्रमा प्रवेशको सम्भावनालाई न्यून बनाएको छ भने आरक्षणका नाममा अरु जातजातिहरुलाई सहजता प्राप्त भएको छ । नेपालको अन्तरिम संविधान- २०६३ मा जाति, धर्म, भाषा र वर्णको आधारमा नागरिकलाई कुनै भेदभाव गरिने छैन भनिएको छ । तर यस आरक्षणको व्यवस्थाबाट योग्यता र क्षमता भएका क्षत्रीका सन्तानहरु पनि वन्चित भएर अरुजातिले न्यून योग्यता र क्षमता भएर पनि अवसर पाउने अवस्थाको निर्माण भएको छ भने, ४० प्रतिशत निरक्षर, ५० प्रतिशत गरिबीको रेखामुनी (CBS, 2001) रहेका क्षत्रीका सन्तानहरु त माथि उठ्ने बाटो नै बन्दप्रायः छ । शिक्षण संस्थामा प्रदान गरिने छात्रवृत्तिले, मेडिकल, इन्जिनियरिङ, विज्ञान जस्ता विषयमा अध्ययन गर्ने अवसरबाट मात्र क्षत्रीहरुलाई वन्चित गरिएको छैन, वृद्धभत्ता, विधवा भत्ता जस्ता

सामाजिक कल्याणको क्षेत्रमा पनि जातिको आधारमा उमेरको फरक मापदण्ड राखिएको छ ।

राज्यबाट गरिएको यो आरक्षणको भेदभाव दुईवटा मनोविज्ञानमा आधारित देखिन्छ । एउटा क्षत्रीलाई आदिवासी जातिका रुपमा नस्वीकार्नु र अर्को क्षत्री जातिलाई शासक जाति, आर्थिक, शैक्षिक, सामाजिक र राजनैतिक रुपले उच्च तहको ठानिनु ।

राज्यको यो क्षत्री प्रतिको बुझाई के ठिक छ त ? के क्षत्री जातिलाई आरक्षणको आवश्यकता पर्दैन त ? के क्षत्री जाति आर्थिक, शैक्षिक र राजनैतिक रुपमा उच्च तहको जाति भित्र पर्दछ त भन्ने कुराको विश्लेषण गर्न, यी सम्पूर्ण पक्षको अध्ययन गर्नुपर्ने हुन्छ ।

### ५.३.१ शैक्षिक अवस्था

विभिन्न जातजातिसँग तुलना गरेर हेर्दा २०५८ सालको तथ्याङ्क अनुसार क्षत्री जातिको शैक्षिक अवस्था निम्न तालिका अनुरुप रहेको देखिन्छ ।

**तालिका नं. ६**

**जातजाति अनुसार ६ वर्ष माथिको जनसंख्या र साक्षरता प्रतिशत**

| क्र.सं. | जात/जाति | ६ वर्ष माथिको जनसंख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|
| १ | जैन | ९२४ | ९३.९४ |
| २ | माडवारी | ४०,३२४ | ८९.३१ |
| ३ | कायस्थ | ४२,२३८ | ८२.०५ |
| ४ | थकाली | ११,७८० | ७५.६६ |
| ५ | बाह्मण | २५,७५,४४१ | ६४.९० |
| ६ | बंगाली | ८,७०६ | ७२.५१ |
| ७ | व्यासी | १,८२७ | ७२.४७ |

| | | | |
|---|---|---|---|
| ८ | नेवार | ११,२३,१३८ | ७१.२२ |
| ९ | तराई वाह्मण | १,१८,५५३ | ७१.२१ |
| १० | ह्योल्मो | ४८८ | ७०.७ |
| ११ | राजपूत | ४२,८३५ | ७०.३३ |
| १२ | नुराङ्ग | - | ६८.४८ |
| १३ | वानियाँ | - | ६७.५ |
| १४ | ठकुरी | - | ६३.३९ |
| १५ | दुरा | | ६३.२६ |
| १६ | कलवार | - | ६०.३४ |
| १७ | क्षत्री | ३०,८४,२९० | ६०.११ |

स्रोत : राष्ट्रिय जनगणना, २०५८ केन्द्रिय तथ्याङ्क विभाग ।

यसरी क्षत्रीको शैक्षिक अवस्था कलवार, दुरा भन्दा पनि पछि १७ औं स्थानमा रहेको देखिन्छ । ह्योल्मो र व्यासी भन्दा पनि कमजोर जाति कसरी शासक सामन्त हुन्छ ? शैक्षिक रुपमा हेर्दा १७ औं स्थानमा रहेको जातिका छोराछोरीले आरक्षण नपाउने तर तेस्रो स्थानमा रहेका कायस्थ र चौंथो स्थानमा रहेका थकाली जातिका छोराछोरीले आरक्षण पाउने अवस्थाको सृजना भएको छ । यसर्थ आरक्षण जातिय आधारमा नभई वर्गीय आधारमा हुनुपर्ने देखिन्छ ।

### ५.३.२ आर्थिक अवस्था

राज्यले आर्थिक रुपमा उच्च ठानेको क्षत्री जातिको आर्थिक अवस्था (गरिबीको रेखामुनी) निम्न तालिका द्वारा गलत सावित भएको छ ।

**तालिका नं. ७**

**जातजाति र गरिवीको रेखामुनी रहेको जनसंख्या प्रतिशत**

| क.सं. | जाति/जनजाति | गरिबीको रेखामुनीको प्रतिशत |
|---|---|---|
| १ | नेवार | २५ |
| २ | बाह्मण | ३५ |
| ३ | मुश्लिम | ३८ |
| ४ | यादव | ४० |
| ५ | गुरुङ्ग | ४५ |
| ६ | थारु | ४८ |
| ७ | क्षत्री | ५० |
| ८ | राई | ५६ |
| ९ | मगर | ५९ |
| १० | तामाङ | ५९ |

स्रोत : राष्ट्रिय जनगणना, २०५८ केन्द्रिय तथ्याङ्क विभाग ।

यो तथ्याङबाट के स्पष्ट हुन्छ भने आर्थिक रुपले सम्पन्न, शासक वर्ग भनेर कहलाएका क्षत्रीहरुको कमैया थारुहरुको भन्दा पनि कमजोर आर्थिक स्थिति रहेको छ । यसरी जातिय आरक्षणका नाममा क्षत्रीहरुको भन्दा राम्रो आर्थिक स्थिति भएका गुरुङ र थारु जातिले राज्यका हरेक अंग, तह र क्षेत्रमा आरक्षण प्राप्त गर्ने तर क्षत्रीहरु यस अवसरबाट वञ्चित हुने अवस्थाको सृजना भएको छ ।

### ५.३.३ मानव विकास स्तरको स्थिति

नेपाल विश्वकै गरिब राष्ट्रहरु मध्ये एक हो । एक तथ्याङ्कले नेपालको ७८ प्रतिशत जनसंख्या दैनिक २ डलर भन्दा कम आय भएको देखाएको छ (PRB, 2009) ।

एक सय भन्दा बढी जाति/जनजाति भएको देशमा करिब ८० प्रतिशत जनसंख्या अत्यन्त न्यून आय भएको, यो तथ्याङ्कले नेपालको बहुसंख्यक जनसंख्या गरिबीको रेखामुनी रहेको र यस्तो जनसंख्या सबै जाति/जनजातिमा रहेको तथ्यलाई औल्याउँछ। मानव विकासको स्तरलाई प्रतिविम्बित गर्ने सबैभन्दा स्तरीय मापन मानव विकास सुचाङ्क (Human Development Index, HDI) नै हो। मानव विकास सुचाङ्क औसत आयुको अवस्था, साक्षरता तथा शैक्षिक स्तर, प्रतिव्यक्ति आय आदिलाई आधार मानी हिसाब गरिने हुँदा यो सुचाङ्कले कुनै पनि स्थान वा समुदायको सामाजिक, शैक्षिक, आर्थिक विकासको अवस्थालाई स्पष्ट रुपमा प्रतिविम्बित गर्दछ। नेपालको प्रशासनिक विकासक्षेत्र अनुसार मानव विकास सुचाङ्क भिन्न भिन्न रहेको देखिन्छ।

**तालिका नं. ८**

**विकास क्षेत्र अनुसार मानवविकास सुचाङ्क र गरिबी प्रतिशत**

| विकासक्षेत्र | मानव विकास सुचाङ्क (HDI) | गरिबीको प्रतिशत | कैफियत |
|---|---|---|---|
| पूर्वाञ्चल | ०.५२६ | २९.३ | क्षत्री अधिक रहेको क्षेत्र |
| मध्यमाञ्चल | ०.५३१ | २७.१ | |
| पश्चिमाञ्चल | ०.५१६ | २७.१ | |
| मध्यपश्चिमाञ्चल | ०.४५२ | ४४.८ | क्षत्रीहरु अधिक रहेको क्षेत्र |
| सुदूरपश्चिमाञ्चल | ०.४६१ | ४१.० | क्षत्रीहरु अधिक रहेको क्षेत्र |
| नेपाल | ०.५०९ | ३०.८ | |

Source: UNDP, 2009, 2009:34 (Nepal Development Report, 2009)

नेपालको मानवविकास सुचाङ्कलाई हेर्दा देशको औसत सुचाङ्क (०.५०९) रहेको छ। विकास क्षेत्र अनुसारको HDI हेर्दा क्षत्रीहरुको जनसंख्या प्रतिशत अधिक भएका विकासक्षेत्रहरुमा HDI न्यून र गरिबीको दर उच्च रहेको देखिन्छ। जुन नेपालको औषत HDI र गरिबीको रेखामुनीको प्रतिशत भन्दा पनि कमसल रहेको छ।

कुनै पनि जाति/जनजातिको सामाजिक,आर्थिक विकासको स्तर विभिन्न जनसांख्यिक सुचाङ्कहरु मार्फत पनि पत्ता लगाउन सकिन्छ । सन् २००६ मा गरिएको Nepal Domographic and Health Survey - २००७ को तथ्याङ्कका आधारमा वर्गीकरण गरिएको जाति/जनजातिहरुको शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर यस प्रकार रहेको देखिन्छ ।

**तालिका नं. ९**

**जातजाति अनुसार शिशु तथा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर, २००६**

| क.सं. | जाति/जनजाति (Caste/Ethnicity) | शिुश मृत्यु दर (Infant Mortality Rate-IMR) | पाँचवर्ष मुनिका बालबालिकाको मृत्यदर (Under 5 mortality Rate - U5MR) |
|---|---|---|---|
| १ | नेवार | ३६ | ४३ |
| २ | ब्राह्मण (पहाड) | ३६ | ४५ |
| ३ | मधेसी | ५५ | ५५ |
| ४ | जनजाति (पहाड) | ५६ | ७४ |
| ५ | जनजाति (सबै) | ५९ | ८० |
| ६ | जनजाति (तराई) | ६६ | ८७ |
| ७ | दलित (सबै) | ६८ | ९० |
| ८ | क्षत्री (पहाड) | ७० | ९१ |

Source: UNDP, 2009:172 (Nepal Human Development Report, 2009)

जातजाति अनुसार शिशु मृत्युदरलाई हेर्दा देशका सबै जाति जनजातिको भन्दा क्षत्री जातिको बाल तथा शिशु मृत्युदर उच्च रहेको देखिन्छ । सबै जनजाति,

दलितहरुको भन्दा पनि क्षत्रीहरु शिशु तथा बालबालिकाहरुको मृत्युदर उच्च रहेको देखिन्छ । ब्राहमण र नेवार जातिको भन्दा क्षत्री जातिको बालबालिकाको मृत्युदर दोब्बर भन्दा पनि बढी रहेको देखिन्छ । सोही प्रतिवेदनमा उल्लेखित जाति/ जनजातिहरुको औषत आयुलाई हेर्दा पनि सन् २००६ मा नेपालको औसत आयु ६३.६९ वर्ष रहेकोमा क्षत्रीहरुको औसत आयु राष्ट्रको औसत आयुभन्दा न्यून (६०.६१ वर्ष) रहेको देखिन्छ भने, नेवारको (६८ वर्ष) र पहाडी जनजाति (६४.१५ वर्ष) को औसत आयु देशको औसत आयु भन्दा उच्च रहेको देखिन्छ । सामान्यतया आमा र शिशुलाई पोषणको अभाव हुनु, स्वास्थ्य समस्या परेको समयमा उपचार गर्न नसक्नु, जनचेतनाको अभाव भएका स्थानमा वा समुदायमा बाल तथा वयस्क मृत्युदर उच्च हुन्छ । क्षत्रीहरुको औसत आयु कम र मृत्युदर उच्च रहनुले उनीहरुको सामाजिक आर्थिक अवस्था अत्यन्त दयनीय भएको कुरालाई पुष्टि गर्दछ । नेपालका जाति/जातजातिहरुको मानव विकास सुचाङ्कले पनि सोही कुरा दर्शाउँछ । सन् २००६ को तथ्याङ्कलाई आधार मानेर UNDP, 2009 द्वारा प्रकाशित नेपालका जाति/जनजातिहरुको मानव विकासको अवस्था यस प्रकार छ ।

**तालिका नं. १०**

**जाति/जनजाति अनुसार मानव विकास सुचाङ्क, २००६**

| क.सं. | जाति जनजाति | मानव विकास सुचाङ्क (HDI) |
|---|---|---|
| १ | ब्राह्मण/क्षत्री (तराई/मधेस) | ०.६२५ |
| २ | नेवार | ०.६१६ |
| ३ | ब्राह्मण (पहाड) | ०.६१२ |
| ४ | अन्य | ०.५५९ |
| ५ | ब्राह्मण/क्षत्री (सबै) | ०.५५२ |

| | | |
|---|---|---|
| ६ | सबै हिमाली तथा पहाडी समुह (नेवार समेत) | ०.५३१ |
| ७ | सबै पहाडी जनजाति | ०.५३० |
| ८ | सबै हिमाली  तथा पहाडी समुह | ०.५२३ |
| ९ | क्षत्री (पहाड) | ०.५१४ |

Source: UNDP, 2009: 156 (Nepal Human Development Report, 2009)

नेपालका जाति/जनजातिहरुको मानव विकास सुचाङ्क हेर्दा सबैभन्दा राम्रो सुचाङ्क तराई तथा मधेसी मूलका ब्राह्मण/क्षत्रीहरु को (०.६२५) रहेको देखिन्छ भने मानव विकासका दृष्टिले नेवार दोस्रो विकसित जातिको रुपमा रहेको देखिन्छ । सबैभन्दा राम्रो अवस्था भएको मानिएका ब्राह्मणहरु समेत मानव विकासका दृष्टिले भने तेस्रो स्थानमा रहेको देखिन्छ भने जनसंख्याको दृष्टिकोणले सबैभन्दा अगाडी रहेको र आरक्षणको सुविधाबाट वन्चित क्षत्री जाति मानव विकासका दृष्टिले भने ९ औं स्थान रहेको देखिन्छ ।

### ५.३.४ राजनीतिक अवस्था

नेपालको अन्तरिम संविधान २०६३ भाग ७ धारा ६४ (४) तथा संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा समानुपातिक तर्फ ३७.८ प्रतिशत आदिवासी जनजाति, ३१.२ प्रतिशत मधेशी, १३ प्रतिशत दलित र ४ प्रतिशत पिछडिएको क्षेत्र र ३०.२ प्रतिशत 'अन्य' लाई छुट्याइएको छ र अन्यमा' क्षत्री, बाहुन, सन्यासी, चुरौटे र ठकुरीलाई राखिएको छ ।

नेपालमा विभिन्न आरोह-अवरोह पार गर्दै २०६४ चैत्र २८ गते संविधान सभाको निर्वाचन सम्पन्न भएको छ । नेपालको इतिहासमै पहिलो पटक सम्पन्न यस ऐतिहासिक निर्वाचनमा २४० प्रत्यक्ष निर्वाचनबाट, ३३५ समानुपातिक निर्वाचनबाट र २६ जना मनोनित गरी जम्मा ६०१ सदस्यीय संविधान सभाको व्यवस्था भएको छ । लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गरी देशको लागि भावी संविधान निर्माण गर्ने ऐतिहासिक जिम्मेवारी प्राप्त यस संविधानसभामा, क्षत्री जाति संविधानमै 'अन्यको'

सूचीमा परेकोले क्षत्री जातिको समुचित रुपमा प्रतिनिधित्व हुन सकेको छैन । जनसंख्या (१५.८ प्रतिशत) को आधारमा ९६ जनाको प्रतिनिधित्व हुनुपर्नेमा क्षत्री जातिका ५६ जना मात्र प्रतिनिधि, संविधान सभामा छन् । यो अवस्था आरक्षण र समानुपातिक जस्ता व्यवस्थाबाट सृजना भएको हो । जसका कारण क्षत्रीका नाममा अरु जातिले प्रतिनिधित्व गरिरहेको अवस्था छ (क्षत्री आवाज-२०६६) ।

हाल (वर्तमानमा) राज्यका उच्च पद तथा निकायहरुमा क्षत्री जातिको उपस्थिति यस प्रकार रहेको छ ।

**तालिका ११**

**राज्यका उच्च पद तथा निकायमा क्षत्री जातिको उपस्थिति**

| क्र.सं. | विवरण | क्षत्री जातिको उपस्थिति | कैफियत |
|---|---|---|---|
| १. | देशको सर्वोच्च पदहरु, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, सभामुख, उप-सभामुख र प्रधानान्यायधिस | × (एक जना पनि नरहेको) | |
| २. | संविधान सभामा प्रत्यक्ष तर्फ, गण्डकी अञ्चलबाट भएको सभासदको प्रतिनिधि | × (एक जना पनि नरहेको) | |
| ३. | काठमाडौं उपत्यकाबाट संविधान सभामा प्रत्यक्ष तर्फ सभासदको प्रतिनिधि | १ (एक जना) | |
| ४. | जनआन्दोलन एक पश्चात्, काठमाडौं जिल्लाबाट सर्वोच्च विधायिकामा भएको प्रतिनिधित्व | १ (एक जना) | १३ जना नेवार, १५ जना ब्राह्मण |
| ५. | जनआन्दोलन एक पश्चात् ललितपुर जिल्लाबाट प्रत्यक्ष निर्वाचनद्वारा भएको प्रतिनिधित्व | × (एक जना पनि | |

| | | | |
|---|---|---|---|
| | | नरहेको) | |
| ६. | वि.सं. २०१५-२०६५ सालसम्मको निर्वाचनको इतिहासमा कास्की जिल्लाबाट भएको सांसदको प्रतिनिधित्व | १ (एक जना) | |
| ७. | मोरङ्ग जिल्लाको सम्पूर्ण निर्वाचनको प्रतिनिधित्व | ५ प्रतिशत (जनसंख्या ११.२ प्रतिशत) | १३ प्रतिशत जनसंख्या भएको ब्राह्मणको ४७.२ प्रतिशत प्रतिनिधित्व रहेको छ । |
| ८. | वि.सं. २०५६ सालको स्थानीय निर्वाचनमा, नगरप्रमुखको स्थिति | ७ (क्षत्री र ठकुरी) जनसंख्या १५.८ प्रतिशत र १.४७ प्रतिशत) | ५.४८ प्रतिशत जनसंख्या भएको नेवारको २४ जना नगर प्रमुखको प्रतिनिधित्व रहेको छ । |
| ९. | हाल (२०६६/०९/०२) नेपाल सरकारका सचिवहरु तथा विशिष्ट क्षेत्रका अधिकृतहरु | ६ जना | ब्राह्मणबाट ४४ जना |

स्रोत : क्षत्री आवाज, २०६६ ।

यसरी माथिका सम्पूर्ण तथ्यहरुद्वारा के प्रमाणित हुन्छ भने क्षत्री जातिहरु शैक्षिक, आर्थिक सामाजिक, राजनैतिक आदि पक्षहरुबाट पिछडिएका छन् । अझ राज्यले गरेको आरक्षणको व्यवस्था र त्यसबाट क्षत्री वञ्चित हुनुले क्षत्रीजातिको स्थिति अझ दयनीय हुने देखिन्छ । यो 'क्षत्री समाज नेपाल' को आन्दोलनको एक महत्वपूर्ण कारण हो, यो सन्दर्भमा क्षत्री समाज नेपालले जातिय आरक्षण खारेज गरी वर्गीय आरक्षणको व्यवस्था गर्नुपर्ने तथा राज्यको हरेक अंग र तहमा जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने मागहरु अघि सरी आन्दोलित भइरहेको छ ।

## ५.४ खस क्षत्री आदिवासी जाति

नेपाली भूमिमा अनादिकालदेखि बसोबास गर्दै आएका खस क्षत्रीहरु आदिवासी जाति हुन् भन्ने सन्दर्भमा विभिन्न पौराणिक ग्रन्थ, साहित्य, ऐतिहासिक एवं पुरातात्विक अन्वेषण तथा अध्ययनबाट प्रमाणित हुन्छ । यहाँ विभिन्न अवधारणा र ऐतिहासिक प्रमाणहरुलाई सङ्क्षेपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

नेपालको लिखित र प्रामाणिक इतिहास इस्वीको पाँचौ शताब्दी अर्थात् ई. ४६४ को मानदेवद्वारा स्थापित चाँगुनारायणको स्तम्भले पुष्टि गरेको छ । राजा मानदेव वैशालीबाट काठमाडौं उपत्यका पसेका लिच्छविवंशीय क्षत्री थिए भन्ने तथ्य चाँगु स्तम्भको शिलापत्र स्वयंले यसरी स्पष्ट पारेको छ : “क्षात्रेर्णाजनवाश्रयेण विधिना दीषाश्रितोहं स्थितः” अर्थात् क्षत्रीको धर्मबमोजिम दीक्ष लिएर म बसिरहेको छु । यसै गरी शिलालेखमा ब्राह्मणको प्रसंग पनि आउँछ । धर्मदेवकी रानी अर्थात् राजा मानदेवकी आमा राज्यवतीले ब्राह्मणहरुलाई दान दिँदै सतीव्रतमा रहेको प्रसंग त्यहाँ परेको छ । यति मात्र होइन लिच्छविकालका अधिकांश अभिलेखहरुमा बारम्बार क्षत्री-बाहुनलगायत चार वर्ण अठार जातिको प्रसंग आउने गर्छ । परिस्कृत संस्कृत भाषामा लेखिएका लिच्छविकालीन अभिलेखहरु स्वयंले त्यस बखतको समाजमा हिन्दू धर्ममा ब्राह्मण र क्षत्री जातिको झन् वर्चश्व थियो होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ किनभने चाँगुस्तम्भबाहेक अन्य लिच्छवि अभिलेखहरुमा पनि यी जाति र नेपालको वर्ण व्यवस्थाबारे यथेष्ट उल्लेख गरिएको पाइन्छ । हिजो आज ‘चार वर्ण छत्तीस जात’ भनेझै तिनताका ‘चार वर्ण अठार जात’ भन्ने चलन रहेको तथ्यलाई पनि उक्त अभिलेखहरुले स्पष्ट पार्दछन् । यस तथ्यलाई सम्वत् ४२८ को थानकोट आदित्यनारायणको वसन्तदेवको अभिलेखमा पनि उत्तिकै अकाट्य ढंगले पुष्टि गरिएको छ । यसमा जय पल्लिकका ग्राममा बस्ने ब्राह्मण, मुखियालगायत गाउँका अठारै जातका गृहस्थीहरुलाई कुशल मंगल सोधेर आज्ञा भएको छ भन्ने सुस्पष्ट व्याख्या परेको छ । यताबाट नेपालमा लिच्छविकालदेखि नै क्षत्री-बाहुनलगायत अठारै जातिको अस्तित्व मात्र होइन वर्चश्व नै रहेको छ बरु लिच्छविकालीन अभिलेखहरुलाई केस्राकेस्रा केलाउने प्रा.डा. जगदीशचन्द्र रेग्मी जस्ता संस्कृतिसाधकहरुको निष्कर्ष के छ भने लिच्छविकालमा गुरुङ, मगर र यस्तै मंगोल खलकका अरु जातिहरुको

परिचयसम्म पनि पाइँदैन । संभवतः यी जाति पछि मात्र नेपाल आएका थिए भनी उनले आफ्नो पुस्तक 'लिच्छवि संस्कृति' मा उल्लेख गरेका छन् (के.सी., २०६६: ३२) ।

उपर्युक्त आधारहरुबाट क्षत्री-बाहुनहरु नेपालका कति प्राचीन जाति रहेछन् भन्ने अकाट्य प्रमाण मिल्छ । दुर्भाग्य, लिच्छविहरु पनि किरातहरुकै जस्तो विस्थापित हुन पुग्दा यो परम्परा र समाज अविच्छिन्न रहेन । आठौं-नवौं शताब्दीपछि काठमाडौंको सत्ताबाट लिच्छविहरु एकाएक ओझेल पर्न पुगे र इतिहास एकप्रकार अन्धकारमा पर्न गयो । काठमाडौं शासन पनि उपत्यकामै सीमित रहन थाल्यो । एकैचोटी बाह्रौ शताब्दीमा काठमाडौंमा राजा ठकुरी र प्रजा गैर ठकुरीको नेवार राज्य देखा पर्न पुग्यो भने सुदूर पश्चिमबाट खसहरुको बेलाबेलामा काठमाडौं उपत्यका नै हान्ने अन्यथा पुर्वमा चेपे-मर्स्याङ्दी र पश्चिममा कुमाउँ गढवाल अनि उत्तरमा तिब्बतको गुंगेसम्मको विस्तृत राज्यमा अधिकार जमाउन सफल भए । इतिहासमा यसलाई 'खस साम्राज्य' भन्ने नाम दिइयो (के.सी., २०६६: ३३) ।

खसहरु आर्यजातिका र काश्मीरी तथा दरदहरु जस्तै भएको तर्क अघि सार्दै उनीहरु यहाँ भारतयुद्धकाल (१२००-१४०० ई.पूर्व) तिर शतलज नदीका माथिल्ला भागमा र मानसरोवर लेक वरिपरि बस्ने गरेको उल्लेख, रबर्ट शेफरले गरेका छन् । उनले खसहरुलाई नेपाल र कुमाउँका हिमाली क्षेत्रका बासिन्दा मान्दछन् (शेफर, १९५४: ५३) । अर्का विद्वान् ग्रिअरसन खसहरुका पुर्खा मध्यएशियाबाट पश्चिम उत्तरभारत, हिमालयका पाद्भाग हुँदै नेपालसम्म बसोबास गरेको उल्लेख गर्दछन् ( ग्रिअरसन, १९६८: १८) । उनी खसहरु क्षत्री भएका र उनीहरुको भाषालाई खस भाषा भनिएको र त्यही भाषालाई पछि नेपाली भाषा भनिएको स्पष्ट पार्दछन् (ग्रिअरसन, १९६८: १८, उदृत, क्षत्री - २०६६) ।

खस जाति नेपालको एक सुविख्यात, लडाकु र वीर जाति हो, जो नेपाल, सिक्किम, भुटान, कुमाउ, गढवाल कागडासम्म व्याप्त रहयो र हालसम्म त्यही स्थिति रहेको छ (के.सी., २०६५: ४२) । संयोग नै भन्नुपऱ्यो, यस जाति र यसको राज्य केन्द्र पनि प्राचीनकालदेखि नेपाल नै रह्यो, जसको फलस्वरुप यो देश नै खस देशले पनि

सम्बोधित हुन पुग्यो । यस जातिको राज्य शासन गान्धार, मादक, मत्स्य र त्रिगर्तमा समेत भएको उल्लेख पाइन्छ (के.सी., २०६५: ४२) । खस जाति एक ज्यादै प्राचीन जातिमा पर्दछ । यस जातिको चर्चा ईसापूर्व ३००० देखि नै सुरु भएको पाइन्छ र यस जातिको लिपिको प्रचलन ३,००० वर्ष इ.पू. तिर चलिसकेको पाइन्छ । जुन लिपिको अध्ययन मननले कस जाति, कस साम्राज्य, कस राजाहरुको नाम, शासनकाल, राज्य व्यवस्था, कस भाषा र कस जातिका देवीदेवताका सन्दर्भमा महत्वपूर्ण जानकारी पाउन सकिन्छ (इन्साइक्लोपेडिया, ब्रिटानिका, उद्धृत-अधिकारी, २०६१: १०) । यहाँ स्पष्ट हुन जरुरी के छ भने कस जाति नै अन्ततः खस जाति थिए । यसलाई विश्वप्रसिद्ध विश्वज्ञानकोष (Encyclopaedia Britanica) लाई उद्धृत गर्दै खस अधिराज्य शीर्षकमा विद्यावारिधि गर्ने विद्वान सूर्यमणि अधिकारी लेख्दछन् :

खस जातिको पूर्व प्रमाणका पदचिन्ह पहिल्याउँदै जाँदा नेपालबाट क्रमशः पश्चिमतर्फ कुमाउँ-गढवाल-काश्मीर-बाल्हीक (बडाखशान या हिन्दूकुश) इरान र इरानको सीमानामा पर्ने खसिस्तान (Khuzestan) हुँदै बेबिलोनियाको कस्साइट (Kassite) साम्राज्यसम्म पुग्नु पर्ने देखिएको छ । पश्चिमेसियामा खसहरुलाई “कस” भनिन्थ्यो । अंग्रेजहरुले हित्ती जातिलाई हिट्टाइट्स (Hittites), अमोर जातिलाई अमोराइट्स (Amorites) भने जस्तै कसहरुलाई कस्साइट्स (Kassites) भनेर लेख्ने गर्छन् । कस वा कस्साइट्स खस जातिकै प्राचीन नाम हुन् । पश्चिमेसियाका कश्यप सागर (Caspian Sea) र ककेसस पर्वतका नाम पनि कस जातिसँग सम्बन्धित जस्ता लाग्छन् ... कस शब्द कालान्तरमा “खस” उच्चारित हुन थाल्यो । पश्चिमेसियामा छँदा नै कसहरु लडाकु विजेता जातिका रुपमा विख्यात भइसकेको बुझिन्छ (अधिकारी, २०६१: २०) ।

लामो समयको अन्तरालमा शब्दको उच्चारणमा फरक, मानिस वा समुदायका धेरथोर भाषिक भिन्नता रहनु स्वाभाविकै हो । यसको स्पष्ट प्रमाणका रुपमा अङ्ग्रेज लेखकहरुले Nepal (नेपाल) को उच्चारण Nepaul (नेपौल) भनी लेख्ने र उच्चारण गर्ने गरेकोलाई प्रस्तुत गर्न सकिन्छ । माथिको उद्धरणको खस जातिको प्राचीनताको इतिहासलाई स्पष्ट पार्दछ । त्यतिबेला खसहरु मध्य एशिया, काबुल, सिन्धुक्षेत्र,

यमुनाक्षेत्र, पश्चिम तिब्बत र गण्डकी क्षेत्रअन्तर्गत यत्रतत्र छरिएर रहेका देखिन्छन् ( क्षत्री, २०६६), खस जातिको यस भूमिका उनीहरुको स्पष्ट अस्तित्वलाई अहिलेसम्म नै खस जातिको बारेमा गहिरो अध्ययन एवं विश्लेषण गरी 'खस जातिको इतिहास' नामक कृति नै प्रकाशमा ल्याइसकनुभएका एक विख्यात विद्वान् एवं भाषाविद् प्राध्यापक बालकृष्ण पोखरेलले खस इतिहासको वास्तविकतालाई यसरी स्पष्ट पार्दछन् :

नेपाली भाषालाई मातृभाषाको रुपमा सनातनदेखि बोल्दै आएको हिमाली जातिलाई खस र नेपाली भाषालाई खस कुरा भन्ने चलनबारे हामीलाई ज्ञान भइसकेको छ । खसहरुको देश उहिले हिमालमा खसान् कहलाउँथ्यो र यसको अर्को नाम सपादलक्ष पनि थियो । सपादलक्षको छोटो नाम पर्वत भएको हुँदा खसहरुलाई नै पर्वते भन्ने चलन पनि चलेको सत्य सहज अनुमेय छ । त्यसैले संक्षेपमा भन्नुपर्दा नेपालका जो-जो पर्वते छन् ती सबै खस हुन् (पोखरेल, २०५५: ६३५) ।

विद्वान् भाषाविद् पोखरेलले खस जातिको अन्य जातिसँगको् सम्मिश्रण र गोर्खाली, पर्वते र खस संज्ञाहरु ऐतिहासिक परिप्रेक्ष्यमा समानार्थी भएको अवधारणा अघि सार्नुका साथै अन्ततः खस नै आजको क्षत्रिय हो भन्ने स्पष्ट धारणा प्रस्तुत गर्दछन् । उनी खसलाई 'पर्वते' भनिनुको कारण र वर्तमान पर्वत जिल्लासँग त्यसको व्युत्पतिको सन्दर्भमा देहायको टिप्पणी तर्कयुक्तय देखिन्छ ।

"पर्वते संज्ञा पर्वतनामक स्थलको तद्धितबाट उत्पन्न भएको हो । आज पर्वत नेपालको एक जिल्लामा सीमित छ तर प्राचीनकालमा पर्वत सम्पूर्ण सपादलक्ष देश ( खसान) को छोटो नाम थियो । अतः पर्वते भनेको सपादलक्ष अथवा खस हो । आफूलाई पर्वते भन्नेहरु स्वतः गोर्खाली अथवा खससमेत ठहरिन्छन्" (पोखरेल, २०५५: ६३३) ।

खस क्षत्रीहरु यथार्थमा यसै भूमिका आदिवासी भूमिपुत्र हुन् तर आफ्नै इतिहासप्रतिको अनभिज्ञता र अल्पज्ञानका कारण उनीहरुमध्ये कतिपयले आफ्ना पूर्खाहरु भारतको चित्तौरगढका राजपुतसँग जोड्दछन् भने ब्राह्मणहरु कान्यकुब्ज र गौडदेशको सपना देख्छन् (के.सी., २०६५: ३) । मेरो विचारमा कुमाउँ गढबाल हुँदै

पश्चिम नेपाल प्रवेश गर्ने क्षत्री बाहुनहरु सबै खसमूलका हुन् भन्ने लाग्दछ । यसको उदाहरणका रुपमा स्वयं खसहरु नै ब्राह्मण, ठकुरी, मल्ल आदिमा रुपान्तरण भएका, यिनीहरुमध्ये नै कतिपय आफ्नै पूर्व अवस्थामा मतवाली अर्थात् पावई खस भएका र सोही अवस्थामा रहेका हाम्रै सुदुर पश्चिमलाई प्रस्तुत गर्न सकिन्छ (क्षत्री, २०६५) । स्पष्ट कुरा के हो भने सिधै दक्षिण भारतबाट प्रवेश गरेका ब्राह्मण लगायतका अन्य थरका मानिसहरु र कुमाउँ गढवाल हुँदै आदिकालदेखि सुदूर पश्चिमतिर आई बसोबास गर्न खस (ब्राह्मण/क्षत्री) हरुबीचको धर्म संस्कृति एवं संस्कारगत कुरामा पनि केही भिन्नता र लचकता पाइन्छ (क्षत्री, २०६५) ।

खस क्षत्रीहरु यही माटोका आदिवासी एवं भूमिपुत्र हुन् भन्ने प्रमाणका रुपमा खस अधिराज्यलाई नै मूल विषय बनाई त्यसैमा विद्यावारिधि गर्ने विद्वान् इतिहासविद् सूर्यमणि अधिकारीको भनाईलाई लिन सकिन्छ, जुन यस प्रकार छ :

युगौंदेखि पहाडी सवर्ण समुदायको मातृभाषा, खसहरुले बोल्ने भाषा अर्थात् खस भाषा नै रहिआएको छ । पहाडी बाहुन तथा क्षत्रीका अधिकांश थरहरु खस साम्राज्यका सरकारी दर्जाबाट अथवा मध्यकालीन कर्णाली प्रदेश वा कुमाउँ भेगका गाउँका नामबाट रहन गएका देखिन्छन् । यस्ता थरहरु भारतको मैदानी भागका बाहुन क्षत्रीका प्रायः हुँदैनन् । पहाडी सवर्ण समुदायका वैश्य जातिको अस्तित्व पाइँदैन । यस्तो लाग्छ कि खसहरु बाहुन, ठकुरी अथवा क्षत्रीको रुपमा आफ्नो स्थान कायम गर्न उत्सुक भए किनकी वैश्यको स्थान उनीहरुको भन्दा उच्च मानिँदैनथ्यो । पहाडी ब्राह्मण समाजमा विधवा विवाह र अन्तरजातीय विवाहले परम्परागत रुपमा मान्यता पाइआएको देखिन्छ । जब कि यस्तो प्रचलन भारतीय मैदानका ब्राह्मणहरुमा निन्दनीय र बर्जित मानिन्थ्यो (अधिकारी, २०६१: ०३) ।

खस क्षत्रीहरु आदिवासी भएको थप पुष्टिका लागि विद्वान् इतिहासविद् ज्ञानमणि नेपालको भनाइ पनि प्रस्तुत गर्न सकिन्छ जुन यसप्रकार छ :

हाम्रो देशमा पश्चिम कश्मिरदेखि लिएर उत्तर हिमालसम्मको जुन श्रृङ्खला छ, यसमा पहाडी जातिहरुको धेरै पहिलेदेखि यसतर्फ आगमनको प्रक्रिया चलेको पाइन्छ ।

आगमनको त्यो प्रक्रियामा सर्वप्रथम 'नृप' भन्ने जाति नेपाल आएका हुन् । नेपालमा सर्वप्रथम 'नृप' जाति आएर बसोबास गरी शासन गरेको हुनाले यसको नाम नेपाल रहन गएको हो भन्ने कुरा प्रमाणित भएको छ । पश्चिम सिन्ध, उपत्यकाबाट पहाडै पहाड नृपहरुको एक शाखा यता काठमाडौं पसेको देखिन्छ । उनीहरुपछि 'शक' जातिहरुको आगमन भयो । त्यसपछि खसहरु आए (नेपाल, २०५२: १५) ।

खस क्षत्रीहरु आदिवासी एवं यही माटोका भूमिपुत्र हुन् भन्ने थप पुष्टि र प्रमाणका लागि यो भनाइ पनि प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ :

हेमिल्टनले 'नेपालको वयान' मा नेपाल उपत्यका र काश्मिरबीचको प्रदेशलाई 'खस', त्यहाँका निवासीलाई 'खसिया' अनि त्यहाँ बोलिने बोलीलाई 'खस भाषा' भन्दछन् भनी उल्लेख गरेका छन् (उद्धृत-जोशी, २०२८: ५४) । प्रसिद्ध विद्वान् राहुल सांकृत्यायन आफ्नो कृति 'कुमाउँ' मा लेख्दछन् :

"पहाडमा बस्नको निमित्त वैदिक आर्यहरु धेरै पछि आए । उनीहरु आउनुभन्दा अगाडि नै उनीहरुकै भाइबंद खस मध्यएशियाको पहाडै पहाड भएर गिलगितबाट काली नदी (महाकाली) र त्यसपछि नेपालको पूर्वी सीमान्तसम्म फैलिएर गए ... खसहरुको निवासभूमि धेरै विशाल छ, कुनै बेला यी खसहरु काशगर (खसगिरि) देखि लिएर प्रायः सारा हिमालयमा सम्मिलित भएका थिए (उद्धृत-जोशी, २०२८: ५४) ।

यहाँ उद्धृत उल्लेखकै आधारमा मात्र पनि खस प्रदेशले कति व्यापकता पाएको थियो र कति विशाल क्षेत्र ओगटेको थियो भन्ने कुरा स्पष्ट हुन्छ । कर्णाली अञ्चलमा बसोबास गर्ने आदिवासीको सम्बन्धमा चर्चा गर्दा अन्वेषक सत्यमोहन जोशी अर्का प्रसिद्ध अन्वेषक योगी नरहरिनाथको भनाईलाई आधार बनाउँदै वनमान्छे, कुसुन्डा र राउटे पछि जाड (भोटे जाति) हरु र खसहरु भएको उल्लेख गर्दछन् (जोशी, २०२८: ११) । कर्णाली नदीको दायाँ बायाँ अर्थात् कर्णाली नदीको उपल्लो प्रदेशमा जाडहरु ( भोटे जाति) र कर्णाली नदीको तल्लो प्रदेशमा खसहरु (खस जाति) बसोबास गरेको उल्लेख गर्दछन् (जोशी, २०२८: ११- १२) ।

खस क्षत्रीहरु आदिवासी भएको कुरा स्वयं कर्णाली अञ्चल निवासी एवं एक अन्वेषक श्री भीमप्रसाद श्रेष्ठ यसरी व्यक्त गर्दछन् : "जुम्लाको प्राचीनताको पनि प्राचीनताको प्रतीकका रुपमा यसै खस (पाबई खस) जाति विशेषलाई अघि सार्नुपर्छ ... कर्णाली अञ्चलमा आदिवासीहरुको सन्ततिमा पाबईको चोखो छाप देखापर्दछ (उद्धृत- जोशी, २०२८: १५) । खस क्षत्रीहरु आदिवासी भएको तार्किक दृष्टान्त स्थापित अन्वेषक सत्यमोहन जोशी यसरी प्रस्तुत गर्दछन् :

... मध्यएसियामा बस्ती सुरु भए पछि त्यहाँबाट एकाथरी खस जातिका मानिसहरु दक्षिण-पूर्व झरेर हिमाली पाखा हुँदै महाकाली नदी पार गरेर तल्लो भेकका कर्णाली नदीकै कर्णाली अञ्चलमा पनि घरजम गरेर बस्न थाले । अर्काथरी जाड (भोटे) जातिका मानिसहरु चाहिँ माथिल्लो भेकका कर्णाली नदीका मानसरोवर अञ्चलमा ( अथवा पश्चिम तिब्बत प्रदेशमा) । यसरी कर्णाली नदीका उपल्लो र तल्लो भेकका किनार र यसले चर्चेका इलाकाहरु आवाद भएपछि, हिमालपारिका मानसरोवर अञ्चलमा र हिमालवारिका कर्णाली अञ्चलमा दुई थरी पृथक् पृथक् जातिहरुको राज्य-शासन कायम भयो अर्थात् उत्तरतिर जाडहरुको र दक्षिणतिर खसहरुको । अनि जाडहरुको मुलुक 'जडान' नामले तथा खसहरुको मुलुक 'खसान' नामले प्रसिद्ध भयो ( जोशी, २०२८: १७) ।

इगरमोंटको अभिमतमा खसहरु नेपालका अशोककालीन एउटा प्रमुख जाति थिए (१९९१: १४१) । एटकिन्सनले खसहरुलाई नाग जाति सरह एक बलियो आर्यजाति भएको उल्लेख गर्दै यिनीहरु मध्यएशियाबाट धेरै अगाडि हिन्दूकुश, काश्मीर, कुमाउँ र नेपालमा आई हिमालय पर्वतमालाका विभिन्न भागमा बसोबास गरेको उल्लेख गर्दछन् (१९७४: ३८०-३९९) । खस सभ्यताको प्राचीनतालाई उजागर गर्दै विद्वान् रत्नकर देवकोटा लेख्दछन् - "सिन्धुघाँटीको सभ्यता र कर्णाली प्रदेशको सभ्यता एउटा मुद्राका दुईपाटा हुन्" (२०६४: ६८) । सिन्धुघाँटीको सभ्यताको अवधिलाई पुरातत्वविद्हरुले २,८०० देखि २,२०० ईशापुर्वलाई मानेका छन् (अधिकारी, २०५७: ४२) । पुरातत्व विभागका डेपुटी डाइरेक्टर जनरल तारानन्द मिश्रले तल्लो मुस्ताङमा गरेको उत्खनन एवं अध्ययनबाट पश्चिम एशियाबाट पंजाव र काश्मीर हुँदै आर्यजातिका अनेक समूह

नवपाषाण युगमै (नवौं-आठौं शताब्दी इ.पू. तिर) नेपालका उत्तरी पर्वतश्रेणीमा गुफा तथा नदीका किनारमा बसोबास गरेका अवशेषहरु फेला परेका छन् । जसको केही सम्बन्ध यी प्राचीन खस जातिसँग छ कि ? भनी उल्लेख गर्दछन् (मिश्र, २०६१: ३८) । यसमा खस क्षत्रीहरुको प्राचीनताका बारेमा कुनै द्विविधा नै छैन । कारण उनीहरुकै नाउँबाट स्थानविशेष नाउँ खसान एवं पर्वत (सपादलक्ष) रहेको र पश्चिम एशियाबाट पंजाव काश्मीर हुँदै नेपाल प्रदेश गर्ने आर्य नश्लका पहिला जाति नै खस क्षत्रीहरु रहेको विभिन्न प्रमाणहरुले स्पष्ट पारेका छन् । अतः यी विविध प्रमाणहरुले प्रमाणित गरिसकेका छन् कि अब खस क्षत्रीहरु लगभग इस्वीको पाँचौं शताब्दीतिर मात्र नेपाल प्रवेश गरेको अनुमान हुन्छ (अधिकारी, २०६१: ६०) भन्ने विद्वान्हरुको धारणा गलत थियो ।

खस क्षत्रीहरु यस भूमिका आदिवासी भएको स्पष्ट प्रमाणहरु भएका र कतिपय अवस्थालाई मध्येनजर गर्दा यहा परिभाषित परिभाषाअन्तर्गत रही आदिवासी जनजातिको दावी गर्न सक्ने आधारहरु हुँदाहुँदै पनि खसहरु जनजातिको अवस्थाबाट माथि उठी धेरै सभ्य एवं विकसित भैसकेकाले उनीहरु आदिवासी जाति भएको स्पष्ट हुन्छ । यस सन्दर्भमा वरिष्ठ राजनीतिज्ञ मोहनविक्रम सिंह लेख्दछन् - "... साविकका जनजाति पनि यदि अहिले आएर सामाजिक विकासका दृष्टिले अगाडि परिसकेका छन् भने तिनीहरु सदैव जनजाति रहिरहँदैनन् (जनआस्था साप्ताहिक, २ वैशाख, २०६६) ।

वि.सं. २०५८ सालमा नेपाल सरकारले जनजातिको अगाडी आदिवासी शब्द थपी आदिवासी जनजाति प्रतिष्ठान गठन गऱ्यो र आदिवासी जनजाति ऐन पारित गऱ्यो । उक्त ऐनमा आदिवासी जनजातिको परिभाषा यसरी उल्लेख गरिएको छ । "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज भएका, छुट्टै सांस्कृतिक पहिचान भएका, छुट्टै सामाजिक संरचना भएका र लिखित अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदायलाई सम्झनुपर्दछ ।"

क्षत्री समाज नेपालले, आदिवासी, जनजाति पून: सूचीकरण आयोगमा आफूहरुलाई आदिवासी जातिमा दर्ता गराइयोस भनी निम्न आधारहरु प्रस्तुत गरेको छ :-

१. क्षत्रीहरुको आफ्नै प्राकृत खस भाषा, मातृभाषा छ ।
२. क्षत्रीहरुको आफ्नै छुट्टै सामाजिक संरचना, रितिरिवाज, चाडपर्व, संस्कार-संस्कृतिहरु रहेका छन् ।
३. आफ्नै कृषि व्यवसाय, आमरक्षा संस्कृति रहेको ।
४. मष्टोपूजन, गोठपूजा, अंगेर-भँगेर पूजनको संस्कृति रहेको ।
५. पौराणिक धर्मग्रन्थमा खस क्षत्रीहरु बारे उल्लेख गरिएको ।
६. प्राचीन ऐतिहासिक ग्रन्थहरुमा खस क्षत्रीहरुको बाक्लो उपस्थिति रहेको ।
७. भूमिसँगको सम्बन्ध : आफ्नो पैतृकभूमी क्षेत्र खसान भएको ।
८. जुम्ला जिल्लाको वाइसविसामा अहिले पनि पवाइ खस क्षत्रीहरु ठेट खस भाषा, संस्कृतिको अवलम्बन गर्दै आफ्नो धार्मिक सांस्कृतिक मण्टोपूजा, कूलपूजा कर्मकाण्ड आदि आफ्नै कूलपुरोहितबाट गर्दै आइरहेको (स्वाभिमान, २०६८) ।

यसरी माथि प्रस्तुत गरिएका सम्पूर्ण प्रमाण र दृष्टान्तहरुले खस क्षत्रीहरु यस भूमिका आदिवासी धर्तीपुत्र भएको, उनीहरुको आफ्नो स्पष्ट भाषा, संस्कार संस्कृति रितिरिवाज भएको, जनसंख्याको दृष्टिकोणले मुलुकभरी छरिएर रहेको सबैभन्दा ठूलो संख्यामा रहेको आदिवासी जाति भएको प्रष्ट हुन्छ तर राज्यले खस क्षत्रीलाई 'अन्य' को सूचीमा राखेको छ , जुन क्षत्री समाज नेपालको आन्दोलनको मुख्य कारणको रुपमा रहेको छ ।

## ५.५ खस क्षत्री पहिचानको संकट

वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा जम्मा १०१ भन्दा बढी जातजाति र ९२ भाषाभाषीको पहिचान गरिएको छ । जसमा पहाडे जाति (३०.८९ प्रतिशत), पहाडे दलित (७.११ प्रतिशत), पहाडे जनजाति (२७.४२ प्रतिशत), मधेसी जात (१४.८७ प्रतिशत) मधेसी दलित (४.५४ प्रतिशत), भित्री मधेस जनजाति (१.१

प्रतिशत) र मधेसी जनजाति (१२.१९ प्रतिशत) रहेका छन् । यी जनजाति मध्ये सबैभन्दा बढी संख्यामा खस क्षत्री जाति रहेका छन् । जस अनुसार क्षत्री १५.८ प्रतिशत र ठकुरी १.४७ प्रतिशत गरी १७.२७ प्रतिशत रहेका छन् । नेपालमा खस जाति भन्नाले सबै क्षत्री र ठकुरीलाई बुझाउँछ (विष्ट, २०३०) यसै गरी ब्राहमण जाति १२.७४ प्रतिशत, मगर ७.१२ प्रतिशत, थारु ६.७४ प्रतिशत, तामाङ ५.६४ प्रतिशत, नेवार ५.४८ प्रतिशत, मुश्लिम ४.२७ प्रतिशत, कामी ३.९४ प्रतिशत, यादव ३.९४ प्रतिशत, राई २.७९ प्रतिशत, गुरुङ २.३९ प्रतिशत, दमाई १.७२ प्रतिशत, लिम्बु १.५८ प्रतिशत, सार्की १.४० प्रतिशत, तेली १.३४ प्रतिशत, चमार १.१९ प्रतिशत, कोइरी १.११ प्रतिशतको संख्यमा रहेका छन् (राष्ट्रिय जनगणना २००१, केन्द्रिय तथ्याङ्क विभाग) ।

जनगणनालाई २०५८ लाई अध्ययन गर्दा १ प्रतिशत, भन्दा बढी संख्या भएका १८ जाति मात्र छन् भने दश हजार भन्दा कम संख्या २९ जातिको छ ।

विकासक्षेत्र अनुसारको जनसंख्या हेर्ने हो भने, पूर्वाञ्चल (११.९ प्रतिशत) मध्यपश्चिमाञ्चल (२७.८ प्रतिशत) र सुदूरपश्चिमाञ्चल (३९.२ प्रतिशत) विकास क्षेत्रमा क्षत्रीहरुको जनसंख्यामा पहिलो स्थानमा देखिन्छ । त्यस्तै गरी मध्यमाञ्चलमा तामाङ (१२.९२ प्रतिशत) र पश्चिमाञ्चलमा ब्राहमण (२०.२३ प्रतिशत) को जनसंख्या पहिलो स्थानमा देखिन्छ । त्यस्तै अञ्चलगत रुपमा हेर्दा क्षत्री ६ अञ्चलमा, ब्राहमण ४ अञ्चलमा, यादव २ अञ्चलमा, नेवार र मगर १/१ अञ्चलमा बहुमत संख्यामा रहेका छन् । त्यस्तैगरी जिल्लागत रुपमा जातिय स्थिति हेर्दा क्षत्री २१ जिल्लामा, ब्राम्हमण १० जिल्लामा मगर ७ जिल्लामा, तामाङ ७ जिल्लामा, राईको ६ जिल्लामा, यादवको ५ जिल्लामा मुसलमानको ६ जिल्लामा, थारु ४ जिल्लामा, गुरुङ्गको ४ जिल्लामा, नेवारको ३ जिल्लामा र लिम्बुको ३ जिल्लामा सामान्य बहुमत भएको देखिन्छ भने कूल जनसंख्याको ५० प्रतिशत भन्दा बढी एउटै जातिको जनसंख्या भएका जिल्लाहरु १४ वटा मात्र छन् । जस अनुसार क्षत्री : सल्यान (५०.३ प्रतिशत), जुम्ला (६३.१ प्रतिशत), बाजुरा (५५.५ प्रतिशत), अछाम (५३.२ प्रतिशत), बझाङ (६३.९ प्रतिशत), डोटी (५२.७ प्रतिशत), डडेलधुरा (५१.३ प्रतिशत), दार्चुला (५९.२ प्रतिशत) । थारु : वर्दिया

(५२.६ प्रतिशत) मगर : पाल्पा (५०.९१ प्रतिशत) तामाङ : रसुवा (६३.७ प्रतिशत), नेवार : भक्तपुर (५५.९ प्रतिशत), गुरुङ : मनाङ (७५.९ प्रतिशत) रहेको देखिन्छ (राष्ट्रिय जनगणना-२०५८, केन्द्रिय तथ्याङ्क विभाग) ।

तसर्थ यी तथ्याङ नै हाम्रा सामु प्रमाणिक आधारहरु हुन् जसले क्षत्री जाति नेपालको अत्याधिक बहुमतमा रहेको पुष्टि गर्दछ । तर क्षत्री जातिको शैक्षिक अवस्था हेर्ने हो भने दुरा, कलवार पछि साक्षरतामा १७ औं स्थानमा रहेको छ । ६०.११ प्रतिशत क्षत्रीहरु मात्र साक्षर देखिन्छन, ४० प्रतिशत क्षत्रीहरु अझै निरक्षर छन् । त्यस्तै गरिबीको रेखा मुनी रहेको जनसंख्यालाई हेर्दा गुरुङ (४५ प्रतिशत), थारु (४८ प्रतिशत), पछाडी क्षत्री (५० प्रतिशत) सातौं स्थानमा रहेको देखिन्छ (राष्ट्रिय जनगणना-२०५८) । तर क्षत्री जातिका पहिचानका स्पष्ट आधारहरु देखिन्छन् जस्तै क्षत्रीहरुको आफ्नै मातृभाषा 'खस भाषा' रहेको छ, आफ्नै छुट्टै सामाजिक रितिरिवाज, चाडपर्व, संस्कार, संस्कृतिकहरु रहेका छन्, आफ्नै कृषि व्यवसाय, आमरक्षा संस्कृति रहेको छ, मण्टोपूजन, गोठपूजा, अंगेर-भंगेर पूजन प्रचलन मै छ, भूमिसँगको सम्बन्धमा आफ्नै पैतृक भूमि क्षेत्र खसान हो, पौराणिक ग्रन्थहरुमा खस क्षेत्री बारेमा पर्याप्त उल्लेख भएको पाइन्छ, इसापूर्व २८०० देखि २२०० सम्मको अवधि भएको सिन्धुघाँटीको सभ्यता र कर्णालीको खस सभ्यता समकालीन भएको पाइन्छ (खड्का, २०६८)। खस क्षत्रहिरुका आफ्नै भेषभूषा, गहना, लोक संस्कृति नृत्य कलाहरु रहेको छन् । भेषभूषामा पुरुषको लागि दोरासुरुवाल, कछाड, अस्कोट ढाकाटोपी, पटुका रहेको छ भने महिलाहरु खस गुन्यु चोली घाग्रो, टाउकोमा रातो कपडा बाध्ने, कम्बरमा पटुका लगाउने गर्दछन् भने नाकमा बुलाकी र फुली, गलामा तिलहरी, चुरापोते र टाउकोमा कण्डाशीर, हातमा चाँदीको वाला, कानमा मुन्द्रा, खुट्टामा चाँदीको पैणा, पाउजु आदि लगाउँछन् भने पुरुषहरु कम्मरमा खुकुरी भिर्ने, औंलामा औंठी लगाउने गर्दथे तर अहिलेको आधुनिकिकरण, विश्वव्यापीकरणको प्रभावले यसमा परिवर्तन आएको छ । त्यस्तै खसहरुको छलिया नृत्य, धामी नृत्य, चाचरी र देउडा नित्यले विशिष्ट पहिचान बोकेका छन् । हिन्दु, बौद्ध धर्मका धर्मग्रन्थ अनुसार दशहजार वर्ष अगाडीको क्षत्रीहरुको इतिहास पाइन्छ भने ऐतिहासिक कुरा गर्दा सिन्धुमा घाँटीको

सभ्यता उत्कर्षमा पुगेको बेला कर्णालीमा खस क्षत्रीहरुको उपस्थितिले गर्दा कम्तिमा पनि सातहजार वर्षको इतिहास भएको कुरा पुष्टि हुन्छ ।

संयुक्त राष्ट्रसंघ अन्तर्गत ILO 169 अनुसार, कुनैपनि स्वाधिन मुलुकका ती जनता (जाति) जो उक्त मुलुक विदेशी अधिनमा पर्दा वा उपनिवेश बनाईदा त्यसको वर्तमान राज्य सीमाहरु स्थापित हुँदा त्यस ठाउँमा अथवा उक्त मुलुकमा रहेको क्षेत्रमा बसोबास गर्ने बासिन्दाका सन्तति जसको वैधानिक स्थिति जे जस्तोसुकै भए तापनि आफ्नो सामाजिक, सांस्कृतिक, आधुनिक पेशा एवं राजनैतिक प्रथालाई सम्पूर्ण वा आंशिक रुपमा कायम राखेका छन् भने तिनीहरु त्यस देशका आदिवासी हुन्, यसको अलवा सबैभन्दा मुख्य विशेषता जमिनसँगको सम्बन्ध हुन्छ अर्को शब्दमा भन्नुपर्दा विदेशबाट कुनै समूह भित्रिनु पूर्व आफ्नै पितृभूमिमा बसोबास गरिरहेका बासिन्दालाई आदिवासी भनिन्छ । तर नेपाल सरकारले गठन गरेको 'राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान' ले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज भएको हिन्दुवर्ण व्यवस्था भित्र नपर्ने भनी निश्चित विशेषताहरु तोकेर आदिवासी र जनजातिलाई एउटै डालोमा हालेको छ । तर ILO 169 लाई आधारमान्दा आदिवासी र जनजाति दुई फरक जातिय समूह हुन्, सबै जनजाति, आदिवासी हुन सक्दैनन् त्यस्तै सबै आदिवासी जनजाति हुन सक्दैनन् तर नेपालमा यसको गलत प्रयोग गरिएको छ । आदिवासीका नाममा १८७ वर्ष अघि झारखण्डबाट प्रवेश गरेको सतार जाति, ५०० वर्ष अघि मात्र तिब्बतबाट नेपाल प्रवेश गरेको शेर्पा जातिलाई आदिवासीमा सूचिकृत गरिएको छ तर सिन्धुघाँटीको सभ्यता देखिको इतिहास बोकेको देशको सबैभन्दा बढी जनसंख्या भएको खस क्षत्री जातिलाई आफ्नो पहिचानको स्पष्ट आधारहरु हुँदाहुँदै पनि नेपालको अन्तरिम संविधान २०६३ को भाग ७ धारा ६३ (४) तथा संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा 'अन्य' को सूचीमा राखेर पहिचान विहिन बनाएको छ साथै क्षत्रीजातिको आत्मसम्मानमा नै चोट पुऱ्याएको देखिन्छ, जुन क्षत्री आन्दोलनको अर्को महत्वपूर्ण कारण हो ।

## ५.६ संघिय राज्य विभाजनको आधार

संघियतालाई विभिन्न अर्थ र आयामले परिभाषित गरिएतापनि यसको मुल आधार, शक्ति र स्रोतको बाँडफाड, शक्तिको हस्तान्तरण वा विकेन्द्रिकरण भन्ने हुन्छ । विगत केही वर्ष यता मुख्यतः दोस्रो जनआन्दोलनको सफलता पछाडी नेपाली राजनितिको एक प्रमुख विषयको रुपमा संघियता, राज्य पुनः संरचनाको अभिन्न अंग वनेको छ । राज्यको परम्परागत सामन्ती र एकिकृत स्वरुपको विभेदकारी संरचनाले गर्दा सीमान्तकृत र बहिर्गमनमा परेका समूहहरुको मागलाई सम्बोधन गर्न र सामाजिक न्याय प्रदान गर्न असफल भएका कारणले संघियता नै यि सवै समस्याको निरुपणकोलागि एक उत्तम विकल्प हुन सक्दछ भन्ने महसुस गरिएको छ । त्यसैले राजनितिक दलहरु तथा जातिय संगठनहरु एवं सामाजिक अभियन्ताद्धारा संघियतालाई संविधानसभा द्धारा निर्मित हुने नयाँ संविधानको मुल आधारका रुपमा रहने विषयका रुपमा बहसहरु अगाडी वढाइएका छन् । लामो समय सम्म नेपाली राज्यमा अधिनायकवादी शासन रह्यो, जहाँ धेरै विभेद र असमानताहरु त्यसै दविएर रहेका थिए । २०४७ को वहुदलिय प्रजातन्त्रको पूनस्थापननले मात्रै खुल्ला परिवेश कायम गऱ्यो । फलतः विगतमा दविएर रहेका सामाजिक, आर्थिक, साँस्कृति र राजनीतिक असन्तोसका आवाजहरु वाहिर आउन थाले । यसै क्रममा माओवादी सशस्त्र विद्रोहले राज्यका पिछडिएका जाति र भूगोलका आधारमा संघियता भन्ने शब्द प्रयोग नगरेपनि यसै अवधारणा अनुसार द्वन्द्धकालमै माओवादीले ९ वटा स्वयत गणराज्यको निति अगाडी सारेको थियो । पछि यसलाई संशोधन गरी ९ जातिय र २ भौगोलिक आधारमा ११ वटा स्वयत्त गणराज्यको प्रस्ताव अगाडि साऱ्यो । संघियता सम्बन्धी वास्तविक रुपमा स्पष्ट वहस, चर्चा परिचर्चाको सुरुवात २०६२/२०६३ को ऐतिहासिक जनआन्दोलको सफलता सँगै भएको पाईन्छ । हाल आएर १३ वटा जातियराज्यको संघियताको अवधारणा माओवादीले ल्याएको छ भने नेकपा एमाले पाटीले १५ र नेपाली काँग्रेस पाटीले ७ वटा संघिय राज्यको अवधारणा अगाडी सारेका छन् (के.सी., २००७) । मुख्य रुपमा एकिकृत नेकपा माओवादीले संघिय राज्य संरचनाको मुख्य आधारको रुपमा जातीयतालाई लिएको छ । एकिकृत नेकपा माओवादीले संघियताका आधारहरुमा जातिय क्षेत्रीय, आत्मनिर्णयको अधिकार, अल्पसंख्यकको अधिकार, भाषिक, आर्थिक सम्भावना र भौगोलिक अनुकुलतालाई लिएको छ भने नामाकरण जातीय र

केही क्षेत्रीय रुपमा गरेको छ । त्यस्तै गरि नेपाली कांग्रेसले संघियताका आधारहरुमा राष्ट्रिय अखण्डता, भौगोलिक अवस्थिति र अनुकुलता, जनसंख्या, प्राकृतिक स्रोत, आर्थिक सम्भाव्यता, भाषिक जातिय सांस्कृतिक सघनता, राजनीतिक र प्रशासनिय सम्भाव्यता लाई लिएको छ भने नामाकरण भौगोलिक रुपमा हुनुपर्ने उल्लेख गरेको छ । त्यस्तै गरि नेकपा एमालेले भौगोलिक अवस्थिति, जनसंख्या र जातीय बसोबास, मातृभाषा सांस्कृतिक विशेषता, प्रशासनिक सुगमता आर्थिक सामाजिक अन्तरसम्वन्ध, OLO 169 अनुसारको जातिय अधिकार लाई संघियताको आधारको रुपमा लिएको छ भने संघिय राज्यको नामाकरण जातिय भाषिक, सांस्कृतिक ऐतिहासिक पहिचान खुल्ने गरि गर्नु पर्ने उल्लेख गरेको छ । त्यस्तै गरी मधेसवादी दलहरुले संघियताको आधार क्षेत्रीयता र भुगोललाई लिएका छन् (रेग्मी, २०६६) ।

संविधानसभाको राज्य पूनसंरचना समितिले मुख्यरुपमा संविधानको आधार पहिचान अन्तर्गत, जातिय, भाषिक सामाजिक पहिचान तथा भौगोलिक सामिप्यता जस्ता कुरा समेटेको छ भने सामर्थ्य अन्तर्गत स्रोतसाधनको उपलब्धता, पूर्वाधारको स्थिति, आर्थिक सम्बन्ध तथा भावि सम्भाव्यता आदिलाई लिएको छ । राज्य पूनसंरचना समितिबाट प्रस्तावित १४ प्रदेशमध्ये ७ वटा जातिय (लिम्बुवान, किरात, शेर्पा, तामसालिङ, नेवाः तमुवान र मगरात) ३ वटा छदमभेषी जातिय पहिचानका (मिथिला-भोजपुरा-कोच-मधेस, लुम्बिनी-अवध-थारुवान र जडान) र ४ वटा तटस्थ ( सुनकोसी, नारायणी कर्णाली र खप्तड) किसिमका देखिन्छन् । नेपालको कुनै पनि भूगोलमा एउटै जातिको बाहुल्यता नरहेको, जुन जातिको नाममा राज्यको प्रस्ताव भइरहेको छ, उक्त भूगोलमा नै सम्वन्धीत जाति अल्पमतमा रहेको देखिन्छ । यसरी हेर्दा जाति, भाषा, धर्मको आधारमा राज्यको पूनसंरचना न्याय संगत देखिदैन ।

**तालिका नं. १२**

**प्रस्ताविक राज्य/प्रदेशको मुख्य चार जातजाति र तिनीहरुको जनसंख्या प्रतिशत**

| सि.नं. | राज्य/प्रदेशको | मुख्य चार जातजाति र प्रस्तावित प्रदेशमा उनीहरुको |
|---|---|---|

| | नाम | जनसंख्या प्रतिशत |
|---|---|---|
| १ | लिम्बुवान | लिम्वु (२७.५), क्षत्री (१५.१), राई (१३.२), ब्राह्मण (१२.२) |
| २ | किराँत | राई (३४.४), क्षत्री (१९.९), ब्राह्मण (७.४), मगर (६.४) |
| ३ | शेर्पा | शेर्पा (३६.१), तामाङ (१६.२), क्षत्री (१२.२) मगर (६.४) |
| ४ | सुनकोसी | क्षत्री (२६.१), तामाङ (१४.३), मगर (१०.८), ब्राह्मण (९.५) |
| ५ | मिथिला-भोजपूरा-कोच-मधेस | यादव (११), मुसलमान (९.७), पहाडी ब्राह्मण (७.१, थारु (६.४) |
| ६ | नेवाः | नेवार (३६.२), क्षत्री (१९.२), ब्राह्ण (१७.४), तामाङ (८.३) |
| ७ | ताम्सालिङ | तामाङ (४३.८), ब्राह्मण (१६.०), क्षत्री (१२.०), नेवार (७.१) |
| ८ | नारायणी | ब्राह्मण (२६.९), क्षत्री (१३.३), मगर (९.८), गुरुङ (८.०) |
| ९ | तमुवान | गुरुङ (३१.९), ब्राह्मण (१९.९), क्षत्री (१३.३), कामी (६.१) |
| १० | मगरात | मगर (३४.२), ब्राह्मण (१९.२), क्षत्री (१८.१), कामी (९.२) |
| ११ | लुम्बिनी-अवध-थारुवान | थारु (२६.०), क्षत्री (१२.८), ब्राह्मण (११.१), मुसलमान (७.५) |
| १२ | कर्णाली | क्षत्री (४१.७), कामी (१२.५), मगर (१२.२), ठकुरी (९.५) |
| १३ | जडान | क्षत्री (३९.५), शेर्पा (१८.५), ठकुरी (१२.७), गुरुङ (९.६) |
| १४ | खप्तड | क्षत्री (५४.६), ब्राह्मण (१३.७), कामी (८.५), ठकुरी (५.४) |

स्रोत : २०५८ को जनगणनामा आधारित उद्रित प्रा. भीमप्रसाद सुवेदी, कान्तिपुर दैनिक, २४ वैशाख, २०६८

माथिको तालिकाबाट के कुरा प्रष्ट हुन्छ भने राज्य पूनसंरचना समितिबाट प्रस्तावित १४ प्रदेश मध्ये एउटा प्रदेश खप्तडमा (क्षत्री- ५४.६ प्रतिशत) बाहेक कुनै

पनि जातजातिको बहुमत रहेको देखिदैन । साथै अधिकांश पहाडी जनजातिको पहिचान जनाउने प्रदेशमा दोस्रो मुख्य जात जातिका रुपमा क्षत्री अनि ब्राह्मण देखा पर्दछ । यसैगरी एउटा जातिको पहिचान स्थापित गरिएका प्रदेशमा अरु जातिको पनि बाक्लो उपस्थिति छदैछ । यथार्थ यही हो, सबै प्रदेश जात जातिका हिसाबले मिश्रित छन् । यसरी हेर्दा क्षत्री, ब्राह्मण जस्ता जनसंख्याको हिसाबले बढी रहेको जाति अरु कसैको पहिचानमा समाहित हुनुपर्ने देखिन्छ । यसैगरी सुनकोसीमा क्षत्रीको पहिलो जनसंख्या ( २६.१ प्रतिशत) रहेको, कर्णालीमा पनि पहिलो जनसंख्या (४१.७ प्रतिशत) रहेको, जडानमा पनि पहिलो जनसंख्या (३९.५ प्रतिशत) रहेको, त्यस्तैगरी खप्तडमा त बहुमतमा नै (५४.६ प्रतिशत) रहेपनि क्षत्री जातिलाई पहिचानविहिन बनाएर तटस्थतामा समाहित गरिएको छ भने नारायणी प्रदेशमा ब्राह्मणको पहिलो जनसंख्या ( २६.९ प्रतिशत) भएपनि ब्राह्मण तटस्थतामा परेर पहिचान विहिन बनेको छ ।

यसरी संविधानसभाको राज्य पुनसंरचना समितिबाट प्रस्तावित राज्यहरुलाई विश्लेषण गर्दा, जस्तै लिम्बुवानमा २७.५ प्रतिशत लिम्बु भएको जातिको नाममा राज्य बनाउँदा ७२.५ प्रतिशतको बहुमतमा रहेको जातिमाथि अन्याय हुने देखिन्छ । नेपालमा रहेका १०१ जातजातिमा केही सिमित जातिका नाममा मात्र राज्य बनाउँदा अन्य जातजाति चुप लागेर वस्लान् ? त्यो राज्य स्वीकार गर्लान् ? भन्ने प्रश्न टड्कारो रुपमा उठेको छ । एक जातिले मेरो राज्य हो र अन्य जातिले यो मेरो राज्य होइन भन्ने भावनाको विकासको साथसाथै एउटै राज्यमा एक जातिलाई प्रथम दर्जाको नागरिक र अन्य जातिलाई दोस्रो दर्जाको नागरिक निर्माण गर्न र आत्मसम्मानमा नै ठूलो चोट पुऱ्याउन संघिय व्यवस्थाले देशलाई जातिय गृहयुद्धको भूमरीमा फसाउदा संघियता नै धरापमा पर्न सक्दछ । नेपालमा सवै जातिको नाममा राज्य वनाउने हो भने एकसय एक भन्दा वढी राज्यहरु बनाउनुपर्ने हुन्छ । १६४ जनसंख्या मात्र भएको कुसुण्डा लाई र ३५,९३,४९६ जनसंख्या भएको क्षत्रीलाई समान क्षेत्रफलको राज्य दिन सम्भव देखिदैन । समानुपातिकको सिद्धान्त अनुसार १.०७ वर्ग कि.मि. भएको कुसुण्डा राज्यदेखि २३, २५१.३५ वर्ग कि.मि क्षेत्रफल भएको खसान राज्य बनाउनु पर्ने हुन्छ । यत्रो विशाल संरचनाको संघियता असम्भव प्राय छ । यसका साथै जातिय अग्राधिकार

र आत्मनिर्णको अधिकार जस्ता सवालले राष्ट्रिय अखण्डतामा नै प्रश्न चिन्ह खडा गरेको छ। जातिगत, भाषागत आधारमा राज्यको विभाजन गर्दा तिनै जातिहरुलाई नै असुविधा पर्न जान्छ । उदाहरणको रुपमा थारु जातिको निम्ति थारुवान घोषणा गरिएको छ तर यस जातिका मानिसहरु चितवन, नवलपरासी, रुपन्देही, पर्सा, वारा, रौतहट हुदै मोरङ्गसम्म फैलिएका छन्। तिनको भाषा ठाउँ अनुसार भिन्न छ। पश्चिमी नेपालमा तिनीहरुले थारु भाषा बोले पनि अन्यत्र मैथिली र भोजपूरी वोल्दछन् । जातियताको आधारमा थारुवान र भाषागत आधारमा भोजपूरा र मिथिला राज्य वनाउदा थारुहरुको कहाँ के कस्तो पहिचान हुने हो ? अन्यत्रका थारुहरु थरुवानमा बसाई सरे भने आफूले बोलेको मातृभाषा मैथिली र भोजपूरी गुमाउनु पर्दछ । भाषागत आधारका राज्यमा वसे भने तिनले जातिगत पहिचान गुमाउनुपर्छ । यस्तै हातल विभिन्न ठाउँमा फैलिएर रहेका अन्य जातिको पनि हुनेछ।

यसरी राज्यको पुनसंरचना जाति भाषा र धर्मको अधारमा गर्दा राष्ट्रिय अखण्डता र जातिय सदभावमानै खल्लपुग्ने अवस्था एकातिर छ भने अर्को तिर जातिय राज्य निर्माणले क्षत्री जातिलाई पहिचान र आत्मासम्मानमा नै ठूलो चोट पुऱ्याएको देखिन्छ। जुन क्षत्री आन्दोलनको महत्वपूर्ण कारण हो र क्षत्री समाज नेपालले विगतको एकात्मक केन्द्रिकृत राज्य व्यवस्थाको सट्टा राज्य पुनसंरचना हुँदा देशको पछौटेपन, वेरोजगारी, अशिक्षा, रोग भोग हटी आमुल परिवर्तन, विकास र सुधार होला भनि संघियताको समर्थन गरेको पाइन्छ तर जाति, भाषा र धर्मको आधारमा संघियाताको तिव्र विरोध गर्दै संघिय राज्य विभाजनको आधारहरुमा भौगोलीक निकटता, प्रशासनिक अनुकुलता श्रोत र साधनको उपलव्धता, आर्थिक सम्भाव्यता र भाषिक तथा सांस्कृतिक समानतालाई अघि सारेको छ साथै प्रदेशको नामाकरण साझा प्राकृतिक सम्पदाको आधारमा हुनुपर्ने कुरालाई जोड दिएको छ।

# अध्याय-छ

# निर्माण प्रक्रियामा रहेको संविधान र क्षत्री समाज नेपालको धारणा

## ६.१ पृष्ठभूमी

जनताको अभूतपूर्व संलग्नता र शहादतको फलस्वरुप देश नव निर्माणको पथमा अग्रसर छ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको भविष्य निर्माण गर्ने संविधान सभा गठन भई जनप्रतिनिधिहरु संविधान निर्माणको ऐतिहासिक लक्ष्य तर्फ विभिन्न उत्तरचढावसँगै अग्रसर भइरहेको बर्तमान परिप्रेक्ष्यमा, राष्ट्रिय अखण्डता र जातिय सदभावको महान लक्ष्यबाट अभिप्रेरित भएर 'क्षत्री समाज नेपालले' जनताको भाग्य र भविष्य निर्माण/निर्धारण गर्ने संविधानका बारेमा आफ्ना स्पष्ट अवधारणाहरु अघि सारेको छ । 'क्षत्री समाज नेपाल' ले आफ्नो सम्पूर्ण ध्यान राष्ट्र, राष्ट्रियता र तोकिएको समय सिमा भित्र नै जनताको राम्रो र हाम्रो संविधान निर्माण, जसमा राष्ट्रिय अखण्डता र जातिय सदभावमा खल्ल नपुग्ने संविधानका लागि खबरदारी गरिरहेको छ । यो राजनीतिक दल निरपेक्ष तर राजनीतिक मुद्धा सापेक्ष रुपमा रहेको सामाजिक संगठन 'क्षत्री समाज नेपाल' ले निर्माण प्रक्रियामा रहेको संविधानका बारेमा निम्न अवधारणाहरु अघि सारेको देखिन्छ ।

## ६.२ राज्यको पूनसंरचना

राज्यको पूनसंरचना अत्यन्त संवेदनशिल तथा दीर्घकालिन महत्वको विषय हो । अपेक्षित संवेदनशिलता र संयमका साथ मुलुकको समग्रतामा यसलाई हेर्न आवश्यक छ, आ-आफ्नो जाति, समुदाय र पाटीगत सिद्धान्तको संकुचित दायराबाट माथि उठ्न सकेमा मात्र बहुजातिय, बहुभाषिक, बहुधार्मिक समाज एवं राष्ट्रको लागि आवश्यक तथा तदनुकुल राजनैतिक संस्कार र पद्धतिको विकास गर्न सकिन्छ भन्ने ठहर 'क्षत्री समाज नेपाल' को पाइन्छ ।

नेपालको कुनैपनि भूगोलमा एउटै जातिको बाहुल्यता नरहेको, जुन जातिका नाममा राज्यको नामाकरणको प्रस्ताव भइरहेको छ, उक्त भूगोलमा नै सम्बन्धित जाति अल्पमतमा रहेको, ५ विकासक्षेत्र, १४ अञ्चल, ६१ जिल्ला र ५२ नगरपालिकामा कुनै पनि जातिको बहुमत नभएको यथार्थलाई मनन गरी जाति, भाषा र धर्मको आधारमा राज्यको पुर्नसंरचना सम्भव नहुने धारणा 'क्षत्री समाज नेपाल' को रहेको देखिन्छ । राष्ट्रको पुर्नसंरचना गर्दा 'क्षत्री समाज नेपाल' ले निम्न आधारमा गर्नु पर्ने कुरालाई जोड दिएको देखिन्छ ।

क) भौगोलिक निकटता

खं) प्रशासनिक अनुकुलता

ग) श्रोत र साधनको उपलब्धता

घ) आथिर्क सम्भाब्यता

ङ) भाषिक तथा सांस्कृतिक समानता ।

प्रदेश वा राज्यको नामाकरण गर्दा त्यस राज्यमा बसोबास गर्ने सम्पूण नेपालीले अपनत्व बोध गर्न सक्ने गरी नदि, हिमाल, पहाड वा अन्य प्राकृतिक सम्पदा वा भूगोलको नाममा गरिनु पर्ने 'क्षत्री समाज नेपाल' को माग रहेको छ साथै राज्यको पूनसंरचनामा महाकाली, कर्णाली, भेरी, गण्डकी, लुम्बिनी, वाग्मती, नारायणी, सगरमाथा र मेची गरि नौं वटा राज्यको प्रस्ताव गरेको छ ।

## ६.३ आदिवासी जातिमा सूचिकृत

नेपालमा हाल आदिवासी र जनजाति भनेर गरिएको वर्गिकरण त्रुटिपूर्ण छ । सबै आदिवासी जनजाति हुन सक्दैनन् र सबै जनजाति आदिवासी पनि हुन सक्दैन तसर्थ आदिवासी र जनजाति दुवै फरक समुह हुन् । १८७ वर्ष अघि मात्र नेपाल छिरेका सतारहरु जनजाति हुन सक्दछन तर आदिवासी हुन सक्दैनन् । 'क्षत्री समाज नेपाल' का केन्द्रीय महासचिव श्री कुमार खड्का का अनुसार हिन्दु र बुद्ध धर्मग्रन्थ अनुसार दश हजार वर्षको क्षत्रीको इतिहास रहेको छ भने ऐतिहासिक प्रमाणका

आधारमा सिन्धुघाटीको सभ्यता उत्कर्षमा पुगेको बेला कर्णालीमा खसहरुको उपस्थितिले गर्दा कम्तीमा पनि सातहजार वर्ष अघिको इतिहास भएको पुष्ट हुन्छ , यस आधारमा पनि क्षत्री जाति नेपालको एउटा पुरानो आदिवासी जाति हो । त्यसैले गर्दा 'क्षत्री समाज नेपाल' ले जोडदार रुपमा राज्यले आदिवासी र जनजातिको यथार्थ रुपमा अध्ययन गरि आदिवासी र जनजातिलाई छुट्टा छुट्टै रुपमा सुचीकरण गरेर, क्षत्री जातिलाई आदिवासीमा सूचीकृत गरि जल, जमिन, जंगल र जडिवुटीमा प्रथम अधिकार कायम गर्नु पर्ने कुरा उठाइरहेको छ ।

## ६.४ भाषा

२०५८ सालको जनगणना अनुसार यस देशमा ९२ भाषाभाषीहरु बोलिन्छ । जस मध्ये नेपाली, मैथिली, नेवारी, भोजपूरी, लिम्बु, अवधि, हिन्दी, उर्दु र तिब्वति भाषाको मात्र लिपि विकास विकास भएको छ । 'क्षत्री समाज नेपाल' का केन्द्रिय अध्यक्ष डा.दिलबहादुर क्षत्रीका अनुसार साझा भाषा अखण्ड राष्ट्रको लागि एउटा न्यूनतम शर्त हो , देशको प्रत्येक भू-भागमा बस्ने नागरिकलाई जोड्ने एउटा शसक्त माध्यम नेपाली भाषा हो । हजारौं वर्ष अघि देखिको वाक अभ्यास, लेखन आदिमा नेपाली भाषाले नै प्रमुखता पाएको छ, आज पूर्वको गुरुङ्गले बोल्ने गुरुङ्ग भाषा पश्चिमको गुरुङ्गले बुझ्न कठिन छ, धादिङ्गका तामाङले बोल्ने तामाङ भाषा झापाका तामाङका निम्ति असहज भएको छ । डा. क्षत्री पुनः थप्दछन मगर जातिका ५२.५३ प्रतिशत, राइको ४१.५८ प्रतिशत, गुरुङ्गको ३७.६० प्रतिशत र नेवारको ३३.७० प्रतिशत मानिसहरुले नेपाली भाषालाई नै मातृभाषा बनाइरहेको वर्तमान यथार्थलाई मध्यनजर राख्दै नेपाली भाषालाई नै केन्द्रको आधिकारिक भाषाको रुपमा अनिवार्य गरिनुपर्दछ साथै 'क्षत्री समाज नेपाल' को भाषा सम्बन्धी धारणा अनुसार अन्य भाषा पनि राष्ट्रको धरोहर भएको हुनाले सम्पूर्ण भाषाको संरक्षण, लेख्य परम्परा नभएको भाषाको लिपि विकास र सम्बन्धित जातिका नागरिकले आफ्नो भाषा लेख्न बोल्न जान्न अनिवार्य बनाउनु आवश्यक भएकाले प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा लिन पाउनु पर्ने, माध्यमिक तहसम्म इच्छाधीन, विषयको रुपमा मातृभाषा अध्ययन गर्न पाउनु पर्ने, उच्च मा.वि.वा क्याम्पसमा अनिवार्य नेपालीको सट्टा अनिवार्य नेपाली

वा अनिवार्य मातृभाषा मध्ये एक छान्न पाउने व्यवस्था गरिनु पर्दछ, साथै प्रदेश वा राज्यहरुमा नेपाली भाषा प्रमुख भाषा र नेपाली पछिको दोस्रो भाषालाई पनि कार्यालय प्रयोजनको भाषाको रुपमा राखिनु पर्दछ तर उक्त ठूलो भाषा सबैले नबुझ्ने हुँदा उक्त भाषा प्रयोग गरिएको कागजात सँग त्यसको नेपाली अनुवाद अनिवार्य हुनपर्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

## ६.५ संविधान सभा र क्षत्री जाति

नेपालको अन्तरिम संविधान २०६३ को भाग ७ धारा ६३(४) तथा संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा क्षत्री, ब्राह्मण, ठकुरी, सन्यासी र चुरौटे गरी पाँच जातिलाई 'अन्य' को सूचीमा राखीएको छ । संविधान सभाको निर्वाचनमा समानुपातिक तर्फ ३७.८ प्रतिशत आदिवासी जनजाति, ३१.२ प्रतिशत मधेसी, १३ प्रतिशत दलित, ४ प्रतिशत पिछडिएको क्षेत्र र ३०.२ प्रतिशत 'अन्य' लाई छुट्याइएको छ । क्षत्री समाज नेपालले यो विषयप्रति असहमति जनाउँदै आएको छ । 'क्षत्री समाज नेपाल' का विदेश विभाग प्रमुख कृष्ण बहादुर थापा भन्नु हुन्छ देशको सबैभन्दा बढी जनसंख्या भएको (१५.८प्रतिशत), देशको ३ विकास क्षेत्र, ६ अञ्चल, २१ जिल्ला र १२ नगरपालिकामा प्रथम जनसंख्या रहेको जातिलाई 'अन्य' को सुचीमा राखिनु आफैमा हास्यास्पद र षडयन्त्रकारी चाल थियो जसको फलस्वरुप देशका अधिकांश जातिको जनसंख्याको आधारमा समूचित प्रतिनिधित्व भएको छ तर १५.८ प्रतिशत जनसंख्याको आधारमा ९६ जना प्रतिनिधित्व हुनुपर्नेमा, क्षत्री जातिका ५६ जना मात्र सभासद संविधान सभामा छन् । उनी थप्दछन यसरी आफ्नो जनसंख्याको आधारमा समुचित प्रतिनिधित्व हुन नसकेको संविधान सभाबाट बनेको संविधान क्षत्री जातिका लागि कसरी स्वीकार्य हनु सक्छ भन्ने प्रश्न पनि जन्मिएको बताउँछन् ।

'क्षत्री समाज नेपाल' के धारणा राख्छ भने, आगामी दिनमा हुने सम्पूर्ण समानुपातिक निर्वाचनहरुमा समूह बनाउँदा क्षत्रीलाई 'अन्य' मा नराखी 'क्षत्री समुह' बनाएर राखियोस् जसको कारण विगतमा जस्तो क्षत्रीका नाममा अरु जातिले प्रतिनिधित्व नगरुन ।

## ६.६ धर्म

'क्षत्री समाज नेपाल' धर्म जनताको भावना, आस्था र विश्वासको धरोहर भएको हुनाले बहुसंख्यक जनताको इच्छा र चाहनाको सम्मान गर्न आवश्यक हुने धारणा राख्दछ । राज्य धर्म सापेक्ष वा निरपेक्ष के हुने त्यसको निर्णय जनमत संग्रह बाट गर्नु पर्ने, यस्तो निर्णयको पूनरावलोकन प्रत्येक दश/दश वर्षमा जनमत संग्रहबाट गरिनु पर्ने, विभिन्न धर्मसँग सम्बन्धित धार्मिक स्थल, आयोग, प्रतिस्थान, कोष आदिको प्रमुख पदाधिकारी तथा सदस्यहरु सम्बन्धित धर्मको अनुयायी हुनु पर्ने जस्ता धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

## ६.७ संविधानका अन्य महत्वपूर्ण विषयहरु

संविधान सभा द्वारा निर्माण प्रक्रियामा रहेको संविधानका अन्य विभिन्न महत्वपूर्ण विषय वस्तुहरु बारे 'क्षत्री समाज नेपाल' को निम्न अनुसारको धारणा रहेको छ ।

### ६.७.१ व्यवस्थापकिय अंग

केन्द्रमा दुई सदानात्मक व्यवस्थापिका हुनेछन, एउटा प्रतिनिधिसभा र अर्को राष्ट्रिय सभा । २०१ सदस्य भएको प्रतिनिधि सभा हुनेछ । जसको निर्वाचन देश भरिका निर्वाचन क्षेत्रबाट वालिग मतदाताको मतबाट सबैभन्दा बढी मत ल्याउने विजयी हुने प्रणालीबाट चयन हुनेछ । यसको पदावधि पाँच वर्षको हुनेछ । प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये कम्तीमा एक जना महिला हुनुपर्ने छ ।

राष्ट्रिय सभा ४० सदस्यको हुनेछ । ९ वटा राज्यबाट प्रत्येक राज्यमा ४ जनाको दरले र राष्ट्रपतिबाट मनोनित ४ जना रहनेछन् । राज्यसभाका सदस्यहरुले मतदान गरी राष्ट्रिय सभा सदस्यको चयन गर्नेछन् । राष्ट्रिय सभाको उम्मेदवार हुन स्नातक अध्ययन गरेको हुनपर्नेछ । राज्य सभाका २ सदस्यबाट समर्थित जो सुकै पनि राष्ट्रिय सभाको उम्मेदवार बन्न सक्नेछ, राज्यसभाका एक सदस्य एक भन्दा बढी

उम्मेदवारको समर्थक बस्न पाउने छैन् । राष्ट्रिय सभाको अध्यक्ष उपराष्ट्रपति हुनेछन् भन्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

त्यस्तै प्रत्येक राज्यमा ७५ सदस्यको राज्यसभा हुनेछ । जसको निर्वाचन जातिय समावेशीको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अनुसार हुनपर्नेछ । राज्य सभाको अध्यक्ष र उपाध्यक्षको चयन राज्य सभाको सामान्य बहमतबाट हुनेछ । अध्यक्ष र उपाध्यक्ष मध्ये कम्तीमा एक जना महिला हुनुपर्नेछ र राज्यसभाको अवधि ५ वर्षको हुनुपर्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको पाइन्छ ।

### ६.७.२ शासकिय स्वरुप

'क्षत्री समाज नेपाल' को शासकिय स्वरुप सम्बन्धी धारणा निम्न अनुसार रहेको छ ।

राष्ट्रपति देशको अलङ्कारिक राष्ट्रध्यक्ष हुनेछ । राष्ट्रपति र उपराष्ट्रपतिको चयन राज्यसभा, प्रतिनिधिसभा र राष्ट्रियसभाको बहुमत सदस्यहरुबाट हुनेछ । राष्ट्रपति हुन उपरोक्त तीन मध्ये कुनै एक सभाको सदस्य हुनुपर्नेछ । प्रधानमन्त्री कार्यकारी प्रमुख हुनेछन् जसको चयन प्रतिनिधि सभाको बहुमत सदस्यबाट हुनेछ । केन्द्रिय मन्त्री परिसद २१ जना भन्दा बढी हुनेछैन् । राज्यको प्रमुख केन्द्रिय मन्त्री परिषदको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त राज्यपाल हुनेछन् भने राज्यको कार्यकारी प्रमुख मुख्य मन्त्री हुनेछन् । राज्यसभाको बहुमत सदस्यबाट मुख्यमन्त्रीको चयन हुनेछ । राज्यमन्त्री परिषद बढीमा ११ सदस्यीय हुनेछ ।

### ६.७.३ केन्द्र र राज्यको अधिकार क्षेत्र

रक्षा, मुद्रा, उर्जा, परराष्ट्र, निर्वाचन आयोज, सर्वोच्च न्यायलय, नागरिकता, अन्तर्राष्ट्रिय सन्धी सम्झौता, राज्यको सीमाना आदिको अधिकार केन्द्रलाई हुनेछ भने शिक्षा, स्वास्थ्य, स्थानिय निकाय, संचार, शान्ति सुरक्षा, भूमिसुधार, कर, उद्योग वाणिज्य र समाज कल्याण आदिको अधिकार राज्यलाई हुनेछ, भन्ने 'क्षत्री समाज नेपाल' को अवधारणा रहेको छ ।

### ६.७.४ प्राकृतिक सम्पदामा अधिकार

'क्षत्री समाज नेपाल' ले, यस देशको प्रंमुख आदिवासी जातिको रुपमा क्षत्री जाति रहेको हुदाँ जल-जंगल-जमिनमा क्षत्री जातिको अग्राधिकार संविधानमा नै लिपिवद्ध गरि सुरक्षित गर्नु पर्छ भन्ने अवधारणा जोडदार रुपमा अघि सारिरहेको छ ।

### ६.७.५ निर्वाचन आयोग

यो एक स्वतन्त्र संवैधानिक अंग हुनेछ । राज्य सभा र प्रतिनिधिसभाको निर्वाचनको अधिकार यसलाई हुनेछ । प्रत्येक राज्यमा आयोगको अर्न्तगत रहनेगरी शाखाहरु हुनेछन् । जसले राज्यमा हुने हरेक प्रकारका निर्वाचन संचालन गर्नेछ , केन्द्रिय मन्त्री परिषदको सिफारिसमा राष्ट्रपतिबाट निर्वाचन प्रमुख आयुक्त र अन्य चार आयुक्त गरी पाँच सदस्यीय निर्वाचन आयोग गठन गर्नु पर्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

### ६.७.६ संकटकालको घोषणा

'क्षत्री समाज नेपाल' को के धारणा रहेको छ भने, राष्ट्रिय आपत, विपत परेको समयमा देशको प्रतिनिधिसभा, राष्ट्रियसभा र केन्द्रिय सरकार विघटन गरि संकटकालको घोषणा गर्ने अधिकार राष्ट्रपतिलाई हुनेछ । राष्ट्रपतिले एक महिना भित्र यसको अनुमोदन प्रतिनिधिसभाको बहुमतबाट गराउनुपर्नेछ । अन्यथा विघटीत संस्था स्वतः पुनर्जिवित हुनेछ ।

### ६.७.७ राज्य सरकार र व्यवस्थापिका विघटन

राष्ट्रिय अखण्डतामा आच आउने, राष्ट्रिय हित विपरित कार्य गरेको, शान्ति सुरक्षामा खल्ल पुग्ने कार्य गरेको, शान्ति सुरक्षा कायमगर्न असफल भएको, सरकार बनाउन बहुमत जुट्न नसकेको अवस्थामा राज्यपालको सिफारिसलाई केन्द्रिय मन्त्री परिषदले अनुमोदन गरेमा राष्ट्रपतिले राज्य सभा र सरकार दुवै विघटन गर्न सक्नेछ तर यस्तो किसिमको निर्णय गतल नियतबस भएको लागेमा सर्वोच्च अदालतमा यसलाई चुनौती दिन सकिनेछ । यस्तो किसिमको मुद्दा सर्वोच्च अदालतले मुद्दापरेको

मितिले तीन महिना भित्र निर्णय दिनु पर्नेछ भन्ने मान्यता 'क्षत्री समाज नेपाल' को रहेको छ ।

### ६.७.८ न्यायलय र संविधान संसोधन

'क्षत्री समाज नेपाल' ले देशमा सर्वोच्च, राज्य र जिल्ला गरी तीन वटा न्यायलयको अवधारणा अगाडी ल्याएको छ । न्याय सम्बन्धी सम्पूर्ण अधिकार केन्द्रिय न्याय परिषदलाई हुनेछ त्यस्तै संविधान संसोधन प्रतिनिधिसभाको दुईतिहाई बहुमतले मात्र गर्न सकिनेछ ।

### ६.७.९ संविधान अनुमोदन प्रक्रिया

वर्तमान संविधान सभाले तयार पारेको संविधान 'प्रस्तावित संविधान' हुनेछ जसलाई निर्णयार्थ जनता समक्ष जनमत संग्रहको रुपमा लगिने छ, जनमत संग्रहबाट जनअनुमोदित भए पश्चात् मात्र यो संविधान लागु हुनेछ भन्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

### ६.७.१० लोक सेवा आयोग र खस अध्ययन अनुसन्धान आयोग

राज्य सरकार अन्तर्गतको स्थानीय निकाय, निजामति, प्रहरी अधिकृत, केन्द्र सरकार अन्तर्गतको सरकारी/अर्धसरकारी निकायमा कर्मचारी नियुक्तीको सम्पूर्ण अधिकार लोक सेवा आयोगलाई हुनेछ भने आदिवासी खस जातिको इतिहास, संस्कृतिको अध्ययन, अनुसन्धानका लागि एक 'खस अध्ययन अनुसन्धान आयोग गठन गरिनु पर्दछ भन्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ ।

### ६.७.११ राज्यहरु बिच सम्बन्ध र मौलिक अधिकार

राज्यहरु बीच उत्पन्न हुन सक्ने विवाद समाधान गर्ने हेतुले 'अन्तर राज्य समन्वय आयोग' गठन गरिनेछ । यस किसिमको समस्याको न्यायिक समाधान छिटो गर्न सर्वोच्च अदालतको मातहत हुने गरी विशेष अदालत गठन गरिनछ भन्ने धारणा 'क्षत्री समाज नेपाल' को रहेको छ, त्यस्तै गरी वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, दल

खोल्ने स्वतन्त्रता, सम्पत्ति राख्ने, देशको कुनै पनि भू-भागमा अध्ययन, आवागमन, व्यवसाय गर्ने जस्ता मौलिक अधिकारमा कुनै पनि प्रकारको बन्देज लगाउन हुदैन् भन्ने मान्यता समाजको रहेको छ ।

# अध्याय - सात

# सारांश र निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा ७ वटा अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । अध्याय एक (परिचय) मा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, उद्देश्य र महत्वको बारेमा चर्चा गरिएको छ । अध्यायय दुईमा पूर्व साहित्यको समिक्षा गर्ने क्रममा पृष्ठभूमि सहित नेपालमा जातीय पहिचान सम्बन्धी भएका अध्ययन र खस क्षत्री जाति सम्बन्धी भएका अध्ययन सम्बन्धी लेख, रचना, पुस्तक तथा शैक्षिक सामग्रीको चर्चा गरिएको छ । अध्याय चारमा क्षत्री समाज नेपालसँग सम्बन्धित तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । अध्याय तीनमा अनुसन्धानको विविधको बारेमा उल्लेख गरिएको छ । अध्याय पाँचमा खस, क्षत्री जातिको आगमन सम्बन्धी विश्लेषण गरिएको छ । मुख्य रुपमा यस अध्ययनमा 'क्षत्री समाज नेपाल' ले जातीय पहिचानको राजनीति गर्नका कारण र जातीय पहिचानको राजनीतिमा क्षत्री समाज नेपालको भूमिका विश्लेषण गरिएको छ । अध्याय छमा निर्माण प्रक्रियामा रहेको संविधानमा 'क्षत्री समाज नेपाल' को अवधारणा राखिएको छ र अन्तिम अध्यायमा सारांश र निष्कर्ष राखिएको छ ।

यो शोधपत्र, प्राचिन इतिहास संमृद्ध भाषा तथा संस्कृति, देशको सबैभन्दा बढी जनसंख्या हुँदाहुँदै पनि किन क्षत्री जातिले ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडि आफूलाई पिछडिएको, सिमान्तकृत पारिएको ठानेर आफ्नो जातिको जातीय पहिचान र अधिकारको खोजी गर्न थाले र यो पहिचानको आन्दोलनमा 'क्षत्री समाज नेपाल' को के भूमिका छ भन्ने कुरा केन्द्रित रहेर व्याख्या र विश्लेषण गरिएको छ । यो अध्ययन अनुसन्धानमा 'क्षत्री समाज नेपाल' लाई अध्ययन क्षेत्र राखी, 'क्षत्री समाज नेपाल' का सम्पूर्ण पदाधिकारी, सदस्यहरुबाट साथै अन्य जानिफकार व्यक्तिहरुबाट आवश्यक प्रश्नावली बनाई अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

खस सम्प्रदाय भित्रको प्रमुख जाति क्षत्री नेपाल अधिराज्य भर नै छरिएर रहेका छन् । ३ विकास क्षेत्र, ६ अञ्चल, २१ जिल्ला र १२ नगरपालिकामा जनसंख्याको आधारमा क्षत्रीहरुको पहिलो स्थान रहेको छ । ९ वटा जिल्लामा कुल जनसंख्याको ५० प्रतिशत भन्दा बढी जनसंख्या रहेको छ । तर साक्षरता दरका आधारमा क्षत्रीहरु १७ औं स्थानमा (६०.११ प्रतिशत), गरिवीको रेखामुनीको प्रतिशत हेर्दा थारु पछाडि सातौं स्थानमा (५० प्रतिशत), मानव विकास सुचाङ्कका आधारमा आठौं स्थानमा रहेको छ भने राजनीतिक क्षेत्रमा पनि जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुन सकेको छैन ।

मध्ये एसियाको 'ककेसस्', 'ककस' भन्ने पर्वतिय क्षेत्र खस जातिको उद्‌गम क्षेत्र मानिन्छ । यहि 'ककेसस्', 'ककस' वा 'कस' शब्द अपभ्रंश हुँदै जाँदा खस भन्ने शब्द बन्न गएको देखिन्छ भने खसहरुको प्राचिन थलो हिन्दूकुश पर्वत क्षेत्र, कुनार उपत्यका (काशशर), कास्कर, खसिस्तान, पश्चिम कश्मीर, खसाली, काशत्वार, सिमला, कुमाउँ गढवाल भोटाङ्ग, नेपाल लगायत हिमवत क्षेत्र हुन् । खसहरु वर्तमानमा नेपालको विभिन्न ठाउँमा छरिएर बसेपनि, नेपाल स्थित प्राचिन मुल थलो त्रिशुली नदि देखि सिन्धु नदि बिचको क्षेत्र हो । वर्तमानमा हामी कर्णाली प्रदेशलाई बुझ्दछौं । बाह्रौं शताब्दिको सुरुतिर खस राजा नागराजले जुम्लाको सिञ्चा उपत्यकालाई राजधानी बनाई खस साम्राज्यमा शासन गरेको पश्चिम नेपालको दुल्लुस्थित किर्ती स्वम्भबाट प्रष्ट हुन्छ ।

नेपाली भाषाको पुरानो नाम खस भाषा हो । जुम्ला बझाङ, जाजरकोटतिर मतवाली क्षत्रीहरुलाई 'पावई खस' भनिन्छ । यिनीहरु जनै लगाउँदैन र परम्परा देखि मदिरा सेवन गर्न स्वतन्त्र छन् । यिनीइहरुका रितितिथी हिन्दु धर्मबाट प्रभावित भएपनि ब्राह्मण पुरोहितको आवश्यकता ठान्दैनन् र उनीहरु 'मष्टोपूजा' गर्दछन् । हालसम्म पनि जुम्ला जिल्लाको चौंधबिसाका खसहरुले आफ्नो प्राचिन संस्कृतिलाई नमुनाको रुपमा बचाइरहेका छन् । सोह्रौ शताब्दि पश्चात् शक्तिमा रहेका खस परिवारले आफुलाई ठकुरी उपनामले अरु खस भन्दा उच्च दर्जामा राखे । यसैगरी समय क्रममा खस शब्दको अपव्याख्या गर्दै आफ्नो शक्ति अनुसार ठकुरी, क्षत्री र मतवाली बन्ने क्रम

रहेको पाइन्छ भने बाहुन पुरुष र क्षत्री, मगर, गुरुङ्ग, घर्ती, थारु, यादव, कुमाल आदि कन्याबाट जन्मेका सन्तान खत्री हुन्छन् तर वर्तमानमा बाहुन केटा र माथि उल्लेखित जातिको कन्याबाट जन्मेका सन्तानहरुको खत्री वा खत्री क्षत्री नलेखेर पिताको थरलाई कायम गरी नाम र थरको बिचमा बहादुर लेख्ने वा थर पछाडि क्षत्री लेख्ने गरेको पाइन्छ । त्यसैकारणले गर्दा ब्राह्मणका सम्पूर्ण थरहरु क्षत्रीका पनि थर हुन्छन् ।

वि.सं. २०५३ मा कास्की, जिल्लाको केही क्षत्री अगुवाहरुद्वारा सानो संगठनको रुपमा संगठित 'क्षत्री काजी समाज' २०५५ सालमा आएर 'क्षत्री समाज नेपाल' को नाममा कास्की जिल्लामा दर्ता भएको हो । यो सामाजिक प्रकृतिको संस्था हो । वर्तमानमा यस समाजको केन्द्रीय समिति २५ सदस्यीय छ । यो समाज विगतमा सिमित रुपमा केही सामाजिक कार्यहरु गर्दै आए पनि वर्तमान(२०६२/०६३) मा आएर आफ्नो खस क्षत्री जातिको जातीय पहिचान, अधिकार प्राप्ति र आत्मसम्मानको लागि संगठित भएर राज्य समक्ष, स्पष्ट मागहरु राख्दै आन्दोलित भइरहेको छ ।

नेपालको अन्तरिम संविधाधन २०६३ को भाग ७ धारा ६३ (४) तथा संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा क्षत्री जातिलाई 'अन्य' को सूचीमा राखी पहिचान विहिन बनाइएको छ । धार्मिक ग्रन्थहरु अनुसार क्षत्री जातिको दश हजार वर्ष पहिलाको र ऐतिहासिक तथ्यहरुद्वारा सात हजार वर्षको इतिहास भएको प्रष्ट हुन्छ । यसरी आदि कालको आदिवासी क्षत्री जातिलाई 'अन्य' को सूचीमा संविधानमा नै राखिएको साथै क्षत्री जाति, आर्थिक, सामाजिक र राजनैतिक आधारमा कमजोर हुँदाहुँदै पनि आरक्षणको सुविधाबाट वन्चित देखिन्छ, यो नै क्षत्री समाज नेपालको आन्दोलनको मुख्य कारण हो । यसको अलवा २०६२/०६३ पछाडि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डताभन्दा जाति, धर्म, भाषाका कुरा अगाडि आएको कारण राष्ट्रिय अखण्डता र जातीय सद्भावमा खलल् पुग्ने देखेर त्यसलाई रोकी जातीय सद्भाव कायम गरी, राष्ट्र र राष्ट्रियता बचाउन क्षत्रीहरुले आफ्नो आन्दोलन अगाडि बढाएको देखिन्छ । यो पहिचानको आन्दोलनमा 'क्षत्री समाज नेपाल' ले "राष्ट्रिय अखण्डता र जातीय सद्भावका निम्ति क्षत्री एकता आजको आवश्यकता" भन्ने नाराका साथ निर्धारित समयमा हाम्रो र राम्रो संविधान बनाउनु पर्ने, राज्यको

पुनसंरचना जाति, भाषा र धर्मको आधारमा गर्न नहुने, क्षत्री जातिलाई अन्तरिम संविधानमा नै अन्यको सूचीमा राखिएकोले 'अन्य' को सूचीबाट हटाई, आदिवासी जातिमा सुचीकृत गर्नुपर्ने, जातीय आरक्षण खारेज गरी वर्गीय आरक्षणको व्यवस्था गर्नु पर्ने, राज्यको हरेक अंग र तहमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गर्नु पर्ने मुद्दाहरु अगाडि बढाएको छ साथै संविधानसभाद्वारा निर्माण प्रक्रियामा रहेको संविधानमा 'क्षत्री समाज नेपाल' ले आफ्ना अवधारणाहरु स्पष्ट रुपमा राखी, आफ्ना मुद्दा सम्बोधन गर्न दवाव सृजना गरिरहेको छ ।

## ७.२ निष्कर्ष

जनसंख्याको हिसाबले देशको सबैभन्दा ठूलो जाति, प्राचिनतम इतिहास, समृद्ध भाषा, लिपि तथा संस्कृति आदि हुँदाहुँदै खस क्षत्री जातिले ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछाडि राष्ट्र, राष्ट्रियता र राष्ट्रिय अखण्डता भन्दा जाति, भाषा तथा धर्मलाई महत्व दिएर देशमा सदियौदेखि रहेको जातीय सदभाव खलल् पुग्ने तथा राष्ट्रियता समाप्त हुने स्थिति देखेर आन्दोलनमा उत्रिएको देखिन्छ । यसका साथै नेपालको अन्तरिम संविधान २०६३ को भाग ७ धारा ६३ (४) मा तथा संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा ३ मा विभिन्न प्रमाणका आधारमा आदिवासीमा सुचीकृत गरिनुपर्ने खस क्षत्री जातिलाई 'अन्य' को सूचीमा राखिएको छ जसको कारणले जनसंख्याको अनुपातमा क्षत्री जातिको राज्यका तह र तप्कामा प्रतिनिधित्व हुन सकेको छैन । सामाजिक, आर्थिक, राजनीतिक आधारमा खस क्षत्रीहरुको कमजोर अवस्था भएर पनि राज्यको आरक्षणको सुविधाबाट वञ्चित रहेको छ, जसले गर्दा क्षत्री जातिमा नकारात्मक प्रभाव परेको देखिन्छ, जुन क्षत्री जातिको आत्मसम्मान र पहिचानसँग जोडिएको छ ।

वास्तवमा जातजातिहरुले विगतमा प्राप्त भएको आत्मसम्मान, पहिचान गुम्ने अवस्था तथा आफ्नो जातिको वास्तविक इतिहास, अवस्था, परिस्थिति आदिको सरोकारवाला, राज्यपक्षबाट स्पष्ट अध्ययन, मूल्याङ्कन नगरी विश्लेषण गरेर, गरिने व्यवहारको कारण जातजातिको आफ्नो पहिचानको राजनीति गर्दछन् ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, विपिन (२०६८), *नेपालका खस जाति, नेपाल कन्सल्टिङ्ग, लयर्स,* ईन्क न्यूप्लाजा, काठमाडौं ।

अधिकारी, सूर्यमणि (२०६१), *खस साम्राज्यको इतिहास,* भूँडिपूराण प्रकाशन, बागबजार, काठमाडौं ।

कुँवर, धनबहादुर (२०६६), *नेपालका वास्तविक आदिवासी : खस क्षत्री, क्षत्री आवाज,* क्षत्री समाज नेपाल, पोखरा ।

के.सी., सुरेन्द्र (२०६७), *जातीय राज्य औचित्यहिन, स्वभिमान,* क्षत्री समाज नेपाल, पोखरा ।

के.सी., सुरेन्द्र (२०६५), *क्षत्री वंश र संविधान सभाको प्रश्न* (स्वाभिमान), पोखरा : क्षत्री समाज ।

खड्का, कुमार (२०६६), "आदिवासी जनजाति यथार्थ र भ्रर्म", *क्षत्री आवाज,* क्षत्री समाज नेपाल, काठमाडौं ।

खड्का, कुमार (२०६८), *क्षत्री जातिका थरहरु,* स्वाभिमान, क्षत्री समाज नेपाल, पोखरा ।

खस क्षत्री सन्देश (२०६६), वर्ष १, अंक १ ।

*निर्माण प्रक्रियामा रहेको संविधान बारे क्षत्री समाज नेपालको अवधारणा* (२०६७), क्षेत्री समाज नेपाल ।

नेपाल, ज्ञानमणि (२०५२), *भीमसेन थापा खस क्षत्री हुन्,* अभियान, काठमाडौं ।

पोखरेल, बालकृष्ण (२०५५), *खस जातिको इतिहास,* अड्डी प्रकाशन, विराटनगर ।

बिष्ट, डोरबहादुर (२०३०), *सबै जातको फुलवारी,* साझा प्रकाशन, काठमाडौं ।

मिश्र, चैतन्य (२०६६), “अध्यारोमा ढुङ्गा हानेर बनाइदै छ संघिय नेपाल”, *नयाँ पत्रिका राष्ट्रिय दैनिक,* वर्ष ३, अंक २४९, १२ पौष ।

योगी, नरहरीनाथ (२०५५), *इतिहास प्रकासमा सन्धि पत्र संग्रह,* प्यूठान प्रकाशन, प्यूठान ।

राष्ट्रिय जनगणना (२०५८), *केन्द्रीय तथ्याङ्क विभाग,* काठमाडौं ।

स्वाभिमान (२०६८), *क्षत्री समाज नेपाल,* कास्की ।

सुवेदी, भिमप्रसाद (२०६८), *राज्य पुनसंरचनाका भौगोलिक जटिलता,* कान्तिपुर राष्ट्रिय दैनिक, २४ वैशाख ।

शर्मा, शरदचन्द्र (२०४५), *नेपाल र यसका बासिन्दा,* नेपाल सरकार संचार मन्त्रालय ।

क्षत्री, दिलबहादुर (२०६६), *आदिवासी खस क्षत्री, क्षत्री आवाज,* क्षत्री समाज नेपाल, पोखरा ।

क्षत्री, कालिदाशबहादुर (२०६४), *आदिवासी खस क्षत्रीको नालिवेली, क्षत्री उदगार,* क्षत्री राष्ट्रिय महासंघ, काठमाडौं ।

*क्षत्री समाज नेपालको विधान* - २०६५ ।

क्षत्री आवाज (२०६६), *क्षत्री समाज नेपाल,* पोखरा ।

Central Bureau of Statistics (CBS) (2001), *Population Census - 2001.*

Gray, John (2009), *Occasional Paper in Sociology and Anthropology. The Anthropology of Tacit Knowledge in the Domestic Mandala: A Case Study of Chhetris in the Kathmandu Valley,* Central Department of Sociology and Anthropology, T.U., Kirtipur, Kathmandu.

Population Reference Bureau (PRB) (2009), *World Population Data Sheet - 2009,* Washington DC: PRB.

Sarma, Prayag Raj (2006), *The State and Society in Nepal. The Matawali Chhetris of Western Nepal,* Himal Books Publication, Kathmandu.

United Nations Development Program (UNDP) (2009), *Nepal Human Development Report - 2009,* Kathmandu: UNDP.

www.kshatreesamajnepal.com.np

# अनुसूची - १

## प्रश्नावली

(क) व्यक्तिगत विवरण

१) नाम :- ...................................................

२) पद :- ................................

३) उमेर :- ................................

४) पेशा :- मुख्य ................................/ सहायक ..............................

५) लिङ्ग :- पुरुष / महिला

६) शिक्षा :- ................................

७) भाषा :- ................................

८) धर्म :- ................................

९) जन्मस्थान :- ................................

१०) हालको बसोबास स्थान :- ................................

# अनुसूची - २

## प्रश्नावली

१) क्षत्री समाज नेपाल कस्तो खालको संगठन हो ?

(क) सामाजिक (ख) राजनैतिक (ग) अन्य ......................

२) तपाई के उद्देश्य राखेर क्षत्री समाज नेपालमा आवद्ध हुनु भएको हो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

३) क्षत्री समाज नेपालको आन्दोलनका मुख्य मुख्य कारणहरु के-के हुन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

४) किन खस क्षत्रीहरुले ऐतिहासिक जनआन्दोलन २०६२/०६३ पछि मात्र संगठित भएर आवाज उठाएका हुन ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

५) खस क्षत्रीहरु किन एउटै संगठनमा संगठित हुन नसकेका हुन ?

(क) वैचारिक फरकले (ख) पदलोलुपताले

(ग) राजनैतिक पाटिका प्रभावले (घ) अन्य ...............................

६) हाल सम्म क्षत्री समाज नेपालले आफ्नो आन्दोलन सफल बनाउन कस्तो-कस्तो क्रियाकलाप गर्दै आएको छ ?

उत्तर : ..........................................................................................................

.................................................................................................................

७)　खस क्षेत्रीको पहिचानका आधारहरु के-के हुन् ?

उत्तर : .................................................................................................................

.................................................................................................................

८)　वर्तमानमा आएर क्षत्रीहरुलाई पहिचानको संकट परेको हो ?

(क) हो　　　　(ख) होइन

९)　हो भने कसरी पहिचानको संकटमा परेको हो भन्न सक्नुहुन्छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

१०)　तपाइहरुको पहिचानको राजनीति सफल हुने ठोस आधारहरु के-के छन् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

११)　तपाइहरुले उठाएका मागहरु राज्यले कसरी सम्बोधन गर्न सक्छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

१२)　तपाइहरुले उठाएका मागहरु राज्यले सम्बोधन नगरेमा के गर्नु हुन्छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

१३)　खसक्षत्री र ब्राम्हण आन्दोलन विच के-के फरक छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

१४)　खस क्षत्री र ब्राम्हण आन्दोलन विच के-के समानता छ ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

१५)　क्षेत्री समाज नेपालले ब्राम्हण समाज नेपालसँग कुन आधारमा कार्यगत एकता भएको हो ?

उत्तर : ..........................................................................................................

.............................................................................................................

१६) के ब्राम्हणहरुको कारणले क्षत्रीहरु पछाडी परेका हुन ?

(क) हुन (ख) होइनन्

१७) हुन भने किन कार्यगत एकता गर्नु भएको हो ?

उत्तर : .............................................................................................................

.............................................................................................................

१८) क्षत्री समाज नेपालको, राज्यबाट सुचीकृत आदिवासी जनजातिसँग कस्तो सम्बन्ध राख्दछ ?

(क) मित्रवत (ख) शत्रुवत

१९) संघिय राज्यप्रणालीका सम्बन्धमा क्षत्री समाज नेपालको धारणा कस्तो छ ?

उत्तर : .............................................................................................................

.............................................................................................................

२०) नेपालको अन्तरिम संविधान २०६३ मा खस क्षत्री जातिलाई 'अन्यको' सूचीमा सूचीकृत गरिएकाृ छ । तपाइहरुको आन्दोलनबाट क्षत्रीहरु आदिवासीमा सूचीकृत हुन्छन् ?

(क) हुन्छन् (ख) हुदैनन

२१) आदिवासीमा क्षत्रीहरु सूचीकृत हुनु पर्ने आधारहरु के-के छन् ?

उत्तर : .............................................................................................................

.............................................................................................................

२२) जातिय आन्दोलन प्रति राष्ट्रि अन्तराष्ट्रिय दृष्टिकोण कस्तो रहेको छ ?

उत्तर : .............................................................................................................

..............................................................................................................

२३) जातिय राजनितीले देश विखण्डन हुदैन ?

(क) हुन्छ (ख) हुदैन

२४) 'राष्ट्रिय अखण्डता र जातिय सद्भावका निम्ति, क्षत्री एकता आजको आवश्यकता' भन्ने तपाइहरुको नारा छ । यो नारा सफल हुने आधारहरु के-के छन् ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

२५) क्षत्रीहरु आफ्नो पहिचानको राजनीतिबाट कसरी अन्य जातिसँग सदभाव कायम गर्न सक्छ ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

२६)　राज्यको आरक्षण प्रणालीका सम्बन्धमा क्षत्री समाज नेपालको कस्तो धारणा छ ?

उत्तर : ..........................................................................................

..........................................................................................

२७)　निर्माण प्रक्रियामा रहेको संविधानमा क्षत्री सभासदहरुको कस्तो भूमिका होस भन्ने चाहनु हुन्छ ?

उत्तर : ..........................................................................................

..........................................................................................

२८)　२०६२/६३ भन्दा अगाडी किन क्षत्रीहरुको पहिचान को राजनीति नचलेको हो ?

उत्तर : ..........................................................................................

..........................................................................................

२९)　अहिले (२०६२/६३पछाडी) कस्तो विशिष्ट परिस्थिति सृजना भयो र क्षत्रीहरुले पहिचानको राजनीति सुरु गरेका हुन् ?

उत्तर : ..........................................................................................

..........................................................................................

३०)　क्षत्रीहरुको आन्दोलनलाई सफलताको विन्दुमा पु-याउने भावि कार्यक्रमहरु के-के छन् ?

उत्तर : ..........................................................................................

..........................................................................................